प्रचण्ड परिवारमा विरासतको टक्कर

आइतबार • २५ चैत २०७४ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

कालो धन

कसरी आउँछ कहाँ जान्छ ?

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
GUARANTEE
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
OYSTER
NS:191
IS : 1786
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP
अम्बे सिमेन्ट
गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान
अम्बे सिमेन्ट
यो देशको शिर, उच्च राख्दै...
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY
50 KG
NETT
WHEN PACKED
ISO 9001:2000 CERTIFIED COMPANY
UKAS
43-A
DO NOT USE HOOKS
W M Y
70
अम्बे सिमेन्ट
Portland Pozzolana Cement
नेपालमा बनेको
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल
50 KG
NET WT.
WHEN PACKED
AMBE CEMENT
AMBE CEMENT
PPC
Made in
Nepal
AMBE CEMENT (P.) LTD.
Parsa, (Nepal)

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Active Deo
Mint, Camphor
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा सानो A.C.

भित्र

आइतबार, २५ चैत २०७४ (वर्ष १८, अंक ३४)
NEPAL National Weekly, 8 April 2018 (Vol. 18, No.34)

नेपाल
www.nepal.ekantipur.com

...अनि पूर्णमाया जेनेभातिर

विशेष रिपोर्ट १६

१४ अपराध
बलात्कार अनुसन्धानमा आनाकानी

२४ आवरण
अनर्थतन्त्रको जालो

३२ राजनीति
प्रचण्ड उत्तराधिकारको प्रतिस्पर्धा

३८ संगीत
चार रक ब्यान्डको सिल्भर जुब्ली

५४ झल्याकझुलुक
साम्राज्ञीको स्वीकारोक्ति
विरक्ति मात्र

४४ व्यक्तिचित्र
प्रवीण अधिकारीको समय

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), स्मरण (७), सोझै (९), परिहास (१०), तीन पुस्तक (४७), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), अचानक (५७), नोटबुक (५८)

तथ्य/टिप्पणी : हरिबहादुर थापा १२
(अ) सहमति : भास्कर गौतम २०
विमर्श : रमेश केसी २३
परदेशबाट : विश्वास हमाल ३६

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **साहित्य/कला** : रमण घिमिरे **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम
कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : १८ चैत २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

कांग्रेसमा पुनर्जीवन जरुरी

कांग्रेस : कायाकल्पको पर्खाइ

चार दशकदेखि नेपाली कांग्रेसमा सक्रिय पार्टी सभापति शेरबहादुर देउवाको उमेर पाको बने पनि राजनीति भने परिपक्व हुन नसकेको देखियो *(कोमामा कांग्रेस, १८ चैत)*। चार-चारपटक कांग्रेसको नेतृत्व गरी प्रधानमन्त्रीको कार्यभार सम्हाले पनि देउवा पार्टी सञ्चालनका लागि सबै कार्यकर्ताको साटो सीमित घेरा र स्वार्थी समूहमा फस्दाको कारण नै अहिलेको अवस्था आएको हो। मुलुकमा विसं ००८ देखि ०६३ सम्म राजनीतिक आन्दोलन र प्रजातन्त्रका लागि पटक-पटक नेतृत्व लिएको कांग्रेस आफैंभित्र विभिन्न समूह, गुट-उपगुट, नातावाद र कृपावादमा फस्दा ०७४ मा भएका तीनवटै स्थानीय, प्रदेश र केन्द्रीय संसद्को चुनावमा नराम्ररी पराजय बेहोर्न बाध्य हुनुपरेको छ। स्थापनाको ७१ वर्ष पुगे पनि कांग्रेसजनमा लोकतन्त्रको रटाइबाहेक पार्टी सञ्चालनका लागि स्वस्थ पद्धति नबसालिनु विडम्बना हो। त्यसका लागि कांग्रेसले लिँदै आएको नीति, नेतृत्व र संरचना बदल्नु जरुरी छ।

● **दीपक घिमिरे**
गोठाटार, काठमाडौँ

सद्भावका मियो

धर्म, जाति, संस्कृति र सामाजिक बन्धन तोडेर अन्तरधार्मिक प्रेम सम्बन्धलाई विवाहमा परिणत गर्ने जोडीहरू समाजका लागि उदाहरणीय, सद्भाव र एकताका प्रतीक हुन् *(माया त यस्तो होस्..., १८ चैत)*। अझ मुस्लिम समाजमा रहेको कट्टर धार्मिक परम्पराको घेरा तोडेर हिन्दु धर्म अँगाल्ने पुरुष वा महिला जो-कसैले अन्य धर्म मान्नेसँग प्रेम गरी विवाह गर्नु समाज र संस्कृति रूपान्तरणको असल नमुना हो। धार्मिक घेरा तोडेर विवाहमा बाँधिएका नेपालगन्जका मेराज-लक्ष्मी, भरत-अकबरी, आलम-सीमा, सफिक-पिंकी, प्रवेज-मुन्नीजस्ता प्रेमिल जोडीले हिन्दु र मुस्लिम दुवै धर्ममा मनाइने चाडवाड संयुक्त रूपमा मनाउँछौं भन्दा झनै खुसी लाग्यो। नेपालका अन्य स्थानमा पनि यस्तै सामाजिक सद्भाव रहेका समाचार पढ्न पाइयोस्।

● **प्रदीप थारु**
तारातालं, बर्दिया

होलान् दुई वाम एक ठाम ?

हाल संसद्मा दुई तिहाइ बहुमतभन्दा बढीको समर्थन बटुलेर सरकार चलाइरहेको नेकपा एमाले र माओवादीबीच आउँदो ९ वैशाखमा पार्टी एकता हुने दाबी एमाले

उपाध्यक्ष वामदेव गौतमले गरेका रहेछन् *('मलाई किन छुटाइयो, दुई अध्यक्षलाई सोध्नूस्, १८ चैत)*। एमाले उपाध्यक्ष गौतमका भनाइ सापटी लिने हो भने पनि दुवै पार्टी मिलेर नेपालमा एउटै कम्युनिस्ट शक्ति बनाउने र ५० वर्षसम्म शासन गर्ने भित्री उद्देश्य रहेछ। तर, गौतमले भनेजस्तो दुवै पार्टी एक हुने छाँटकाँट अहिले बिस्तारै टाढिँदै गएको छ। एकीकृत माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले एमालेसँग एक हुँदा सग्लो पार्टीभित्र आधा-आधा हिस्सा चाहिने सर्त अगाडि सारेका छन्। वामदेवको ठोकुवा र दाहालको भनाइलाई कसरी बुझ्ने ?

● **रमेश न्यौपाने**
गुञ्जनगर, चितवन

दलीय स्वार्थका गोटी

नेपालको परराष्ट्र नीति अहिले पनि सत्तारुढ दलहरूको गोजीमा रहेको देखियो *(राजदूतमा राजनीति, १८ चैत)*। जुन दलको सरकार सत्तारुढ हुन्छ, उसैले आफ्ना 'खास' कार्यकर्तालाई राजदूत नियुक्त गर्दाको परिणाम हो यो। १ सय ५८ देशसँग कूटनीतिक सम्बन्ध कायम गरेको नेपालले हाल ३० मुलुकमा दूतावास, ६ मुलुकमा महावाणिज्य दूतावास र तीन स्थानमा राष्ट्रसंघीय नियोग खोलिसकेको छ। नेपालको प्रतिनिधित्व गरी विदेशी मुलुकका प्रतिनिधिका रूपमा काम गर्ने राजदूतजस्ता संवेदनशील पदमा परराष्ट्रविद्, अनुभवी र दक्ष व्यक्तित्वलाई चयन गर्नुको साटो सरकार फेरिएसँगै राजनीतिक पार्टी समर्थितलाई राजदूत बनाउँदा नेपालको परराष्ट्र सम्बन्ध कस्तो होला ? राजनीतिक दलहरूको ध्यान यतातिर जानुपर्दैन ?

● **ओजस्वी ज्ञवाली**
कीर्तिपुर, काठमाडौँ

जिपंसहरू नै हुलाकी

पञ्चायत विकास अधिकारी (पीडीओ) भएर विसं ०२० मा कास्कीमा कार्यरत हुँदाको कुरा हो। भर्खर पञ्चायत विकास मन्त्रालयबाट सरुवा भएर त्यहाँ पुगेको थिएँ। पञ्चायत विकास अधिकारी नै जिल्ला पञ्चायतको पदेन सचिव हुन्थ्यो। त्यतिबेला कास्की ५८ गाउँ र एक नगर पञ्चायतमा विभाजित थियो।

सदरमुकामदेखि दुई-तीन दिनसम्म टाढाका गाउँ पञ्चायतमा काम गर्न जम्मा १३ जना ग्रामीण विकास कार्यकर्ताको व्यवस्था थियो। तर, कर्मचारी ठग्ने प्रवृत्तिका। गाउँमा खटिनुपर्ने कर्मचारी सहर-बजारमै भेटिने। त्यसैले गाउँ पञ्चायतसित सम्पर्क गर्ने छुट्टै माध्यमको आवश्यकता महसुस भयो। त्यतिबेला मेरो कार्यालय कास्कीको माटेपानीमा थियो। त्यहीं नै एउटा अँध्यारो घरमा जिल्ला हुलाक कार्यालय पनि थियो।

हुलाक कार्यालयअगाडिका झ्यालमा चिट्ठीका चाङ मिलाएर राखेको देखें। लाहुरे धेरै भएको क्षेत्र भएको हुनाले भारत, मलेसिया, बेलायतबाट आएका वर्षौं पुराना चिट्ठी थिए त्यहाँ। मैले हुलाकका कर्मचारीसित सोध्दा गाउँलेहरू पोखरा झरेको बेलामा तिनीहरूको हातमा ती चिट्ठी गाउँमा पठाउने व्यवस्था रहेछ। गाउँबाट मानिस पोखरा झरेको नभेटिएपछि ती चिट्ठी त्यत्तिकै अलपत्र परेका रहेछन्। प्रत्येक दिन बिहान झ्यालमा राखेर बेलुका पुनः ती चिट्ठी-पत्र थन्क्याइँदो रहेछ।



गाउँ पञ्चायतले सञ्चालन गरेको सञ्चार व्यवस्थामा काम गर्दा हुलाक व्यवस्था र चिट्ठी-पत्रको समस्या समाधान हुने सम्भावना देखिनँ। त्यसैले गाउँ पञ्चायतहरूमा आधारित कास्की जिल्लाको 'आन्तरिक हुलाक सेवा' सञ्चालन गर्ने विचार गरें।

त्यतिबेला ०१९ मा खडा गरिएको गाउँ पञ्चायतसित न कुनै कार्यक्रम थियो, न त कुनै कार्यालय नै। त्यसैले गाउँ पञ्चायत नै पहिले राम्रोसँग सञ्चालन हुनुपर्ने देखें। तर, त्यसका लागि पहिले रकमकै खाँचो थियो। त्यतिबेला जिल्ला पञ्चायत कार्यालयको खर्च भनेको सरकारी विकास अनुदानका रूपमा जाने ६० हजार रुपियाँ मात्र थियो। त्यसैबाट जिल्ला विकासको काम गर्नुपर्थ्यो। अन्य कामका निम्ति केन्द्रसित थप पैसा माग्न सकिने अवस्था थिएन।

त्यतिबेला पञ्चायत विकास अधिकारीका साथै गाउँ पञ्चायतहरूलाई श्री ५ को सरकारका तर्फबाट कारबाही गर्ने निकायका रूपमा मेरो कार्यभार थियो। त्यसबेलाको गाउँ पञ्चायत अनि पञ्चायत ऐनमा आम्दानीको स्रोतका रूपमा स्थानीय मालपोतमा पाँच प्रतिशत थप कर लगाउन सकिने व्यवस्था थियो। मैले त्यही स्रोत परिचालन गरें। त्यतिबेला जिल्ला मालपोत कार्यालयले मालपोत उठाउन पोखराको विन्ध्यवासिनी मन्दिरमा हरेक वर्ष १ माघका दिन अड्डा तोक्थ्यो। मैले पनि सोही दिन जिल्ला पञ्चायतको एउटा डेस्क राखेर कर उठाएँ। त्यसपछि थुप्रै रकम जम्मा भयो।

कास्कीका ५८ गाउँ पञ्चायतलाई ११ क्षेत्रमा विभाजन गरिएको थियो र जिल्ला पञ्चायत सदस्यहरूको संख्या पनि त्यति नै कायम गरिएको थियो। पछि गएर तिनै क्षेत्र इलाकामा परिणत भए। त्यतिखेर जिल्ला पञ्चायत सदस्यहरूको खासै काम थिएन। धाक लगाएर हिँड्ने मात्र उनीहरूको काम थियो। त्यसकारण तिनलाई गाउँ पञ्चायततिर उत्तरदायी बनाउनुका साथै हुलाकीका रूपमा पनि प्रयोग गर्ने कार्यक्रम बनाएँ। र, त्यसै गरें।

क्षेत्रीय पञ्चायतको पियन पत्र लिएर जिल्ला पञ्चायतमा आउँथे। ५८ पञ्चायत प्रत्येकका लागि कार्यालयमा छुट्टै खोपा थियो। जिल्लाको हुलाक अड्डासित कुरा मिलाएर जिल्ला पञ्चायत कार्यालयमा बाहिर जाने चिट्ठी खसाल्ने एउटा ढ्वाङ पनि झुन्ड्याउन लगाएको थिएँ। जिल्ला हुलाकले विभिन्न पञ्चायतमा जाने बाहिरबाट आएका पत्र त्यही ५८ पञ्चायतको नाम भएको खोपामा राखिदिन्थ्यो र कार्यालयमा झुन्ड्याएको हुलाकको बाकसमा जम्मा भएका बाहिर जाने चिट्ठी बोकेर लैजाने काम गर्थ्यो।

५८ पञ्चायतका चिट्ठी क्षेत्रीय पियन हुँदै क्षेत्रसम्म पुग्थे र त्यहाँबाट गाउँ पञ्चायतका पियनले गाउँगाउँमा वितरण गर्थे। प्रत्येक साता एक दिन ११ क्षेत्रीय पञ्चायतका पियनले जिल्लासम्म आउनुपर्ने हुनाले ती व्यक्तिलाई महिनाको ७ रुपियाँ अनुदानको व्यवस्था पनि त्यही कर रकमबाट गरिएको थियो।

एक दिन कास्कीको मौजा गाउँ पञ्चायतले आयोजना गरेको एक कार्यक्रममा भाषण दिँदै थिएँ। मानिस भाषण सुन्न छाडेर गुरुरु दौडिएको देखें। मेरो भाषण त्यसरी किन बहिष्कार गरे भनी छक्क परें। तर, त्यहाँ आएको मानिस त्यही पञ्चायतको पियन रहेछन्। क्षेत्रीय पञ्चायतबाट गाउँका पत्र लिएर फर्केको मानिस देख्दा गाउँलेहरू त्यसरी झुम्मिन पुगेका रहेछन्। आफैंले स्थापना गरेको आन्तरिक हुलाक सेवा पूर्ण प्रभावकारी भएकामा मन प्रसन्न भयो। भाषण बहिष्कार गरेकामा पछुतो लागेन।

॥ प्रस्तुति : ईश्वरी ज्ञवाली

विदेशबाट

पानीको अभाव खेप्दै किसान

धनुषाका चन्द्रेश्वर यादवका लागि आफूसँग भएको चार रोपनी जमिन नै सबथोक हो । त्यसमा सिँचाइ गर्नका लागि पर्याप्त पानी भइदिएको भए उनी खानेकुरा किन्नुपर्ने समस्याबाट मुक्त हुन्थे । उनको जमिनदेखि ५० मिटर पर कमला सिँचाइ परियोजनाको कार्यालय छ । तर, उनको खेतसम्म पानी लाने कुलो खनिएको छैन । डिजेल पम्प लगाएर पानी तान्न उनले एक घन्टाको करिब चार सय रूपियाँ खर्च गर्छन् ।

करिब ४० वर्षअघि यस सिँचाइ परियोजनाको निर्माण कार्य सम्पन्न हुँदा नेपाल र भारत दुवैतिर विजयोत्सव मनाइएको थियो । सम्बन्धित निकायले त्यहाँको पानी प्रयोग गर्न त भन्यो । तर, प्रयोग गर्ने तरिका सिकाएन ।

भारतको बिहार राज्यका जनता मात्र यस परियोजनाबाट लाभान्वित भएका छन् । सन् १९५० को दशकमै पानीको प्रयोग दुवै देशमा गर्न पाउने भनी सन्धि गरिएको थियो । तर, सो सन्धिका अधिकांश बुँदा भारतका पक्षमा रहेको नेपालका किसानहरू बताउँछन् । नेपालका लागि भारतका पूर्वराजदूत राकेश सुदले भने सन्धि निष्पक्ष रहेको बताए । *अलजजिराका* लागि सुबिना श्रेष्ठले गरेको स्थलगत भिडियो रिपोर्टिङमा भनिएको छ, 'ती जमिनमा सिँचाइ गर्न मिल्ने भइदिएको भए मनग्गे अन्नबाली र नगदेबाली उब्जाउन सकिन्थ्यो ।' ◆

सुर-बेसुर



"गिरिजाबाबुले ०५१ मा मालेको सरकार ल्लुभयो । अहिले पनि सरकारले जथाभावी काम गर्दै गए कांग्रेस चुप लागेर बस्दैन । सरकार ढाल्ने शक्ति छ, कांग्रेसले फू गरे सरकार ढल्छ । प्रधानमन्त्री ओलीको कार्यशैली लोकतन्त्र नै समाप्त पार्ने मनसायको छ । मुलुक अधिनायकवादतर्फ उन्मुख भएको छ ।"

शेखर कोइराला
कांग्रेस नेता
कान्तिपुर

तस्बिरमा इतिहास

दीक्षान्तको दिन : त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा राजा महेन्द्रलाई गाउन लगाइदिँदै ।



तथ्यचित्र

विधिको शासनमा
कुन देश कति स्थानमा ?

स्रोत : विश्व न्याय परियोजना- २०१८ | इन्फोग्राफिक्स : यमन मानन्धर

सताका चर्चित

कञ्चन अमात्य

आयुषी केसी

*फोर्ब्स एसिया*ले एसिया प्यासिफिक क्षेत्रका लागि प्रकाशित गरेको '३० मुनिका ३०' सूचीमा पर्न सफल भएकाले । संस्थाले हरेक वर्ष कला, अर्थ, पत्रकारिताजस्ता १३ क्षेत्रमा विशिष्ट योगदान गर्ने ३० वर्षमुनिका ३० युवाको सूची प्रकाशन गर्छ । यस वर्ष सामाजिक उद्यमीमा कञ्चन अमात्य, २३, र आयुषी केसी, २८, उक्त सूचीमा परेका हुन् । अमात्य 'दिगो माछा खेती अभियान'की अभियन्ता हुन् भने केसी *खाली सिसी डटकम*की संस्थापक ।

ओलीको नयाँ नारा

प्रधानमन्त्री केपी ओलीलाई नारा फलाक्न कसले सक्ने ? कम्युनिस्ट सरकारको नारा त साकारै पारिसके, अब बिकाउ नारा ल्याएछन्, 'सिंगापुर होइन, नेपाल नै बनाउने ।' कमरेड ओलीको नयाँ नारा निकै रचनात्मक छ । हुन पनि स्वीट्जरल्यान्ड बनाउने नारा ओल्ड भर्सन भइसक्यो । सिंगापुर पनि त ओल्ड फेसन बनिसक्यो । त्यसैले नेपाललाई नेपाल नै बनाउने नारा समसामयिक छ । यो पनि सत्य हो कि ओली कमरेड नारा सच्याउन सिपालु छन् । सच्याउँदा-सच्याउँदा भोलि सिंगापुरलाई नै नेपाल बनाइदिने या स्वीट्जरल्यान्डलाई नै नेपाल बनाइदिने उद्घोष त नगर्लान् ?

■ **लाल कुमाल**

दाँत : कालो कि सेतो ?

फिल्म दुई *रूपियाँ*मा नायिका स्वस्तिमा खड्काले खैनी-चुरोटको प्रसंग निकालेकी के थिइन्, त्यसको असर स्वास्थ्य मन्त्रालयसम्मै पुगेछ । स्वास्थ्य राज्यमन्त्री पद्मा अर्यालले मन्त्रालयको मूलढोकाबाट भित्र खैनी-चुरोट लैजान प्रतिबन्ध नै ठोकिदिइन् । मन्त्रालयतिर सेवाग्राहीको खल्ती छामछुम गर्दा भेटिएका सुर्ती-चुरोट डस्टबिनमा फ्याँक्न थालिसकिएको छ । तर, यसो गर्दा डस्टबिनमा रहेका सुर्ती-चुरोट फेरि प्रयोगमा आउन पनि सक्छन् । त्यसैले मन्त्रीज्यू, बरू मूलगेटमा तैनाथ सुरक्षाकर्मीमार्फत सेवाग्राहीलाई स्वस्तिमाले झैं एक लाइन गीत पनि फर्माऊँ, 'सुर्ती-चुरोट खान्छौ कि दाँतै कालो छ ?'

■ **वाटरगेट उपाध्याय**

मान्छे कि रोबोट ?

काठमाडौंमा सोफिया रोबोट उत्रिएपछि उत्साह, उत्सुकता, रोमाञ्चका साथै भविष्यको चिन्ता छाउन थाल्यो । रोबोटले मान्छेले जस्तै, अझ मान्छेले भन्दा धेरै काम गर्ने, मान्छेले जस्तै बोल्ने भयो । मान्छे र मेसिनमा कुनै अन्तर रहेन आदि इत्यादि । कुरो यसो होइन, रोबोट र मान्छेमा भिन्नता पनि छन् । सोफिया रोबोटले सक्रिय भएर काम गर्न त हाइस्पिड इन्टरनेट पो चाहिने रहेछ । नभए त उनी जीवनहीन मेसिनबाहेक केही होइनन् । सक्कली मान्छेलाई सक्रिय हुन इन्टरनेट चाहिन्न क्यारे ! वाइफाई मात्र नहोस् न, मान्छेले चिया-खाजाको स्वाद पनि रमाइलोसँग चाख्न सक्छ, शौच गर्दा पनि आनन्द मान्न सक्छ । अरू मान्छेसँग भलाकुसारी गर्न सक्छ । दिएको काम गर्न सक्छ, दिएको माम खान सक्छ । बस्, जैविक मान्छेलाई वाइफाइबाट जोगाउनुपर्छ । मोबाइल र इन्टरनेटको भाइरसले भेट्यो भने बरू निष्क्रिय हुन्छ । यसमा भने विचार गर्नुपर्छ है !



■ **छुल्याहा गुरु**

हमला-शृंखला

वर्षौंदेखि पार्टीभित्र र बाहिरका विपक्षीविरूद्ध 'वाक्-हमला' गरेकै थिए केपी ओलीले । उहिले पार्टी फुट्दा वामदेव र सीपीलाई आच्छु-आच्छु पारे । माओवादी विद्रोह र लडाकूविरूद्ध प्रचण्डपथको सुरक्षित अवतरण नहुँदासम्म हमला गरिरहे । ०७२ मा

चीनलाई चाहिने चिह्न



एकताको ललीपप देखाएरै बहुमत ल्याएको वाम गठबन्धनमा झगडाको नयाँ विषय रहेछ, सूर्य चिह्न र 'जनयुद्ध' । यसले त एमाले र माओवादी केन्द्रबीचको पार्टी एकीकरणमै झमेला ल्याउलाजस्तो भयो । बन्दुक छोडेका बरा लडाकूहरू ट्वीटरको जंगलमा शब्दवाणको सहायताले लडिरहेछन् । वाम नेतृत्वलाई भर्जिन ब्वायको सुझाव छ- 'जुनयुद्ध'लाई ट्वीटर युद्धले र सूर्यलाई मंगल ग्रहले विस्थापित गरियोस् । सन् २०२० सम्म मंगल ग्रहमा बस्ती बसाल्ने लक्ष्य राखेको चीन पनि नयाँ चुनाव चिह्नबाट खुसी हुनेछ । बुर्जुवा बुद्धिजीवी र चीन खुसी हुनु वाम भाग्य चम्कनु हो । प्रिय, लाल कमरेडहरू ! यो सुझाव कति गहन छ भन्ने कुरा बेलैमा बुझौं ।

■ **भर्जिन ब्वाय**

भारतीय नाकाबन्दीमा नेपाली प्रधानमन्त्रीको कुर्सीबाट पाकिस्तानी प्रधानमन्त्रीसरह चुनौती दिए, भर्खरै ईयूको 'मिसिनरी' प्रतिवेदनविरुद्ध पनि त्यसै गरे । ओलीको वाक्-हमलाको सामना भाषणबाज प्रचण्डले त सकेनन्, शेरबहादुरको के कुरा ! माधवकुमार नेपाल र झलनाथ खनालहरू मैदानबाटै आउट भइसके । अब ठूला हमला सकिए क्यारे ! मुसहरका बालबालिकालाई विद्यालय भर्ना गरेर हमला गर्ने भन्दैछन्- सरकार अब अभियान हैन, हमला गर्छ ।

उसो भए हमलावाला धमलाको के हुन्छ ?

■ **महर्षि**

झटारो | **लक्ष्मण गाम्नागे**

ठोकेरै ठीक हुन्छ

हाम्रो देशका जनप्रतिनिधि, मन्त्री र नेताहरू पहिल्यैदेखि नै बलिया र झाँकी हुन् । संघीयता लागू भएर गाउँ-गाउँमा सिंहदरबार पुगेपछि त झन्-झन् पहलमान हुँदै जाँदैछन् । उनीहरू आफ्ना एजेन्डालाई मुड्की ठोकेरै लागू गराउन सक्षम छन् । देश र जनताको सेवामा स्थानीय तहमा पनि लात्ती-मुड्कीको प्रयोग हुन थालेको छ । यसको पछिल्लो उदाहरण सुनसरीमा देखियो । अस्ति भर्खरै दुहवी नगरपालिकाकी उपमेयर उर्फ स्थानीय निकायकी न्यायाधीश र उनका लोग्नेसमेत मिलेर एक वडाध्यक्ष र सदस्यलाई भकुरेर अनुकरणीय न्यायिक सेवा प्रदान गरेछन् ।

दुहवीमा जनप्रतिनिधिले जनप्रतिनिधिलाई नै ठोकेर तह लगाएको समाचार नसेलाउँदै उदयपुरको गाईघाटबाट अर्को क्रान्तिकारी समाचार आयो । गाईघाट इलाका वन कार्यालयका उपसचिवले राष्ट्रिय वनक्षेत्रमा डोजर चलाउन नदिएको भनेर केही जनप्रतिनिधिले उनलाई बेस्सरी भकुरेछन् । ती उपसचिवले डोजर चलाउन नदिएको मात्र होइन, जनप्रतिनिधिले वनक्षेत्रमा बाटो खन्न खटाएको डोजर चालकलाई समातेर थुन्ने दुस्साहस गरेछन् । चुनाव जितेर आएका जनप्रतिनिधिलाई सरकारी नियम सिकाउने ती अनुशासनहीन कर्मचारीलाई हाम्रा जनप्रतिनिधिहरूले लछारपछार पारेर, सर्ट उधारेर, प्यान्ट च्यातिदिएर, नङ्ग्र्याएर दुट्याएपछि बल्ल उनी ठेगानमा आएछन् र त्यहाँबाट कुलेलम ठोकेछन् ।

उसो त ठट्याएरै यस्ता छाडा कर्मचारीलाई तह लगाउने लोकतान्त्रिक अभ्यास उहिल्यैदेखि हुँदै आएको हो । केही वर्ष पहिला तत्कालीन वनमन्त्री मातृका यादवजीले आफ्नै मन्त्रालयका एक कर्मचारीलाई ठटाउँदै लगेर ट्वाइलेटमा थुनेको घटना ठोकतन्त्रको इतिहासमा एक कोशेढुंगा हो । किनभने, त्यो काण्डपछि आजसम्म एक जना कर्मचारीलाई पनि त्यसरी नर्ककुण्डमा दोहोऱ्याएर थुन्नुपरेको छैन । कर्मचारीहरू पूरै ठेगानमा आएका छन् । ठेगानमा नआएका फाट्टफुट्टले धुलाइ खाने क्रम छँदैछ ।

एक मन्त्रीज्यूले सरकारले थोत्रो गाडी दिएको भनेर गाडीलाई नै ठटाएकी थिइन् । मन्त्रीज्यूले ठोकेपछि त्यो गाडी बिग्रिनै छाड्यो भन्ने सुनियो । विभिन्न जिल्लामा सीडीओ र एलडीओहरू त सांसद, मन्त्री तथा नेताबाट कति ठटाइए कति ! त्यसरी पटक-पटक कर्मचारीलाई ठटाउँदा-ठटाउँदै उनीहरूमा सुधार आई देशबाट भ्रष्टाचार एवं ढिलासुस्ती कम भएको र मुलुकले विकासको गति लिएको हो भनेर सर्वेक्षणले भनिरहेका छन् ।

एउटा कुरा के प्रमाणित भएको छ भने हाम्रो मुलुकलाई अगाडि बढाउन यस्ता रामधुलाइको नै मुख्य भूमिका छ । कर्मचारी मात्र होइन, हामी सबै नागरिक नै ठोकाइबाटै आफ्नो साइजमा आएका हौं । घरमा बाबुआमादेखि स्कुलमा मास्टरका सिर्कना र लाठीका धुलाइ पचाउँदै हामी हुर्के-बढेका हौं । अलिअलि भए पनि काम लाग्ने भएका हौं । त्यसैले हाम्रो जात नढुट्याइ आँखा नदेख्ने, नठोकी अघि नबढ्ने जात हो ।

कांग्रेसका धेरै र कम्युनिस्टका अधिकांश नेताहरू पटक-पटक ठोकाइ खाएर सत्तामा पुग्न सफल भएका हुन् । नामै लिनुपर्दा प्रहरी, गुन्डा र मण्डलेहरूबाट मनग्गे धुलाइ खाएर नै हालका प्रधानमन्त्री ओली यत्तिका सक्षम र सफल भएका हुन् । गिरिजाबाबुले रत्नपार्कमा पुलिसको डन्डा खाएपछि नै उनको व्यक्तित्वले युटर्न लिएर उनी नेपाली राजनीतिमा नायक बनेका र मर्ने बेलासम्ममा अपार लोकप्रियता हासिल गरेको उदाहरण हाम्राअगाडि झलझली छ ।

त्यसैले नेता, मन्त्री, जनप्रतिनिधि आदिबाट ठोकाइ खाँदैमा कर्मचारीले वा कसैले पनि अपमानित महसुस गर्नुपर्दैन । बरू त्यसलाई आशीर्वाद सम्झनुपर्छ । त्यस्तो आशीर्वादको फल अवश्य प्राप्त हुनेछ ।

तथ्य/टिप्पणी

॥हरिबहादुर थापा

जहाँतहीँ बिचौलिया

कुशासन र सामाजिक विचलनका मतियारहरू भ्रष्ट, डन, माफिया, तस्कर शब्दोच्चारणकै लहरमा अचेल अत्यधिक मात्रामा जोडिन्छ, 'बिचौलिया'। नेपाली समाजमा बिचौलिया प्रवृत्ति कुनै न कुनै रूपमा सनातनी कालदेखि अन्तर्घुलित थियो, केवल त्यसको न्वारान भएको थिएन।

जसरी पञ्चायतको उत्तरार्द्धमा राजनीति र समाजमा भूमिगत गिरोह पदावलीले राज गरेको थियो, त्यसरी नै पछिल्लो दशकमा बिचौलियाले समाजलाई तरंगित तुल्याएको छ। कानुनी तथा संवैधानिक कुनै दायित्व नभएका पात्रहरूको शासनमा जगजगी बढेको दृश्यलाई चित्रण गर्ने क्रममा भूमिगत गिरोह शब्द प्रचलनमा आएको थियो। खासमा राजपरिवारका सदस्य, तिनका नातागोता र तिनीहरूसँग घाँटी जोडिएका पात्रहरू, जो प्रत्यक्ष शासकीय पदमा थिएनन् तर तिनले अत्यधिक मात्रामा शक्ति खेलाएको र अनुचित लाभ लिएको दृश्यलाई भूमिगत गिरोहको रूप दिइएको थियो। दलविहीन निरंकुश पञ्चायतकाल त्रासद समय थियो। कसैले पनि गिरोह सदस्य-मण्डलभित्रका पात्रहरू को-को भनी खुलाउन सक्ने अवस्था थिएन। यहाँसम्म कि पञ्चायती व्यवस्थाको अन्त्यपछि पनि ती पात्रहरूका पत्र खुलेनन्। गिरोहका पात्रहरू शक्तिशाली भएपछि डरमै भूमिगत रहे।

त्यही रूपमा केही वर्षयता बिचौलियाको जालो फैलिँदो छ। उतिखेर भूमिगत गिरोहभित्र शक्तिसम्पन्न मात्र थिए। तर, बिचौलिया शैली माथिदेखि तलसम्म झाँगिएको छ। त्यही कारण छोटो समयमै धेरैको मुखमा बिचौलिया शब्द झुन्डिन पुगेको हो। यद्यपि, कसैले पनि तिनको पहिचान खुलाएको पाइँदैन। अर्थात्, बिचौलियाहरू भूमिगत गिरोहका सदस्यझैं डरलाग्दा र शक्तिशाली भएका कारण नखुलाएका हुन सक्छन्।

बिचौलिया लोकतन्त्र बहालीपछि धेरै चल्तीमा आएको शब्द हो, जसका न्वारानकर्ता हुन्, सर्वोच्च अदालतका पूर्वअस्थायी न्यायाधीश प्रकाश वस्ती। सर्वोच्च अदालत बारले ०६४ मा अदालतको जनआस्था अभिवृद्धि गर्ने उपाय खोजी गर्न वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालको संयोजकत्वमा एउटा कार्यदल बनाएको थियो, जसका सदस्य अधिवक्ता प्रकाश वस्ती पनि थिए।

उतिखेर न्यायिक धरोहरभित्र झाँगिदो क्रममा रहेको भ्रष्टाचार, घुसखोरी र बदमासी पहिचान गरी सुधार उपाय खोज्न कार्यदल बनेको थियो। तर, न्यायालय अध्ययनसँग भ्रष्टाचार र घुस जोड्दा नकारात्मक सन्देश जाने तर्कसहित जनआस्था अभिवृद्धि कार्यदल नामकरण गरियो। जुन अध्ययनले न्यायालयभित्रका सम्पूर्णखाले विकृति-विसंगति उजागर मात्र गरेन, बिचौलियाको प्रकृतिसम्म ठम्यायो।

उनीहरूको अध्ययन न्यायालयको हकमा मात्र सीमित थियो। त्यसो हुँदा न्यायालयसँग जोडिएका बिचौलिया मात्र उजागर भए। त्यही अध्ययनले बिचौलियाले घुस खुवाउन झगडियासँग एउटा बास्केट फन्ड बनाएको तथ्यसमेत पत्ता लगाएको थियो। मुद्दा जिल्ला, पुनरावेदन, सर्वोच्च जहाँ भए पनि त्यही फन्ड परिचालित गर्नेसम्मका विकृति भित्रिएका थिए । त्यो अध्ययनले न्यायिक निकायमा १७ किसिमका मुख्य र १२ प्रकारका सहायक गरी २९ किसिमका बिचौलिया सक्रिय रहेको देखाएको थियो। जसमा पूर्व र बहालवाला न्यायाधीश, अदालतका पूर्व र बहालवाला कर्मचारी, कानुन व्यवसायी र तिनका सहयोगी, मुद्दा खरिद-बिक्री गर्ने गिरोह, राजनीतिक कार्यकर्ता, समाजसेवी, न्यायाधीशका गार्ड, पुरेत, बगैँचे, मित्र, भान्से, ड्राइभर, अर्दली र नातेदार पर्छन्। त्यस अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, न्यायाधीशद्वारा नियुक्त कमिसन एजेन्ट, इजलास अधिकृत, न्यायाधीशका परिवार तथा छिमेकी, शक्तिमा आसीन व्यक्ति, मुद्दाको पक्ष स्वयं, न्यायाधीश सिफारिस र नियुक्तिकर्ता, बार एसोसिएसनका नाइकेहरू र न्यायाधीशकहाँ सामान आपूर्तिकर्ताले बिचौलियाको भूमिका खेलिरहेको तथ्य उजागर गरेको थियो।

वस्तीका अनुसार सहरमा एकपटक हवात्तै जग्गाको भाउ घट्यो र जग्गा दलालीहरूको ठूलै जमात विकल्प खोज्ने क्रममा अदालत छिरे। तिनीहरूले ठूला झगडिया पहिचान गरी फकाउने, वकिलकहाँ पुर्‍याउने काम मात्र गरेनन्, न्यायाधीशलाई समेत प्रभावित गर्न सक्छु भन्ने विश्वास दिलाउँदै लाभ लिने होड चलाए। त्यस्तो लाभ लिने क्रम बढ्दै गयो। त्यसरी नै बिनालगानी अत्यधिक लाभ चाहने वर्गले फराकिलो रूप लियो। यहाँसम्म कि दुवै पक्षका झगडियासँग रकम लिने र हार्ने पक्षलाई फिर्ता गर्नेसम्मका खेल चले।

बिचौलियाको यस्तो दृश्य उतारेको एक वर्षपछि वस्ती आफैँ सर्वोच्च अदालतको अस्थायी न्यायाधीश नियुक्त भए। ३२ वर्ष कानुन व्यवसायको अनुभवसँगै उनी न्यायाधीश भएका थिए। तर, उनको स्थायी-प्रक्रिया अल्झियो। म्याद थपिँदै, अवधि लम्बिँदै थियो। त्यही क्रममा न्यायालयसँग कुनै नाता-सम्बन्ध नगाँसिएका बिचौलियाहरूले उनैलाई धम्कीको भाषा प्रयोग गर्न थाले, 'स्थायी न्यायाधीश बन्नु छ कि छैन ?' उनले त्यस्ता बिचौलियाहरूसँग सम्बन्ध गाँस्न चाहेनन्। अन्ततः उनै वस्तीसहित पाँच अस्थायी न्यायाधीशले पाँचवर्षे

अस्थायी न्यायाधीशबाटै बाहिरिनुपर्‍यो, न्यायिक धरोहरबाट अन्याय र अपमानको अमिलो चाखेर। जबकि, सर्वोच्चमा स्थायी न्यायाधीश पद खाली थिए। बिचौलियाहरूको दुष्चक्रभित्र न्यायपरिषद् फसेपछि अप्रत्यासित घटना भइरहने ठान्छन् उनी।

सर्वोच्च अनुमोदित 'बिचौलिया'

कानुन व्यवसायी पृष्ठभूमिकै अनुपराज शर्मा २८ कात्तिक ०६६ मा प्रधानन्यायाधीश भए, त्यही दिन न्यायालयलाई विकृतिविहीन बनाउने प्रतिबद्धतासहित बिचौलिया न्यूनीकरण गर्ने नीति उद्घोष गरे। त्यसका निम्ति रणनीतिमूलक अध्ययन गर्न वरिष्ठ न्यायाधीश रामप्रसाद श्रेष्ठको संयोजकत्वमा न्यायाधीशत्रय खिलराज रेग्मी, गिरीशचन्द्र लाल र वस्ती सदस्य तोकिए। त्यतिखेर वस्तीले आफूलाई लखेट्न बिचौलिया गिरोह सक्रिय रहेको हुँदा कार्यदलमा नराख्न आग्रह गरेका थिए। प्रधानन्यायाधीश शर्मासामु उनको शब्द थियो, 'बिचौलिया विकृति उजागर गरेपछि खेद्नेहरू झन् संगठित हुन्छन् र मविरुद्ध उत्रिन्छन्।' तर, शर्माले वस्तीको अनुरोध स्वीकारेनन्।

न्यायिक कार्यदलसँग बारमा सीमित बिचौलिया शब्द न्यायालयमा प्रवेश गर्‍यो। न्यायपालिकालाई बदनाम तुल्याउने कारकतत्त्व बिचौलिया भएको तथ्य पनि पनि स्वीकार गर्‍यो, न्यायिक प्रतिवेदनले। 'बिचौलिया एउटा विकृत व्यवसायका रूपमा हुर्किंदो छ। अदालतमा भ्रष्टाचार व्याप्त छ र भ्रष्टाचारबिना कुनै पनि काम हुँदैन भन्ने सन्देश प्रवाह गर्न यो वर्ग उद्यत रहेको छ,' न्यायिक कार्यदलको प्रतिवेदनमा उल्लिखित वाक्य छ, 'बिचौलिया नियन्त्रण गर्न सकिए न्यायपालिकाभित्रका विकृति धेरै हदसम्म नियन्त्रित हुन पुग्नेछन्। यसका लागि मूलतः न्यायाधीश भ्रष्ट छैनन्, न्यायाधीशलाई प्रलोभित पार्न सकिँदैन भन्ने कुरा मन, वचन र कर्मले स्थापित गर्न आवश्यक छ।'

> **संस्थागत रूपमा सर्वाधिक फस्टाएको क्षेत्र हो– बिचौलिया उद्योग।**

अर्थात्, बिचौलिया अत्यन्त खराब प्रवृत्ति भएको तथ्यमा स्वयं न्यायाधीश सचेत छन्। न्यायिक मन भएका र असल उद्देश्य बोकेका न्यायिक नेतृत्व बिचौलियालाई ढोका बन्द गर्छन्। न्याय महँगो हुनुमा बिचौलियालाई कारक ठानिँदैछ।

'बिचौलिया कस्ता हुँदा रहेछन्?' केही दिनअघि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीसँग यो प्रश्न राख्दा जवाफ आयो, 'अनेक प्रकारका र अनेक बहानामा भेट्न खोज्ने। यहाँसम्म कि धार्मिक कार्यक्रममा निम्ता दिन आउनेसम्म बिचौलिया निस्किए। मैले चिनिएका बिचौलियालाई अदालतमा पस्नै नदिनू भनेर रोक लगाएँ। न्यायाधीशले त्यस्तालाई भेटेपछि बिचौलिया सलबलाइहाल्छन्।'

हालै मात्र नेपालगन्जको चर्किंदो गर्मीमा न्यायालयको खराबी खोज्ने बहसमा नेपाल बारका कानुन व्यवसायीले धेरै समय खर्चे। उनीहरूमध्ये धेरैजसोले बिचौलियाको न्यूनीकरण हुनैपर्ने धारणा पोखे। तिनकै विचार संग्रहीत गरी जारी २८ बुँदे नेपालगन्ज घोषणापत्रमा बिचौलिया पनि परेको छ। घोषणापत्रमा उल्लिखित वाक्यांश यस्तो छ, 'न्यायपालिकाको नेतृत्वबाट समेत न्यायपालिकामा व्याप्त भ्रष्टाचार निर्मूल गर्ने प्रतिबद्धता व्यक्त गर्दै आए पनि भ्रष्टाचार न्यूनीकरण हुनुको साटो झन्-झन् बढ्दै गएको जनगुनासो रहेको सन्दर्भमा निश्चित न्यायाधीश, कर्मचारी, कानुन व्यवसायी र बिचौलियाहरूको मिलेमतोमा भइरहेको भ्रष्टाचार निर्मूल गर्न विद्यमान संयन्त्रलाई प्रभावकारी बनाउन प्रधानन्यायाधीश, न्यायपरिषद्, न्याय सेवा आयोग र कानुन व्यवसायी परिषद्समक्ष यो सम्मेलन जोडदार माग गर्छ।' सँगै न्यायाधीशलाई मुद्दा तोक्दा 'राफल चिट्ठा' पद्धति अपनाउनुपर्ने मागसमेत परेको छ। अर्थात्, प्रधानन्यायाधीश या मुख्यन्यायाधीशले अमूक न्यायाधीशलाई अमूक मुद्दा तोक्दा चलखेल हुन सक्ने स्थिति अन्त्य गर्न 'गोला प्रथा'मा जानु उचित हुन्छ भन्ने उनीहरूको माग छ।

न्यायालयकै चौघेरोमा दिन बिताउनेहरूलाई बिचौलिया र तिनीहरूसँग साँठगाँठ गर्ने तत्त्व थाहा नभएको होइन। बारकै जनआस्था अभिवृद्धि प्रतिवेदनमा राखिएको वाक्य छ, 'न्यायाधीशमध्ये को भ्रष्ट छ ? र कानुनकर्मीमध्ये को बिचौलिया हुन् ? सम्बद्ध वर्गलाई थाहा छ। तसर्थ, खराब र असलको ध्रुवीकरण हुनु आवश्यक छ। भ्रष्टाचारलाई निर्मूल गर्ने साँचो अठोट र तदनुरूप काम-कारबाही तथा आचरण भएमा न्यायपालिकामा न भ्रष्टाचार रहनेछ, न त बिचौलिया नै। जनआस्था न्यायपालिकाको आत्मा हो र आत्मरहित आवरण जिउँदो लास मात्र। सायद कोही पनि जिउँदो लाससँग रमाउन सक्दैन।'

सर्वत्र बिचौलिया

सेवाग्राहीसँग जोडिएका कार्यालयमा बिचौलिया बिगबिगी रहेका समाचार प्रवाहित भइरहेका छन्। सरकारी कर्मचारीले सीधै घुस माग्दा कतिपय बेला अख्तियारको फन्दामा पर्ने खतरा बढ्यो। त्यसपछि तिनले बिचौलियामार्फत काम गर्नुपर्ने बाध्यता सिर्जना गरी घुमाउरो पारामा घुस असुलिरहेका छन्।

अझ बढी बिचौलियाहरू राजनीतिसँग जोडिएका छन्। त्यस्ता पात्रहरूले शासकीय संयन्त्रमै अस्वाभाविक ढंगले पदार्पण गरी रजाइ गर्दै छन्, भूमिगत गिरोहजसरी नै। हुन पनि अधिक स्वार्थ बोकेका बिचौलिया जसको कुनै स्वाभिमान हुँदैन, तिनीहरू जस्तोसुकै हर्कत गर्न पछि पर्दैनन्। दुई तिहाइभन्दा बढीको बलशाली सरकार निर्माण हुनुपूर्व नेताहरूको वार्तास्थल चयन हेर्दा भावी दिनमा तिनको डरलाग्दो प्रभाव आकलन गरिँदैछ। सुविधाभोगी हुँदै गएका नेताहरूको वार्तादेखि आरामस्थल देखेपछि जिब्रो टोक्नुपर्ने अवस्था सिर्जना भएको छ। पार्टी कार्यालय भूत-बंगलामा परिणत भएका छन्, सरकारी लगानीका संसदीय दलका कार्यालय तिनका निम्ति अर्थहीन छन्। नेतृत्व वर्ग भने बिचौलियाका अस्वाभाविक मेजमानीमा रमाएको दृश्य मञ्चन हुने क्रम बढ्दो छ।

जसरी यो शब्द व्यापक बन्दै छ, त्यो हेर्दा संस्थागत रूपमा सबभन्दा बढी फस्टाएको क्षेत्र बिचौलिया उद्योग हो कि भन्ने भान पर्दैछ। किनभने, रातारात सहर-बजारमा अकूत सम्पत्तिका मालिकहरू देखा पर्दैछन्। भरपर्दो व्यापार व्यवसायबिना रातारात अकूत सम्पत्तिका मालिक हुनुको कृत्य अनुसन्धान गर्ने हो भने सहरमा लामो बिचौलिया-सूची बन्छ। ◆

अनुसन्धानमा आनाकानी

पीडित परिवार भन्छन्, 'प्रहरीले उजुरी दर्ता गर्न मानेन ।' डीएसपी भन्छन्, 'उजुरी दर्ता भइसकेको छ ।'

विद्या राई/भोजपुर

एक वर्षअघि भोजपुरको आमचोक-१०, पाङ्चा, धारापानीमा १३ वर्षीया बालिकाको रहस्यमय ढंगले मृत्यु भयो। अनुसन्धान माग गर्दै मृतक परिवार पटक-पटक प्रहरी कार्यालय पुग्यो । सुरुमा अनुसन्धान भइरहेको आश्वासन दिए पनि पछिल्लो समय प्रमाण नष्ट भइसकेको बताएर प्रहरीले बेवास्ता गर्न थालेको पीडित परिवारको गुनासो छ ।

जनता आधारभूत विद्यालयमा अध्ययनरत ती बालिका गत वर्ष ८ चैतमा कक्षा ८ को जिल्लास्तरीय परीक्षा दिन बालंखा जाने तयारीमा थिइन्। भोलिपल्टका लागि लुगाकपडा र पुस्तक मिलाउँदै थिइन् । उनकी मामली हजुरआमा (हजुरबुबाकी आमा) पानी भर्न धारा गएकी थिइन्। नातिनी सिकुवामा उध्रेका कपडा सिउँदै बसेकी थिइन्। प्रत्यक्षदर्शीका अनुसार हजुरआमा बाहिर गएको मौका छोपेर छिमेकी अन्दाजी १७ वर्षीय युवक सुमन मगर घरमा आएका थिए । केही समयपछि दुवै जना हराए । बालिकाकी हजुरआमा पानी लिएर घर आइपुग्दा नातिनी नदेखेपछि वरपर खोजिन् । ओल्लो-पल्लो घर-छिमेकमा सोधिन्। कतै फेला परिनन्।

नातिनीको अत्तोपत्तो नभएपछि हजुरआमा आत्तिइन्। अचानक उनी घरको माथिल्लो तला चढेकी मात्र के थिइन्, नातिनी नाम्लो-डोरीको पासो लागेर झुन्डिएकी रहिछन् । अत्तालिएकी हजुरआमाले हतार-हतार नातिनी छेउ पुगेर नाम्लो-डोरी काटिदिइन्।

इलाका प्रहरी कार्यालय बयाङका सई गणेशनारायण श्रेष्ठको नेतृत्वमा खटिएको प्रहरी टोली घटनास्थल पुग्यो । स्थानीयका अनुसार बालिकाको घाँटी कोपरिएको, नंग्राका डोबहरू गाडिएको थियो। मृतकको शरीरमा रगतका छिटा थिए । टाउकोपट्टि रगत बगेको थियो । मगरको आङका कपडा पनि च्यातिएका र केही रगतको छिटा लागेका थिए।

प्रहरीले भने यो कुरालाई स्वीकार्न चाहेको छैन । प्रहरीले आत्महत्या गरी मृत्यु भएको सर्जिमिन मुचुल्का उठाएर शवलाई पोस्टमार्टम गर्न उदयपुरको गाईघाट लग्यो। घटनास्थलमा पुगेका प्रहरी हवलदारका अनुसार कोहीप्रति आशंका नभएको र बालिकाले आत्महत्या नै गरेको परिवारले स्वीकारेकाले' मुचुल्कामा आत्महत्या उल्लेख गरिएको हो। पोस्टमार्टमको रिपोर्टमा पनि आत्महत्याको रिपोर्ट देखिएको प्रहरी बताउँछ । यसबारे पीडित परिवारलाई अझै जानकारी गराइएको छैन। मगरले बालिकालाई बलात्कार प्रयास गरेकामा प्रतिकार गर्न खोज्दा हत्या गरेको पीडित परिवार र स्थानीयको आशंका छ भने मगरकी आमाले घाँस काट्न जाँदा लडेर चोटपटक लागेको बताउँछिन्। घटनापछि सई श्रेष्ठ इप्रका बयाङ बसेका छैनन् । उनी हाल जिल्ला प्रहरी कार्यालयमा कार्यरत छन्।

दलित ती बालिका सानै हुँदा बुबाले सौतेनी आमा ल्याएपछि आमाछोरी माइती-मावलीमा बस्दै आएका थिए। आमा पनि केही समयपछि अर्कैसँग पोइल हिँडेपछि मावलीको पालनपोषणमा थिइन् उनी । बाह्रैमासजसो सुक्खा-खडेरी हुने त्यस गाउँमा चार रोपनी पाखो बारीको कमाइले वर्ष दिन पनि खान पुग्दैन। हजुरबुबा र हजुरआमा उदयपुरको रानीटारमा भाडामा कोठा लिएर सिलाइको काम गर्छन् । नातिनी र हजुरआमा (बुबाकी हजुरआमा) घरमा बस्दै आएका थिए।

बालिकाकी ५४ वर्षीय हजुरबुबा र ५१ वर्षीया हजुरआमा आशंका गरिएको मगरविरुद्ध जाहेरी दिन जिल्ला प्रहरी कार्यालय पुगे । तर, प्रहरीले उजुरी लिन मानेन। प्रहरीले घटना पहिल्यै सकिएको भन्दै गाली गरेर पठाएको मृतकका हजुरबुबाले बताए। उनी उजुरीको कागज बोकेर चारपटकसम्म सदरमुकाम पुगेका थिए।

घटनाको १२ दिनपछि उजुरी दर्ता गराएको बुझिन्छ । दर्ता नम्बर ९५ रहेको डीएसपी दीपेन्द्र पन्जियारले बताए। आमचोक गाउँपालिका कार्यालयमा पीडितले उजुरी दिएपछि गाउँपालिकाले सिफारिसपत्र जिल्ला प्रहरीलाई लेखेको अभिलेख छ । जबर्जस्ती करणी गर्न खोजेको र प्रतिकार गर्न खोज्दा हत्या भएको उजुरी परेको हुँदा घटना दर्ता गरेर अनुसन्धान गरी कारबाही गर्न निर्देशन दिएको गाउँपालिका प्रमुख अशोक राईले हस्ताक्षर गरेको सिफारिसपत्रमा उल्लेख छ।

मुद्दा दर्ता गर्न जिल्ला प्रहरी कार्यालय पुग्दा थाहै नभएका कागजातमा सही गर्न लगाएर

गाउँ फर्काएपछि पीडित परिवार गाउँपालिकामा सिफारिस लेखाउन पुगेका थिए । प्रहरीले २० चैत ०७३ मा मुद्दा दर्ता गरेको बताए पनि पीडित परिवार विश्वस्त हुन सकेको छैन । "गाउँपालिकाको सिफारिस लिएर जाँदासम्म हुँदैन, सोधीखोजी नै नगर्नू भनेका थिए । हप्काइदप्काइ गरे, अहिले दर्ता गरेका छौं भन्छन्, मलाई पत्यार लाग्दैन," बालिकाका हजुरबुबाले भने । त्यसपटक प्रहरीलाई जबरजस्ती टेबलमा कागजात छाडेर हिँडेका थिए उनी । गाउँबाट सदरमुकाम १८ कोस दक्षिणी भेगमा पर्छ । पैदलै सदरमुकाम पुग्न दुई दिन र फर्कन दुई दिन लाग्ने बाटो छ । गाउँपालिकाले ०७४ असोजमा जिल्ला प्रहरीलाई दर्ताका लागि सिफारिस गरेको र प्रहरीले २० चैत ०७३ मा दर्ता गरेको कुरा आपसमा बाझिएका छन् ।

गाउँपालिका प्रमुख अशोक राईले प्रहरीले लेखिसकेको कागज पल्ट्याउँदा नैतिक संकट पर्छ भनी सकेसम्म ढाकछोप गर्न खोजेको प्रतिक्रिया दिए । "अशिक्षित, गरिब, दलित परिवारलाई कमजोर ठानेर घटना भएको बेला आफैं मरेको हो भनेर स्वीकार्न, सहीछाप लगाउन लगाएका रहेछन्," उनले भने । उनले गत वर्षको असारमा भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएर आउँदा घटना थाहा पाएको बताए । घटना भएका बेला पीडित परिवारलाई कानुनी प्रक्रियामा जाँदा खर्च र दुःखभार हुने भनी प्रहरीबाट तर्साइएको हुन सक्ने आकलन गरिएको छ । काजीकुमार आचार्य डीएसपी हुँदा उक्त घटना भएको थियो । उनी पूर्वी अरुण गाउँपालिकाको प्याउलीमा तीन बालबालिकाको हत्या प्रकरणमा विवादित बनेर अन्यत्र सरुवा भइसके ।

स्थानीयका अनुसार घटना भएको दुई दिनसम्म शंका गरिएका मगर गाउँमै थिए । त्यसपछि गाउँमा देखिएका छैनन् । परिवारले भारत भगाएको हुन सक्ने सबैको अनुमान छ । उनको परिवार सुनसरीको बराहक्षेत्र नगरपालिका, प्रकाशपुरमा बसाइँ सर्ने तरखरमा छ । आधाजसो बसाइ सरिसकेका छन् । पीडित परिवार भने गाउँ बस्न नसक्ने अवस्थामा छन् । गाउँमा सुरक्षा स्थिति नाजुक भएको भन्दै उदयपुरको रानीटारमै बस्न थालेका छन् । "घर छाड्ने रहर कसलाई हुन्छ र ! पहिले सिलाइको काम गर्न आएका हौं । नातिनी त्यस्तो भई, न्याय पाइएन, के-कसो हो टुंगो नहुने रहेछ," बालिकाकी हजुरआमाले बिलौना पोखिन् ।

बालिका झुन्डिएको डोरी काटिएको हुँदा अनुसन्धान गर्ने प्रमाण नभएको प्रहरीको अडान छ । डीएसपी थारुले डोरी काटिएको, कतै चोटपटक नदेखिएको र आत्महत्या नै भएको बताउँदै आएका छन् । "जे देखियो, मुचुल्का र पोस्टमार्टम रिपोर्टमा पनि त्यही छ," भन्छन्, "परिवारका सदस्यले किटान गरेको मान्छे अभियुक्त नहुन पनि सक्छ । हामीले पक्राउ गर्ने कसरी ? हामी पनि अप्ठ्यारोमा छौं । तैपनि, खोजी भइरहेको छ ।" यसअघि धनकुटामा लुकेको भन्ने रिपोर्ट पाएपछि खोजी गरिए पनि फेला नपरेको डीएसपी थारु बताउँछन् ।

डीएसपी थारुलाई एक महिनाअघि बुझ्दा तत्कालै शंकास्पद परिवारसँग सोधपुछ गर्ने भनेका थिए । तर, हालसम्म सोधपुछ नगरेको पीडित परिवारको गुनासो छ ।

डीएसपीलाई यसबारे पुनः जिज्ञासा राख्दा शंकास्पद परिवारलाई सोधपुछ गरेको जवाफ फर्काए । केटा (मगर)का बुबाआमालाई सोधपुछ गर्दा 'काम गर्न जान्छु भनी गएको र त्यसपछि सम्पर्कमा नरहेको' बताएको डीएसपी चौधरीको भनाइ छ । डीएसपीले आश्वासन दिनका लागि मात्रै अनुसन्धान भइरहेको बताएको आमचोक गाउँपालिकाका सदस्यको दाबी छ ।

डोरी काटिनु र पीडित पक्षले मुचुल्कामा आत्महत्या भएको स्वीकार्नु घटनालाई अन्तै लग्ने माध्यम बनाएको जनप्रतिनिधि बताउँछन् । गाउँपालिकाकी उपप्रमुख सीता राई भन्छिन्, "आत्महत्या भनेर सर्जिमिनमै सही गरेका छन्, अनुसन्धान प्रक्रिया अघि बढाउनै नसकिने कुरा भयो । यसबारे अनुसन्धान गरिदिनूस् न भन्दा पनि प्रहरीले हुँदैन भन्छ ।" डोरी नै काटेर अनुसन्धानको बाटो नराखिदिएको तर्क गर्नु सान्दर्भिक नभएको उनको बुझाइ छ । सांसद सुदन राई, गाउँपालिका प्रमुख अशोक राई र उपप्रमुख सीता राईको टोलीले यो विषयलाई लिएर प्रहरी कार्यालयमा चासो राखिसकेका छन् । तर, प्रहरी अधिकारी भने यसबारे तत्कालै खुल्न चाहँदैनन् । ◆

...अनि पूर्णमाया

यौनहिंसा–पीडितप्रति राज्य असंवेदनशील

जनक नेपाल

दैलेखको काँडाचौरस्थित भवानी बक्स गणका तत्कालीन उपसेनानी जीवेश थापासहित चार सैनिकले ८ मंसिर ०६१ मा पूर्णमायालाई चरम यातनासहित सामूहिक बलात्कार गरे। सशस्त्र द्वन्द्व अन्त्यपछि उनी उजुरी लिएर जिल्ला प्रहरी कार्यालय पुगिन्। प्रमाणका रूपमा स्वास्थ्य जाँच गराएका रिपोर्टहरू, मनोसामाजिक विमर्शका क्रममा दिइएका कागजात र साक्षीहरू पेस गरिएका थिए । जिल्ला प्रहरीले जाहेरी दर्ता नगरेपछि सर्वोच्च अदालतमा दिइएको निवेदन पनि दरपिठ भयो । त्यहाँबाट पनि कुनै सुनुवाइ नभएपछि मानव अधिकारकर्मीको सहयोगमा उनले 'नेपालमा न्याय नपाएको' भन्दै ४ पुस ०६९ मा संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिमा निवेदन दिइन्। समितिले ९ जेठ ०७० मा सरकारसित उनले नेपालमा न्याय नपाएको मुद्दाबारे सोधपुछ गर्‍यो । चित्तबुझ्दो सरकारी जवाफ नआएपछि राष्ट्रसंघ पूर्णमायामाथि यातना, स्वेच्छाचारी थुना, अमानवीय व्यवहार र विभेद गरिएको निष्कर्षमा पुग्यो ।

४ चैत ०७३ मा उक्त मुद्दामा अन्तिम निर्णय गर्दै राष्ट्रसंघीय समितिले नेपाललाई 'मुद्दाको अनुसन्धान गर्न, अपराधमा जिम्मेवार व्यक्तिलाई अभियोजन, अदालती कारबाही र सजाय दिन तथा पीडितलाई उचित क्षतिपूर्ति दिन र उपचार खर्चको भर्पाइ गर्न' भनेको छ। तर, निर्णयको एक वर्ष बित्दासमेत सरकारले उनलाई न्याय दिलाउने प्रक्रिया अघि बढाएको छैन । "यो देशमा जसलाई पर्‍यो, पर्‍यो रै'छ । पीडितको कुरा सुनिदिने कोही रहेनछन्," पूर्णमाया, ४६, भन्छिन्, "नेपालमा पुलिस र अदालतले न्याय दिएनन् भनेर संयुक्त राष्ट्रसंघसित गुहार मागेँ। उसले निर्णय त पठायो। तर, दोषीलाई कारबाही पनि भएन, मैले न्याय र राहत पनि पाइनँ।"

सुरक्षाकर्मीबाट बलात्कृत बर्दियाकी फूलमाया

जेनेभातिर

पूर्णमाया सैनिक गणछेउ चियापसल चलाउँथिन् । पति माओवादीमा लागेको आशंकामा उनलाई सोधपुछ गर्ने भनेर घिसार्दै सैनिक ब्यारेकभित्र लगिएको थियो । बलात्कारपछि मध्यरातमा सडकमा ल्याएर अलपत्र छाडियो । यातनाले उनको यौनांगमा समस्या आई गर्भाशयको शल्यक्रिया गर्नुपर्‍यो । गम्भीर मानसिक र शारीरिक समस्याबाट ग्रस्त उनी छोरीसहित विस्थापित भई सुर्खेत सरिन् । उनको चियापसल बन्द भयो ।

यौनहिंसामा परेका महिलालाई राहत, पुनःस्थापना र कानुनी सहयोग पुर्‍याउन सरकारले केही वर्षअघि कार्ययोजना बनाएको थियो । तर, कुनै काम भएन । पूर्णमायाजस्ता पीडितले कुनै सरकारी राहत पाएका छैनन् । आर्थिक अभावले राम्रो उपचार नपाएर थला परेर बसेको गुनासो सुनाउँछिन्, "बिनाबादलको चिर्को पर्‍यो (निर्दोष भए पनि दुःख पाइयो) । मर्नु न बाँच्नु भएकी छु ।"

पाठेघरमा रगत जमेर सुन्निएपछि दैलेखबाट सुर्खेत अस्पतालमा लगेर उपचार गराइयो । त्यहाँबाट रेफर गरी लखनउस्थित अस्पतालमा पुर्‍याइएकी पूर्णमायाको सामूहिक बलात्कारबाट क्षति पुगेको पाठेघर अपरेसन गरी फ्याँक्नुपर्‍यो । माइतीले दिएको जग्गा बेचेर उपचार गरेको उनी बताउँछिन् । बलात्कारपछि जुम्ला बस्दै आएका पतिले सम्बन्धविच्छेद गरी अर्को विवाह गरे । "ढाड बांगिएको छ । भारी बोक्न मिल्दैन, जीउ दुख्छ," उनले दुःखेसो पोखिन्, "महिनामा दुईपटक स्वास्थ्य जाँच गराउनुपर्छ । तर, आर्थिक स्रोत छैन ।" टाउको दुख्ने, मन एकोहोरिने, भनेको कुरा नसम्झिने, भीडभाडमा बस्न नसक्ने, जीवनप्रति निराशा उत्पन्न हुनेजस्ता मानसिक समस्या उत्पन्न भएका छन् उनमा ।

"द्वन्द्वकालमा भएका यौनजन्य हिंसापीडितलाई राज्यले अहिलेसम्म पीडित मानेको छैन," द्वन्द्वपीडितलाई कानुनी सहायता गर्दै आएका अधिवक्ता वसन्त गौतम भन्छन्, "सम्भवतः त्यसैले अन्तरिम राहतसमेत उपलब्ध गराएको छैन ।" यौनहिंसाका मुद्दामा रहेको हद म्यादका कारण उनीहरू न्याय पाउनबाट वञ्चित हुनुपरेको उनी बताउँछन् ।

हद म्यादका कारण प्रहरीमा दर्ता गराउन खोजिएका द्वन्द्वकालीन यौनहिंसाका तीनवटा मुद्दा प्रहरीले दर्ता नगरेपछि पीडितले संयुक्त राष्ट्रसंघ गुहारेका हुन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक आलेखको नेपाल पक्ष राष्ट्र हो । यो सन्धि अन्तर्गत मानव अधिकार उल्लंघन भएका घटनाको नेपालमा न्याय नपाएको वा दिन इन्कार गरेको अवस्थामा राष्ट्रसंघीय मानव अधिकार समितिसमक्ष उजुरी गर्न सक्ने प्रावधान अनुसार ती उजुरी पुगेका हुन् ।

पूर्णमायाको मुद्दाको निर्णयमा राष्ट्रसंघीय मानव अधिकार समितिले नेपाललाई राष्ट्रिय कानुन अन्तर्गत यातनालाई फौजदारी अपराध बनाउन तथा बलात्कारपीडितलाई न्यायप्राप्तिमा रहेका अन्य बाधा हटाउनसमेत आग्रह गरेको छ । उसले द्वन्द्वकालीन ३५ दिने हद म्यादबारे भनेको छ, 'हद म्यादको व्यवस्था अकारण रूपमा छोटो र अपराधको गाम्भीर्य तथा प्रकृतिसँग पटक्कै मेल नखाने तथा महिला नै बढीजसो बलात्कारबाट पीडित हुने भएकाले यसको नकारात्मक असर महिलामाथि बढी पर्ने खालको छ ।'

सत्य निरूपण तथा मेलमिलाप आयोगले पनि आफ्नो सिफारिसमा पीडकउपर मुद्दा चल्ने अवस्थामा हद म्याद नलाग्ने गरी ऐन संशोधनका लागि सरकारसित आग्रह गरेको छ ।

द्वन्द्वकालको यौनहिंसामाथि नेपालले कारबाही नगर्दा पीडकलाई दण्डहीनताको वातावरण बन्ने तथा पीडितले कलंक र असुरक्षा महसुस गर्ने अवस्थालाई योगदान पुर्‍याएको राष्ट्रसंघीय समितिको निर्णयमा उल्लेख छ । द्वन्द्वकालीन दर्जनौं उजुरी राष्ट्रसंघीय मानव अधिकार समितिमा पुगेका छन् । यौनहिंसाबारे भने राष्ट्रसंघको यो पहिलो निर्णय हो । सो मुद्दामा कानुनी सहायता गर्दै आएको एड्भोकेसी फोरम नेपालका निर्देशक ओमप्रकाश सेन ठकुरी अनुसन्धान तथा पीडकलाई अभियोजन र दण्डित गरेर राष्ट्रसंघीय निर्णय तत्कालै लागू गर्नुपर्नेमा त्यसो नगरिएको बताउँछन् । भन्छन्, "निर्णय आएको एक वर्ष बित्दासम्म कुनै प्रक्रिया अघि

न्याय खोजीका १३ वर्ष

८ मंसिर ०६१

ब्यारेकभित्र सामूहिक बलात्कार

१२ असोज ०६९

प्रहरीद्वारा जाहेरी लिनै अस्वीकार

४ पुस ०६९

नेपालमा न्याय नपाएको भन्दै राष्ट्रसंघीय मानव अधिकार समितिमा निवेदन

९ जेठ ०७०

राष्ट्रसंघद्वारा सरकारलाई सोधपुछ

४ चैत ०७३

मुद्दाको अनुसन्धान गर्न, अपराधमा जिम्मेवारलाई अभियोजन, अदालती कारबाही, सजाय तथा पीडितलाई क्षतिपूर्ति र उपचार खर्चको भर्पाइ गर्नुपर्ने निर्णय

९ असार ०७४

निर्णय सार्वजनिक
कार्यान्वयन : अनिश्चित

लोकतन्त्र, गणतन्त्र जे-जे भने पनि आफ्नो देशमा न्याय पाइएन । त्यसैले विदेशमा निवेदन पठाएकी छु ।

फूलमाया
यौनहिंसा-पीडित, बर्दिया

द्वन्द्वकालमा भएका यौनजन्य हिंसापीडितलाई राज्यले अहिलेसम्म पीडित मानेको छैन । त्यसैले अन्तरिम राहतसमेत उपलब्ध गराएको छैन ।

वसन्त गौतम
मानव अधिकारकर्मी

पीडा लुकाएर बसेका यस्ता पीडितलाई न्याय दिलाउनु हाम्रो मुख्य दायित्व हो । त्यसका लागि पीडितले अनुसन्धानमा सघाउनुपर्छ ।

सूर्यकिरण गुरुङ
अध्यक्ष, सत्यनिरूपण तथा मेलमिलाप आयोग

बढेको छैन । त्यसले पीडितलाई थप निराश बनाएको छ ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता विनोदबहादुर कुँवर संयुक्त राष्ट्रसंघीय समितिको निर्णयलाई रायसहित मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरिएको बताउँछन् । भन्छन्, "कानुन तथा मानव अधिकार महाशाखाले रायसहित तयारी गरेको छ । छिट्टै मन्त्रिपरिषद्मा पेस गरेर पीडितलाई न्याय दिलाउनेबारे निर्णय हुनेछ ।"

द्वन्द्वकालमा यौनहिंसामा परेका बर्दियाकी फूलमाया र कञ्चनपुरकी नरमायाको निवेदन पनि संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा पुगेको छ । दूधेछोरी बोकेर खाना बनाउँदै गरेकी नरमायालाई माओवादी खोज्ने बहानामा घरभित्र पसेका सुरक्षाकर्मीले ७ भदौ ०६० मा डोरीले खुट्टा बाँधेर सामूहिक बलात्कार गरेका थिए । सामूहिक बलात्कारपछि उनी गर्भवती भइन् । असुरक्षा र बाध्यताबीच छोरी जन्माइन् । अहिले छोरी १३ वर्ष पुगिसकेकी छन् । भन्छिन्, "बलात्कारबाट जन्मिएकी छोरीको विषयलाई लिएर श्रीमान्सित बारम्बार झगडा परिरहन्छ । त्यो मेरी छोरी होइन, यसलाई लिएर आर्मी-पुलिससित जा भन्छन् । म कहाँ जाने ?" गाउँलेले समेत सुरक्षाकर्मीकी छोरी भनी हेयको दृष्टिले हेर्ने र कुरा काट्ने गरेको उनको गुनासो छ । यातना र यौनहिंसाले अहिले पनि उनको टाउको र शरीर दुख्छ । तल्लो पेट दुखेर बेलाबेला बेहोस हुन्छिन् । "पहिले भएका घटना सम्झिँदा अझै पनि डर लागेर आउँछ । रातमा निद्रा लाग्दैन," नरमाया भन्छिन्, "छोरीको भविष्यबारेमा धेरै चिन्ता लागिरहन्छ । छोरीले घटनाको वास्तविकता थाहा पाई भने के होला भन्ने पिरलोले सताइरहन्छ ।"

शान्तिकालपछि उनी उजुरी लिएर प्रहरी कार्यालय पुगिन् । प्रहरीले ३५ दिने हद म्याद नाघेको भन्दै निवेदन दर्ता गर्न मानेन । झिनो आशा लिएर उनी प्रशासन र अदालतसम्म धाइन् । तर, कुनै सुनुवाइ नभएपछि अधिकारकर्मीको सहयोगमा राष्ट्रसंघीय समितिमा निवेदन दर्ता गराएकी छन् । भन्छिन्, "आफ्नै राज्यले त न्याय दिएन । विदेशकाले झन् के देलान् ! तैपनि, मानव अधिकारकर्मीले ढिलोचाँडो न्याय पाइन्छ भन्नुभएको छ ।"

बर्दियाकी फूलमाया माओवादी गतिविधि नियन्त्रण गर्न आएका सुरक्षाकर्मीबाट २३ कात्तिक ०५९ मा बलात्कृत भइन् । सुरक्षाकर्मी गाउँमा आएकै बेला माओवादीले विद्युतीय धराप विस्फोट गराएपछि सेनाले जथाभावी गोली चलाउँदै गाउँभरि सर्च गर्न थाले । फूलमायाको घर पसेका दुई सुरक्षाकर्मीले सुरुमा उनका पतिलाई मुक्का, बन्दुकको कुन्दा र लाठीले पालैपालो कुट्दै बम विस्फोट भएको ठाउँतिर लगे । एक जनाले खानतलासी गर्ने क्रममा घरभित्र लगेर 'यौन सम्पर्क राख्न दिए श्रीमान्लाई बचाइदिन्छु, नभए मारिदिन्छु' भनेर धम्क्याए । ती सैनिकले छोराछोरीकै अघिल्तिर भुइँमा लडाएर बलात्कार गरेको उनी बताउँछिन् ।

सशस्त्र द्वन्द्व अन्त्यपछि उनले प्रहरीमा जाहेरी दिइन् । तर, प्रहरीले जाहेरी दर्ता गर्नसमेत मानेन । उच्च अदालत नेपालगन्जले 'हद म्यादविहीन जाहेरी दर्ता गर्न नसकिने बेहोराको प्रहरीको दरपिठ आदेश प्रारम्भिक अवस्थामा नै अन्यथा नदेखिँदा निवेदन माग दाबी बमोजिम आदेश जारी हुनुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ठहर्छ' भनी गत १५ माघमा खारेज गरिदियो । सरकारले द्वन्द्वकालीन घटना सम्बोधन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरेपछि फूलमाया खुसी भएकी थिइन् । गोपनीयताको चिन्ताले उनले बलात्कारको घटनालाई यातनामा उजुरी हालिन् । पीडितको पक्षका काम गर्छौं भन्दै आयोगका पदाधिकारीले बाँके-बर्दिया आएर धेरैपटक भाषण गरे । तर, उनीजस्ता यौनहिंसामा परेका महिलाले कुनै राहत पाएनन् । "संकटकालमा न्यायका लागि कहाँ जानु ? रोएरै दिनरात काटियो," उनी भन्छिन्, "लोकतन्त्र, गणतन्त्र जे-जे भने पनि आफ्नै देशमा न्याय

पाइएन। त्यसैले विदेशमा निवेदन पठाएकी छु।"

बलात्कार र यातनाजन्य कार्य गम्भीर मानव अधिकार उल्लंघनका अपराध भएकाले आफ्नै देशमा न्याय पाउने वातावरण बन्नुपर्ने उल्लेख गर्दै अधिकारकर्मी गौतम भन्छन्, "राज्यले कानुनमा आवश्यक सुधार गरेर होस् वा आइलाग्ने अन्य तगारा हटाएर होस्, आफ्ना नागरिकको न्याय अधिकार सुनिश्चित गर्नैपर्छ।"

उल्लेख्य कार्यप्रगति गर्न नसकेर दुईपटक म्याद थपिसकेको सत्य निरूपण तथा मेलमिलाप आयोगले प्रदेश र जिल्ला तहबाट अनुसन्धान सुरु गर्न लागेको जनाएको छ। सह-न्यायाधिवक्ताको संयोजकत्वमा उच्च अदालतहरूमा गठित तीन सदस्यीय अनुसन्धान टोलीमा कानुन व्यवसायी र एक महिला सदस्य रहनेछन्।

आयोगका अध्यक्ष सूर्यकिरण गुरुङ यौनहिंसाका मुद्दाहरू संवेदनशील र जटिल रहेकाले महत्त्वका साथ अनुसन्धान हुने दाबी गर्छन्। यौनहिंसामा परेका महिला सबैभन्दा धेरै पीडित भए पनि अहिलेसम्म अन्तरिम राहतसमेत पाउन नसकेकाले आयोगले उच्च प्राथमिकतामा राखेको उनको भनाइ छ। "पीडा लुकाएर बसेका यस्ता पीडितलाई न्याय दिलाउनु हाम्रो मुख्य दायित्व हो। त्यसका लागि पीडितले अनुसन्धानमा सघाउनुपर्छ," अध्यक्ष गुरुङ भन्छन्, "सहजताका लागि यौनहिंसा-पीडितउपरका घटना विशेष ढंगले अनुसन्धान गर्नेछौं।"

एक दशक नाघेका त्यस्ता घटनाको अनुसन्धानमा पनि कठिनाइ छ। त्यसमाथि पीडितले आफूमाथि भएको यौनहिंसाविरुद्ध खुलेर प्रतिवादसमेत गरिरहेका छैनन्। थुप्रै पीडितले घटनालाई परिवार र समाजसित लुकाइरहेका छन्। घटनापछि वैवाहिक सम्बन्ध जोडेका महिलाको संख्या पनि उल्लेख्य छ। पीडितले सहानुभूति पाउनुभन्दा अनेक लाञ्छना सहनुपर्ने स्थितिले पनि उनीहरू खुलेर आउन नसकेका हुन्। तर, सबै मुद्दामा अभियोजन र कारबाही हुने सम्भावना भने नरहेको अध्यक्ष गुरुङको जिकिर छ। भन्छन्, "सबै मुद्दामा फौजदारी कानुन लगाउने भए अदालत छँदै थिए, आयोग चाहिँदैनथ्यो। यो आयोगले पीडितलाई राहत र न्यायको महसुस गराउन अधिकतम कोसिस अवश्य गर्नेछ।"

द्वन्द्वकालीन यौनहिंसापीडितबारे सरकारी तथा गैरसरकारी निकायसँग कुनै स्वतन्त्र तथ्यांक छैन। आयोगमा अहिलेसम्म परेका झन्डै ६२ हजार उजुरीमध्ये यौनहिंसाजन्य यातना भोगेका तीन सय महिलाका निवेदन पनि छन्। "राज्य र विद्रोही पक्षबाट भएका यौनजन्य हिंसा र बलात्कारका घटना धेरै छन्," आयोग सदस्य मञ्चला झा भन्छिन्, "सरकारी तहबाट अहिलेसम्म कुनै वास्ता गरिएको पाइएन। पीडितले अन्तरिम राहत मात्र होइन, सामान्य औषधोपचारसमेत पाएका छैनन्।"

०५८ को संकटकालमा बाँकेको चिसापानी ब्यारेकमा नेपालगन्जका दुई मुस्लिम दिदीबहिनी सेनाका अधिकृतबाट बलात्कृत भए। १६ र १८ वर्षका ती दुई युवतीले ब्यारेकभित्र तत्कालीन सेनानी अजित थापा र सह-सेनानी रमेश स्वाँरले बलात्कार गरेको दाबी गरेका थिए। संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयद्वारा ४ पुस ०६६ मा नेपालगन्ज, काठमाडौं र जेनेभामा एकसाथ सार्वजनिक गरिएको 'बर्दियाका बेपत्ता नागरिकसम्बन्धी प्रतिवेदन'मा भनिएको छ, 'सन् २००२ अप्रिलमा चिसापानी ब्यारेकमा थुनाको क्रममा भीमकाली गुल्मका एक वरिष्ठ अधिकृतलगायतका शाही नेपाली सेनाका कर्मचारीद्वारा बलात्कार गरियो। बाबुको खोजीमा आफ्नो घरमा आएको सेनाको टोलीले उनीहरूलाई पक्राउ गरेर लगेको थियो। सेनाको टोलीले दुई दिदीबहिनीलाई चिसापानी ब्यारेक लग्यो, जहाँ उनीहरूलाई तीन दिन थुनियो। यस अवधिमा १६ वर्षीयालाई तीन-चार जनाको सैनिक समूहद्वारा बलात्कार गरियो। उनकी १८ वर्षीया आफन्त दिदीलाई भने दुई जनाले बलात्कार गरे।'

उनीहरूको विवाह भारतमा भएपछि मुद्दा सेलायो। दोषीमाथि कुनै कारबाही भएन। माओवादीभित्र भएका यौनहिंसाका घटनाका पीडितले पनि न्याय पाएका छैनन्। माओवादी छाडेकी एक पूर्वकार्यकर्ता आफूले भोगेको यौनहिंसाबारे भन्छिन्, "माओवादीले मेरो इच्छाविपरीत भर्ती गरे। म उनीहरूसँग झन्डै डेढ वर्ष रहेँ। पार्टीभित्र यौनजन्य क्रियाकलाप हुन्थे। मलाई दुई माओवादी केटासँग यौनसम्पर्क गर्न बाध्य पारियो।" उनले आफ्नो वेदना सुनाउने क्रममा भनेकी छन्, "यौनसम्पर्कपछि मलाई औषधि खान दिइन्थ्यो र त्यसबारे कसैलाई नभन्नू भनेर धम्क्याउँथे।"

द्वन्द्वपीडितमध्ये सबैभन्दा जटिल र चुनौतीपूर्ण अनुसन्धान यौनहिंसापीडितकै भएकाले त्यसका लागि विशेष कार्यविधि बनाएर अनुसन्धान गर्न लागिएको आयोग सदस्य झा बताउँछिन्। यस्ता अधिकांश पीडितले यातनापीडितका रूपमा मात्र उजुरी दिएका छन्। त्यसैले आयोगले गोपनीयता रहने गरी छुट्टै कोड नम्बर राखेर बयान लिन लागेको छ।

आयोगले पीडक ठहर गरेर कारबाही तथा यौनहिंसापीडितलाई विशेष परिपूरणका लागि सिफारिस गर्ने सदस्य झा बताउँछिन्। "सशस्त्र द्वन्द्वमा सबैभन्दा धेरै महिला पीडित भए। यौनहिंसापीडितले अकल्पनीय पीडा बेहोरेका छन्," उनी भन्छिन्, "यौनजन्य हिंसा र बलात्कारका घटनामा आममाफी हुँदैन, न त मेलमिलाप नै गराइनेछ। दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइनेछ।" सर्वोच्च अदालतले पनि १४ फागुन ०७१ मा बलात्कारलगायतका गम्भीर मानव अधिकार हननका मुद्दामा क्षमादान र मेलमिलाप गर्न नमिल्ने फैसला गरिसकेको छ। ◆

(उल्लिखित यौनहिंसापीडित महिलाको वास्तविक नाम गोप्य राखिएको छ।)

के छ कानुनमा ?

नेपालको कानुनमा बलात्कारका घटनाको उजुरी दर्ता गर्ने समय ६ महिना तोकिएको छ। तर, अन्तर्राष्ट्रिय मानव अधिकार र संक्रमणकालीन न्यायसम्बन्धी कानुनी प्रावधान अनुसार बलात्कारजस्ता गम्भीर फौजदारी अपराधमा हद म्यादको कारण पीडितको न्याय पाउने अधिकार कुण्ठित हुन नहुने भनी स्पष्ट पारेको छ। सन् १९९१ मा नेपाल पक्ष राष्ट्र भएको महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिले सबै किसिमका लैंगिक हिंसालाई निषेध गरेको छ। साथै, यस महासन्धिले बलात्कार, यौन दुर्व्यवहार र अन्य लैंगिक हिंसाबाट महिलालाई उचित संरक्षण गर्न, आत्मसम्मान र मर्यादा रक्षा गर्ने अवस्था सिर्जना गर्न नेपाल सरकारलाई उचित कानुन बनाई कार्यान्वयन गर्न बाध्यकारी बनाएको छ। महासन्धि अनुसार नेपालले अधिकार हनन हुनबाट रोक्न वा हिंसाजन्य कार्यउपर अनुसन्धान गर्न र यस्ता कार्यलाई दण्डित गर्न एवं उचित क्षतिपूर्ति दिन तदारुकता देखाउनुपर्छ। बलात्कारलाई संसारभरि फौजदारी कानुन अन्तर्गत अपराधको संज्ञा दिइएको छ। साथै, राज्यका कर्मचारीले बलात्कार गरेको वा सहजीकरण गरेको/सहमति जनाएको वा बलात्कार गर्ने कार्यमा सहयोग पुऱ्याएको अवस्थामा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले समेत यसलाई यातनाको रूपमा मान्यता दिएकाले राज्यले कुनै पनि बहानामा पीडितको न्याय पाउने अधिकारलाई अवरोध गर्न मिल्दैन भन्ने मान्यता राख्छ।

(अ) सहमति

भास्कर गौतम

अर्थतन्त्रको भूराजनीतिक

स्रोतको न्यायोचित वितरण नितान्त राजनीतिक विषय भएकाले अर्थतन्त्रलाई केवल प्राविधिक ज्ञानको क्षेत्रमा सीमित गर्न सकिँदैन । अर्थमन्त्री हुनुपूर्व *गोरखापत्र*सँगको अन्तर्वार्तामा युवराज खतिवडाले दुई महत्त्वपूर्ण कुरा उठाए । एक, संघीय प्रणालीको खर्च धान्न र संघीयतालाई सफल बनाउन छिटो विकास चाहिएको हो । अर्को, नेपालमा विद्यमान स्रोतबाट ५-६ प्रतिशत मात्र आर्थिक वृद्धि सम्भव छ । वृद्धिलाई सही गति दिन नेपाललाई बाह्य पुँजी आवश्यक छ । बाह्य पुँजी कि विदेशी सहायताबाट प्राप्त हुन्छ कि निजी लगानीबाट । यसरी प्राप्त गरिने पुँजीको लक्ष्य कम्तीमा चार-पाँच खर्ब हुनुपर्छ । त्यसपछि अहिले भइरहेको लगानी दोब्बर हुन्छ । वृद्धि दोहोरो अंकमा प्रवेश गर्छ । नेपालको राष्ट्रिय पुँजी बढ्छ ।

खतिवडा अर्थमन्त्री भएलगत्तै अर्थ मन्त्रालयबाट नियमित प्रकाशित गरिने अर्धवार्षिक समीक्षामा चालू आर्थिक वर्षको समग्र आर्थिक अवस्था सन्तोषजनक छैन भनियो । समीक्षा अवधिमा पुँजीगत खर्च अनुत्साहप्रद, कर-राजस्व असुली शिथिल, विप्रेषण आप्रवाहमा ह्रास, आयातमा वृद्धि र निर्यातमा गिरावट, शोधनान्तरको स्थिति ऋणात्मक र विदेशी विनिमय सञ्चितिमा ह्रास आएको उल्लेख छ । समग्रमा आर्थिक स्थायित्वका चुनौती हिजोभन्दा आज अझ बढी छन् । यस अवधिमा सरकार स्थानीय तह, प्रदेश र संघको चुनाव सम्पन्न गर्नेतर्फ केन्द्रित भएकाले चालू खर्च अनपेक्षित रूपमा बढ्यो भनियो । त्यस्तै विकास खर्च हुन नसकेको जानकारी दिइयो ।

अर्धवार्षिक समीक्षा अनुसार आयोजना कार्यान्वयनमा विगतकै प्रवृत्तिको पुनरावृत्ति छ । यसलाई रोक्न 'बजेट तर्जुमा र कार्यान्वयनको समग्र प्रणालीमै गम्भीर समीक्षा' जरुरी छ । सरकारले वित्तीय नीतिमा 'तत्काल सुधारका उपाय अवलम्बन' गर्न आवश्यक छ । परिस्थितिजन्य आकस्मिकता देखाउँदै सरकारी निकायबाट बजेट कार्यान्वयन नहुने 'प्रवृत्तिको निदान गर्न सम्बद्ध पदाधिकारीलाई जिम्मेवार गराउने गरी कानुन तर्जुमाको विकल्प छैन ।' अर्थात् दोषीलाई कारबाही गर्ने कानुन बनाए, वित्तीय नीतिमा सुधार ल्याए र बजेटलाई परिष्कृत गरे नेपालले आर्थिक स्थायित्व हासिल गर्न सक्छ । यी मूलतः प्राविधिक निदान हुन्, जसबाट अर्थतन्त्रमा तात्त्विक सुधारको आश गर्न सकिन्छ ।

खतिवडा नेपाली अर्थतन्त्रबारे श्वेतपत्र ल्याउने तयारीमा छन् । राष्ट्रिय पुँजी बढाउने आश्वासनबाहेक तयारोन्मुख श्वेतपत्रको आधारभूत मान्यता के हुने हो स्पष्ट छैन । संघीय शासकीय प्रणालीमा आएको परिवर्तनलाई आधार बनाएर उनले नयाँ आर्थिक दायित्वको समीक्षा गर्नेछन् । त्यसैका आधारमा नयाँ तवरमा कर्मचारी व्यवस्थापन गर्ने, नयाँ शासकीय संरचनाको उपयोग गर्ने, सरकारको खर्च बढे पनि सेवाग्राहीको लागत घट्ने भएकाले राजस्व बढाउने प्रयास गर्नेछन् । खतिवडाले *कान्तिपुर*सँग गरेको कुराकानीका आधारमा भन्न सकिन्छ, स्थानीय तहमा लागू गरिने एकीकृत घरजग्गा करले राजस्व असुलीलाई सघाउनेछ । त्यस्तै, राष्ट्रिय पुँजीको विकास गरिरहँदा शिक्षा, स्वास्थ्य र आधारभूत सामाजिक सुरक्षामा लगानी बढाउने उपाय पनि तर्जुमा गर्नेछन् । यस्तो अभ्यास सफल भएमा ज्ञान, सीप र प्रविधि विकासमा सहयोग पुग्नेछ । चीन, कोरिया र मलेसियाको उदाहरण दिँदै उनी भन्छन्, 'राज्यले पुँजी संरक्षण गर्ने वातावरण बनाउन सक्छ ।' तर, शीतयुद्धकालीन विश्व परिवेश र सुरक्षा रणनीतिको फाइदा उठाउँदै ती राष्ट्रले आर्थिक फड्को मार्ने आधार कसरी बनाए ? उनी भन्दैनन् । यद्यपि, सरकारले स्थायित्व पायो भने नेपालमा पुँजी विकास गर्ने कार्य निकट भविष्यमै सम्भव हुने उनको विश्वास छ ।

भूराजनीतिक चेत

अर्थमन्त्रीका अन्तर्वार्ता वा मन्त्रालयको प्रतिवेदनका आधारमा ऐतिहासिक रूपमै काठमाडौँमा शक्ति-सम्बन्ध, स्रोत-साधन केन्द्रित भइरहँदा राजनीतिले स्थायित्व पाएन भन्न सकिन्छ । परिणाम नेपाली लोकतन्त्रले समृद्धिको यात्रा तय गर्न सकेन । त्यसैले संघीय शासकीय व्यवस्थामा नेपाल प्रवेश गर्‍यो । आज आर्थिक वृद्धि र संघीयताको सफलता अविभाज्य छ । एकआपसमा जोडिएको छ ।

यसो भनिरहँदा आर्थिक वृद्धि शासकीय संरचना, नेपाली समाजको विविधता, नेपालको भूराजनीतिक जटिलता एवं विद्यमान

...क भुमरी

भूमण्डलीय वास्तविकताबाट विमुख छैन भनिरहनु पर्दैन । तथापि, सार्वजनिक वृत्तमा हाबी भइरहेका बहसले विश्व परिवेशसँग जोडिएको ऐतिहासिकता एवं परनिर्भरतालाई गौण बनाएको छ । यस्तो प्रयासले लामो समयदेखि नेपाली समाजमा पारेको प्रभावको गहन विश्लेषण प्रस्तुत गर्दैन । यस्तो लाग्छ, नेपालका लागि भूराजनीति भनेको केवल भारत र चीन हो । उत्तर-दक्षिणको आर्थिक र राजनीतिक शक्तिको चलखेल हो । भनिरहनु परेन, यस्तो मात्र कदापि होइन ।

भूराजनीति आधुनिक भौगोलिक कल्पना हो । समग्र विश्व परिवेशलाई नेपालले कसरी चित्रित गर्ने ? त्यस्तो चित्रणमा नेपालको स्वार्थलाई कसरी केन्द्रमा राखिन्छ ? हामीलाई थाहा छ, विश्वलाई उन्नत भौगोलिक क्षेत्र, विकासशील क्षेत्र र पिछडिएको भूभागमा विभाजित गरिएको छ । त्यस्तो विभाजन खास किसिमको सुरक्षा रणनीति एवं पुँजीवादी व्यवस्थाबाट निर्दिष्ट छ । बीसौं शताब्दीमा जुन देशले आफ्नो राष्ट्र वा क्षेत्रको पुनः परिकल्पना गर्न सके, ती क्षेत्रले मात्र आफ्नो भौगोलिकतालाई नयाँ पहिचान दिए, दिइरहेका छन् । यसरी पुनःपरिभाषित गर्ने क्रममा राज्य सबैभन्दा उच्च तहको राजनीतिक संस्था हो भन्ने मान्यता प्रबल रहेको देखिन्छ । नेपालमा भने नेतृत्वमा निहित अल्पदृष्टिले राज्यलाई उच्च तहको राजनीतिक संस्था हुनबाट रोकिरहेको पाइन्छ । स-साना व्यक्तिगत स्वार्थलाई नै राजनीतिक स्वार्थ बनाइएको छ । परिणाम, एकआपसमा प्रतिस्पर्धी बन्दै राज्यले कतिपय अवस्थामा गर्नुपर्ने आधारभूत काम नेपालमा भइरहेको छैन । नेपालले आफ्नो प्राथमिकता आफैं तोक्न सकिरहेको छैन ।

> **समग्रमा आर्थिक स्थायित्वका चुनौती हिजोभन्दा आज अझ बढी छन् ।**

विश्व परिवेशको चित्रण गर्दै त्यसमा नेपालको स्वार्थलाई केन्द्रमा राखेर परिभाषित गरिएको छैन । कि त छिमेकीको सुरक्षाका लागि सहायक राज्य कि त विकासोन्मुख भू-भागको व्याख्यालाई नेपालले स्वीकारेको छ । भूराजनीतिबारे केही पुराना चिन्तन हाबी छन् । त्यसैले नयाँ चुनौतीबारे खुलेर समीक्षा गरिने पद्धति विकास भएको छैन । भूराजनीतिक अभिव्यक्ति दिँदा वर्चस्वशाली समूहले राष्ट्रिय राजनीतिक स्वार्थमा खतरा हुन्छ भन्छ । सुरक्षाको संवेदनशीलतामा आँच आउँछ भन्छ । यस्तो भनिरहँदा वर्चस्वशाली समूहले आफ्नो स-साना स्वार्थ रक्षाका लागि समग्र समाजको उन्नतिलाई पछाडि धकेलिरहेको अवस्था छ । त्यसैले विषयान्तर गर्दै ज्ञान, सीप र प्रविधिका थोक-सवालवरिपरि समृद्धिको चर्चा बढी हुन्छ । राज्यलाई उच्च तहको राजनीतिक संस्था बनाउने वा उन्नत समाज निर्माण गर्न नागरिकलाई सशक्त र स्वतन्त्र बनाउने प्राथमिकता गौण बन्छ ।

स्याटेलाइट अर्थतन्त्र

नेपाल विश्व व्यवस्थासँग गाँसिएका धेरै पक्ष छन् । औपनिवेशिक कालमा बेलायती र भारतीय सेनामा नेपालले सेना पठाउन थाल्यो । यसलाई गोर्खा भर्ती भनियो । गोर्खा भर्तीको माध्यमबाट नेपालले लडाकूका रूपमा श्रम निर्यात गर्‍यो । पछिल्लो समय वैदेशिक कामदारका रूपमा बहुराष्ट्रिय कम्पनीलाई श्रम निर्यात गर्छ । हिजो नेपाली श्रम साम्राज्यको सेवामा कटिबद्ध थियो, आज बहुराष्ट्रिय कम्पनीको सेवामा तल्लीन छ । हिजो नागरिकलाई सशक्त बनाउने ध्येयले राज्य सञ्चालित थिएन, आज पनि स्थिति त्यही छ ।

वर्चस्वशाली तप्का भन्छ, नेपाल अब केवल श्रम निर्यात गर्ने मुलुकमा सीमित रहने छैन । हामीले राष्ट्रिय पुँजी बढाउनुपर्छ, सेवा र वस्तु निर्यात गर्नुपर्छ भन्छ । चाहना राम्रो हो । तर, यस्तो आर्थिक-सामाजिक रूपान्तरणका लागि जे-जस्तो आधारभूत तयारी हुनुपर्छ, त्यसको सानो अंश पनि परिदृश्यमा छैन । सबैभन्दा पहिले नेपालको स्याटेलाइट अर्थतन्त्रको भूराजनीतिबारे प्रकाश पारिनुपर्छ । भारतको सुरक्षा चासोले नेपाली अर्थ-संरचनालाई कसरी प्रभावित पारेको छ, त्यसको खुलेर समीक्षा गरिनुपर्छ । यस्तो भइरहेको छैन ।

विसं ०७२ मा संविधान घोषणासँगै भारतीय कदमले नेपाली अर्थतन्त्रलाई नराम्ररी प्रभावित गर्‍यो । त्यो संकट टरेको केही समयपछि अर्थ मन्त्रालयले श्वेतपत्र सार्वजनिक गर्‍यो । अपेक्षित रूपमा आर्थिक समीक्षामा औँल्याइएका अर्थतन्त्रका अनुत्साहित पक्षको अझ जटिल चित्रण श्वेतपत्रमा पाइन्छ । त्यस श्वेतपत्रले केही आधारभूत पक्षलाई समेट्न सक्यो तर समेटेन । उदाहरणका लागि, नेपाली अर्थतन्त्रलाई जोडेर भारतीय सुरक्षा स्वार्थको जसरी चर्चा हुने गर्छ, त्यो किन नेपालको स्वार्थमा छैन भनेर राम्रो समीक्षा गर्न सकिन्थ्यो । तर, त्यस्तो काम गरिएन । नेपालले आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने कार्य गरेन ।

आशा गरौं, नयाँ श्वेतपत्रको तयारी गर्दै गर्दा अर्थमन्त्री खतिवडाले क्षेत्रीय सुरक्षालाई नेपालको पक्षमा व्याख्या गर्ने अवसर गुमाउने छैनन् । सके उनले अरू दुईवटा पक्षबारे समेत गहन समीक्षा गर्नेछन् । पहिलो, पञ्चायत कालमा प्रारम्भ भएको संरचनात्मक सुधारले विकासको समग्र लक्ष्य हासिल गर्ने सम्पूर्ण अभ्यासलाई कसरी प्रभावित गर्‍यो ? उदाहरणका लागि, हालसम्म हामीले जेलाई राष्ट्रिय लक्ष्य मानिरहेका छौं, त्यो विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र दिगो विकास लक्ष्यका माध्यमबाट शक्तिशाली संस्था र राष्ट्रले हामीलाई तोकिदिएका लक्ष्य हुन् । संरचनागत सुधार कार्यक्रमसँगै अर्थतन्त्र बजारमुखी भइरहँदा यी लक्ष्य हासिल गर्ने कार्य किन असहज बन्दै गए ? यसबारे सरकारी तवरबाट गहन समीक्षा आवश्यक छ । दोस्रो, अर्थमन्त्री भन्दै छन्, 'नयाँ विदेशी सहायता पुँजी विकासका लागि अनिवार्य छ ।' त्यसो भए सात दशकदेखि विदेशी सहायतासँग आएको रणनीतिक स्वार्थ, त्यसले ल्याएको सकारात्मक वा नकारात्मक प्रभाव, प्रत्येक नेपाली नागरिकले बोकिरहेको ऋणभारको दीर्घकालीन संरचनागत असरबारे श्वेतपत्रमा खुलेर समीक्षा गरिनुपर्छ । अन्यथा, हाम्रो भूगोलको नयाँ परिभाषा र क्षेत्रीय सुरक्षाको नयाँ व्याख्या सम्भव छैन । अर्थ-संरचनामा तात्त्विक सुधार केवल नारामा मात्र सीमित हुनेछ । अनि, आमनेपालीले जसरी पञ्चले विकासको मूल फुटाएको, माओवादीले नयाँ नेपाल बनाएको देखे, त्यसरी नै वाम गठबन्धनले समृद्धि ल्याएको देख्ने छन् । ◆

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार
१ किलो सुन
हरेक महिना
१० तोला सुन
हरेक साता
१ किलो चाँदी
जित्नुहोस् १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रु २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका। एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस्।

रमेश केसी ।

त्यो मार्क्सको घाउ, यो प्रजातन्त्रको मृत्यु

अहिले संसारमा जति पनि क्रान्ति भएका छन्, ती सबै दक्षिणपन्थी क्रान्ति हुन् । युरोपियन युनियनबाट अलग हुने बेलायतको निर्णय र अमेरिकाजस्तो पुरानो प्रजातन्त्रमा लोकप्रियतावादी ट्रम्पको विजय यी क्रान्तिका उदाहरण हुन् । नेपालका संघीय संसद् र प्रादेशिक सभाहरूमा भने दुई कम्युनिस्ट पार्टीको गठबन्धनले झन्डै दुई तिहाइ बहुमत हासिल गरेको छ । र, राज्यका सबै संवैधानिक पद उनीहरूले पाएका छन् । नेपाल वाममय भएको छ । के नेपालमा चुनावमार्फत कम्युनिस्ट क्रान्ति भएको हो ? यसको उत्तर त्यति सजिलो छैन । अहिले उत्तरविचारधाराको युग हो । पुराना सिद्धान्तले संसारभर काम गर्न छाडेका छन् । नेपाली कम्युनिस्टहरू शास्त्रीय मार्क्सवादमार्फत सर्वहारा वर्गको अधिनायकत्वको राजनीति गरिरहेका छैनन्, अहिले उनीहरूले वर्गको राजनीति छाडेर सबै तह र तप्काका जनताको राजनीति गरेकाले यो सम्भव भएको हो । सन् १९९० को दशकमा विश्वबाट साम्यवादी शासन ढलेपछि मार्क्सको महाभाष्यमा ठूलो घाउ लाग्यो । मार्क्स उदार-प्रणाली प्रजातन्त्र र खुला अर्थतन्त्रबाट उनको जन्मभूमि युरोपमै पराजित बने । उनको यो घाउबाट आत्तिएर एमाले महासचिव मदन भण्डारीले बहुदलीय जनवादको कार्यक्रममार्फत खुला प्रतिस्पर्धात्मक राजनीतिको सुरुआत गरे । तर, नौलो जनवादमार्फत सर्वहारा वर्गको अधिनायकत्व ल्याउने भनी माओवादीले सन् १९९६ देखि दसवर्षे जनयुद्ध गऱ्यो । शान्ति प्रक्रियामार्फत संसदीय राजनीतिमा प्रवेश गरेपछि यसको मूलधार अहिले एक्काइसौं शताब्दीको जनवादमार्फत एमालेसँग एकीकरण गर्न गइरहेको छ । हालै चुनावमा यी दुई दलको गठबन्धनको सफलता संसदीय राजनीतिमार्फत भएको छ, जसलाई उनीहरू बुर्जुवा तथा प्रतिक्रियावादी राजनीति भन्ने गर्थे । उनीहरूको यो रूपान्तरणलाई वामपन्थी चिन्तक हिगेलवादी स्लोभोज जिजेकले 'फुकुयामा वामपन्थी'को संज्ञा दिएका छन् । फ्रान्सिस फुकुयामा तिनै दार्शनिक हुन्, जसले सन् '९० मा 'इतिहासको अन्त्य'को विमर्श सिर्जना गरेर साम्यवादमाथि उदार प्रजातन्त्र र अर्थतन्त्रको विजय घोषणा गरेका थिए । तर, आज चीन र रुसजस्ता ठूला राष्ट्र इतिहासको अन्त्यको विरोधी हुँदै झन् एकाधिकारवादी शासनतर्फ गएका छन् । नेपालमा भने साम्यवादीहरू फुकुयामावादका उदारवादी तत्त्व आत्मसात् गरेर सत्ता प्राप्त गर्न सफल भए । मार्क्सको दर्शन जगैदेखि अधिनायकवादी थियो । यो सर्वसत्तावादलाई सन् १९४० को दशकमै दार्शनिक कार्ल पोपरले *ओपेन सोसाइटी एन्ड इटस इनेमिज* नामक पुस्तक लेखेर विरोध गरेका थिए । मार्क्सको ज्ञान मीमांसीय दर्शन गलत थियो । जुन ज्ञानमार्फत उनीहरूले सत्यमा पुग्ने दाबी गरेका थिए, उनीहरू पुग्न सकेनन् । ७० वर्षको प्रयोगपछि सोभियत साम्यवादी साम्राज्य असफल भयो । माओकालीन चीनलाई देङले रूपान्तरण गरे । कम्बोडियाका नरसंहारक पोलपोटहरू सत्ताच्यूत भए । क्युबा गरिबी र पछौटेपनको सिकार बन्यो । उत्तर कोरिया आन्तरिक सुरक्षाका लागि आणविक हतियार बनाउन लाग्यो । भियतनामले खुला बजार अर्थतन्त्रतर्फ यात्रा बढायो । पूर्वी युरोपका हंगेरी, रुमानिया र अल्बानियाजस्ता राष्ट्र प्रजातान्त्रीकरणतर्फ लागे । साम्यवाद-सपनाको मृत्यु भएका यी विश्व घटनाक्रमले नेपाली साम्यवादीहरू 'सर्बाइबल'को समस्याले संसदीय राजनीतिमा हाम फाले । मार्क्सको 'युटोपियन' संसारको दाबी गर्ने दर्शनमा घाउ लागेपछि नेपाली कम्युनिस्ट पनि त्यो घाउको उपचार सम्भव नदेखेर आफ्नो र दलको वर्चस्वका लागि कायापलट भए । यो उत्तरविचारधाराको युगमा यसप्रकारको राजनीतिलाई व्यवहारवाद पनि भन्न सकिन्छ । अहिले विश्वभरि उदार प्रजातन्त्र संकटमा परेको छ । रुस, हंगेरीदेखि भारतसम्म दक्षिणपन्थी एकाधिकारवाद हाबी भएको छ । प्रजातन्त्रको लिखित नियम संविधान हो भने यसका अलिखित मूल्य-मान्यता हुन्छन्, तिनलाई वाम गठबन्धन सरकारले मान्छ-मान्दैन, हेर्न बाँकी नै छ । सत्रौं शताब्दीमा युरोपमा भएको प्रबोधन क्रान्तिले प्रजातान्त्रिक राज्य प्रणालीका आधारहरू तय गरेको थियो, जसको प्रभावमा अमेरिका र युरोपमा प्रजातन्त्र अहिलेसम्म चलिरहेको छ । प्रबोधन क्रान्तिको स्वतन्त्रता र विचार-विवेकलाई महत्त्व दिने दर्शनले प्रजातन्त्रको दार्शनिक आधारभूमि तयार गर्छ । के नेपालजस्तो कम विकसित र पछौटेपनको सिकार भएको राष्ट्रमा वर्तमान सत्ताले यी माथिका मूल्य-मान्यतालाई पालन गर्छ-गर्दैन, त्यसमा नै नेपालमा प्रजातन्त्रको आयु निर्धारण हुन्छ । युरोपियन प्रबोधन कालको सन्देश आज पनि नेपाललाई त्यत्तिकै चाहिएको छ । समृद्धिको नारा दिएर सत्ता कब्जा गर्न सफल वाम गठबन्धनले वर्तमान संविधान अन्तर्गत नै शासन गर्ने हो । संविधानवाद आजको प्रमुख आवश्यकता हो । विश्वास गरौं, यी नयाँ फुकुयामा वामपन्थीहरूले प्रजातन्त्र, मानव अधिकार, स्वतन्त्र प्रेस, धार्मिक स्वतन्त्रता र स्वतन्त्र न्यायालयलाई सम्मान गर्नेछन् । उनीहरू शास्त्रीय कम्युनिस्ट दर्शनमा फर्कने छैनन् । अहिलेको युग खुला समाजको युग हो । नेपाली समाजलाई बन्द गरेर एकाधिकारवाद उनीहरूले लाद्ने छैनन् । निश्चितवाद र सिद्धान्तमा अहिले कुनै पनि राज्य प्रणाली सञ्चालन हुनै सक्दैन ।

अहिले अक्टोबर क्रान्तिको परिकल्पना सम्भव छैन । किनभने, साम्यवादमा पुगेर काल्पनिक स्वर्ग-धरती बनाउने लक्ष्य झूटो भएको हेक्का उनीहरूलाई छ । मार्क्सको घाउबाट आत्तिएका र सत्तामा पुगेपछि प्रजातन्त्रको स्वास्थ्य बिगार्न सक्ने वामपन्थीको वर्तमान सत्ता यस्तो युगमा निर्माण भएको छ, जुन अनिश्चयको युग हो । यदि उनीहरूले चुनावताका गरेको दुई शक्तिशाली छिमेकीसँगको सन्तुलित सम्बन्धबाट जनतामा समृद्धि ल्याएनन् भने उनीहरूलाई यस संसदीय राजनीतिमा अर्को चुनावसम्ममा नयाँ घाउ लाग्नेछ । ♦

अनर्थतन्त्र

भूमिगत कारोबारको हिस्सा औपचारिक अर्थतन्त्रकै आकारमा

मनबहादुर बस्नेत

'धारा, ढिकी वा वासिङ मेसिनमा पैसा हाल्न भएन । बाहिर निकाल्नेबित्तिकै सरकारले समाउँछ । अनि, कसरी लुकेको पैसा बाहिर आउँछ ?'

प्रधानमन्त्री चुनिनु १५ दिनअघि केपी ओलीले व्यक्त गरेको यो अभिव्यक्तिले नै नेपालमा अवैध धनको दबाब र शक्ति अन्दाज गर्न सकिन्छ । भूमिगत रकम बाहिर आउन नसक्केकै कारण मुलुकमा लगानी नबढेको ठहर गर्दै ओलीले एकपटक यस्तो धन फुकुवा गर्नुपर्ने तर्क गरेका थिए, १६ माघमा नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधिसँग । प्रधानमन्त्री बनेपछि ओलीले यही बोली त दोहोर्‍याएका छैनन् । तर, उनकै मन्त्रिपरिषद्का सदस्यले भने शृंखलाबद्ध रूपमा यो विषय बाहिर ल्याए ।

संयोग कस्तो भने ओलीकै मन्त्रिपरिषद् सदस्य गृहमन्त्री रामबहादुर थापाले पनि नेपाल चेम्बरका प्रतिनिधिसँग नेपालको अर्थतन्त्र तस्करहरूको हातमा पुगेको बताएका थिए, ११ चैतमा । त्यसअघि पनि २७ फागुनमा थापाले गृह मन्त्रालयमै आयोजित अन्तर्क्रियामा 'देश तस्करहरूको इसारामा चलेको' बताएका थिए ।

कालो धनलाई सेतो बनाउने ओलीको बोलीकै अर्को शृंखला हो, गृहमन्त्रीको अभिव्यक्ति । जसले एकातिर मुलुकमा कालो धनको सञ्जाल बलियो बन्दै गएको देखाउँछ भने अर्कोतिर यो सञ्जाल बिस्तारै राज्यको नियन्त्रणबाहिर पुगेको समेत संकेत गर्छ । अवैध सम्पत्तिलाई वैधता दिलाउने दबाबसमेत सत्तासीनहरूको बोलीबाट छर्लंग हुन्छ । अझ अवैध धन्दा रोक्ने र कानुन कार्यान्वयन गर्ने अग्रभागको निकाय गृह प्रशासनबाटै यस्तो अभिव्यक्ति आउनुले कालो बजारको शक्ति मापन गर्न सकिन्छ ।

वार्षिक बजेटजत्रै भूमिगत अर्थतन्त्र

अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण अनुसार अहिले मुलुकको अर्थतन्त्र २६ खर्ब रुपियाँको छ । झस्काउने पक्ष के छ भने झन्डै औपचारिक अर्थतन्त्रकै आकारमा भूमिगत कारोबारको हिस्सा छ । विभिन्न अध्ययनहरूले नेपालमा अनौपचारिक अर्थतन्त्रको हिस्सा ४० प्रतिशत देखाएका छन् । अर्थात्, कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ४० प्रतिशत अनौपचारिक माध्यमबाट कारोबार हुने गरेको छ, जुन १० खर्ब ४० करोड रुपियाँ हुन आउँछ । यो नेपालको वार्षिक बजेटभन्दा केही सानो मात्र हो । नेपालको वार्षिक बजेट साढे १२ खर्ब रुपियाँको छ । राष्ट्र बैंकका अनुसार नेपाल र भारतबीचको आयात-निर्यात तथ्यांकको भिन्नतासमेत ४० प्रतिशतकै हाराहारी छ । नेपालको भन्सार अभिलेख र भारतको भन्सार अभिलेखमा यति ठूलो भिन्नता देखिएको हो ।

छाया अर्थतन्त्रबारे सन् २०१० को विश्व बैंकको अध्ययन अनुसार नेपालको जीडीपीमा करिब ३७ प्रतिशत योगदान अवैध कारोबारको छ । विश्वका १ सय ६२ राष्ट्रमा सन् १९९९ देखि २००७ सम्मको तथ्यांक विश्लेषण गरिएको उक्त अध्ययनमा नेपाल अनौपचारिक कारोबार गर्ने मुलुकको ६४औँ स्थानमा छ भने दक्षिण एसियामा दोस्रो । नेपालले सन् २०१२ मा विश्व व्यापार संगठनमा पेस गरेको नेपाल व्यापार समीक्षामा समेत नेपाल-भारतबीचको औपचारिक व्यापारको ठूलै अंश बराबर अनौपचारिक व्यापार हुने गरेको जनाइएको छ । त्यसैगरी सन् २००२ मा साउथ एसिया नेटवर्क अफ इकोनोमिक इन्स्टिच्युटले भारत, श्रीलंका र नेपालको अनौपचारिक कारोबारबारे अध्ययन गर्दा नेपाल-भारतबीचको यस्तो कारोबार ३६ देखि ४० प्रतिशत हुने औँल्याएको थियो ।

कानुनी दायरामा नआएका कारोबारलाई अनौपचारिक अर्थतन्त्र भन्ने गरिन्छ । अनौपचारिक अर्थतन्त्रमा सबै अवैध धन नै आर्जन हुन्छ भन्ने छैन । वैध कारोबार भए पनि कर नतिरी सम्पत्ति कमाइएको हुन सक्छ । यो निर्वाहमुखी स्वरूपमा सानो अंशमा मात्रै हुने भएकाले अनौपचारिक अर्थतन्त्रको ठूलो हिस्सा भने अवैध आर्जन नै हुन्छ । "अनौपचारिक अर्थतन्त्रको ठूलो हिस्सा अवैध आम्दानी नै हो," अर्थविद् केशवप्रसाद आचार्य भन्छन् । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले त नेपालको ९६ प्रतिशत रोजगार अनौपचारिक तवरमा हुने जनाएको छ ।

वास्तविकभन्दा कम वा बढी खरिद मूल्य देखाएर गरिने कारोबारलाई अनौपचारिक कारोबार मानिन्छ । यसको अर्थ न्यून तथा अधिक बिजकीकरणसमेत अनौपचारिक अर्थतन्त्र हो । न्यून वा अधिक बिजकीकरणलाई आर्थिक अपराध मानिन्छ । नेपालमा यस्तो प्रवृत्ति व्यापक रहेको छ । बारम्बार न्यून वा अधिक बिजकीकरणका कारण सरकार र व्यवसायीबीच द्वन्द्व हुँदै आएको छ । फागुन अन्तिममा अर्थ मन्त्रालयले सन्दर्भ मूल्यसूचीका आधारमा मात्रै भन्सार महसुल लिन अह्राएको थियो । प्रदेश-१ को विराटनगर र प्रदेश-२ को वीरगन्ज भन्सारले मन्त्रालयको निर्देशानुसार कार्य थाल्दा अनौठो दृश्य देखापर्‍यो । मरीच र चिनीमा व्यापारीले बुझाएको खरिद मूल्यसँग भन्सारको सन्दर्भ मूल्यसूची आकाश-जमिन फरक पर्‍यो । व्यापारीले मरीच प्रतिमेट्रिक टन तीन हजार डलरमा किनेको बिल देखाएका थिए भने भन्सारले सात हजार डलर तोकेको थियो ।

सामान आयात हुने देश, गत वर्षको भन्सार मूल्यांकन, विश्व बजारको दर आदि संकलन गरेर भन्सारले सन्दर्भ मूल्य निर्धारण गर्छ । गत वर्ष मरीच ८ देखि १२ हजार डलर प्रतिमेट्रिक टनमा कारोबार भएको भन्सारको अभिलेखमा छ । तर, यो वर्ष मरीचको मूल्य घटेको भन्दै

आपराधिक

०७१/७२ ०७२/७३

आखेटोपहार

	०७१/७२	०७२/७३	०७३/७४
बाघको छाला	२१ थान	१५ थान	७ थान
बाघको टाउको	२ थान	-	१
बाघको हड्‌डी	६४ केजी	५३	-
सालकको खपटा	९ केजी	९ केजी	९ केजी
रेडपान्डाको छाला	११ थान	६	१६
हुचिल	-	७ वटा	-
भालुको पित्त वा अन्य अंग	-	-	५
चितुवाको छाला	४ थान	२३ थान	१३ थान
कस्तूरी	४ थान	१ थान	२ थान
कछुवा	१ थान	-	-
मृगको छाला	३ थान	१ थान	-
हरिणको सिङ	-	-	१ थान
हात्तीको दाह्रा	-	-	-
गैँडाको छाला/खाग	४ थान	-	२ थान
यार्सा गुम्बा	१ केजी	-	-

अवैध

५२ करोड
३२ करोड
४३ करोड
६३ करोड

भन्सार छली (रुपियाँमा)

१ अर्ब ३ करोड
१ अर्ब ५६ करोड
६२ करोड
जम्मा
३ अर्ब २१ करोड

स्रोत : नेपाल प्रहरी

व्यवसायीले अस्वाभाविक बिल देखाएका थिए । भियतनामबाट आयात हुने मरीचको भन्सार निर्धारण अन्ततः व्यवसायीले भनेजस्तै बन्यो । भन्सार विभागले ३ हजार ७ सय डलरमै मूल्यांकन गर्ने भएपछि विवाद साम्य भएको छ । "व्यवसायीका अगाडि सरकारको केही लागेन," अर्थ मन्त्रालयका एक उच्च अधिकारी भन्छन्, "यही प्रवृत्तिले व्यवसायी मालामाल भइरहेका छन् ।"

यसअघि कालोबजारी गरेको भन्दै काठमाडौँको दरबारमार्गमा तत्कालीन आपूर्तिमन्त्री शिवकुमार मण्डलसहितको टोली बजार नियमनमा उत्रिँदा एक हजार प्रतिशतसम्म नाफा राखेर सामान बेचेको भेटियो । यसरी बढी मूल्यमा बेच्नुको जरोसमेत न्यून बिजकीकरणमै गाँसिएको थियो । दरबारमार्गको नाइक, बेन्ट्लीलगायतका पसलमा अनुगमन गरिएको थियो । त्यसक्रममा ४ हजार ७ सय रुपियाँमा आयात गरेको जुत्ता २७ हजार रुपियाँमा ग्राहकलाई बेचिएको थियो । भन्सार कर्मचारीकै मिलेमतोमा कम भन्सार मूल्यांकन गरेर सामान भित्र्याउँदा बजार मूल्यमा यति धेरै अन्तर देखिएको हो । ०६७ मा अर्थ मन्त्रालयले नक्कली भ्याट बिल राखेर सामान बेच्नेमाथि समेत छानबिन गरेको थियो । यो प्रकरणको अन्तर्य पनि न्यून भन्सार मूल्यांकन नै थियो ।

खरिद बिल तलमाथि गरेर अवैध तवरले धन आर्जन गर्ने व्यवसायीको पुरानै प्रवृत्ति हो । विसं ०३४ मा न्यून बिजकीकरणको चर्चित काण्ड भएको थियो । त्यतिखेर जति मूल्य बराबरको निर्यात गर्‍यो, व्यवसायीले त्यति नै विदेशी विनिमयको स्वीकृति पाउने कानुनी प्रावधान थियो । गलैँचा त्यतिबेलाको मुख्य निर्यात थियो । यस्तो व्यवस्थाका कारण व्यवसायीले बढी सामान निर्यात गरेको आँकडा प्रस्तुत गरे । सामान आयात गर्दा भने वास्तविक खरिद बिलभन्दा कम देखाएर राजस्व छली गरेका थिए । यो प्रकरणमा राजस्व कर्मचारी, व्यापारीसमेत जेल पुगेका थिए । कतिपयको जागिर गएको थियो, जुन गलैँचा काण्ड भनेर चिनिन्छ । "यो ज्यादै पुरानो रोग हो," अर्थविद् आचार्य भन्छन्, "जुनसुकै शासन व्यवस्था आए पनि निको भएन ।"

अज्ञात आम्दानी

अवैध सुन ओसार-पसार, लागूऔषध, वन्यजन्तु र त्यसका अंगहरूको कारोबार, मानव तस्करी, अवैध विदेशी मुद्राजस्ता आपराधिक क्रियाकलापबाट हुने आम्दानी सानो छैन । अनौपचारिक आम्दानीको ठूलो स्रोत यस्तै भूमिगत कारोबार हुन् । संगठित स्वरूपमा हुने यस्ता आपराधिक कार्यमा ज्यादै ठूलो रकम लुकेको हुन्छ । विश्वमै सबैभन्दा बढी मुनाफा हुने अवैध कारोबार मानिन्छ, लागूऔषधलाई । दोस्रोमा मानव तस्करी र तेस्रोमा वन्यजन्तुको कारोबार पर्छ । नेपालमा यस्तो कारोबारबाट कति भूमिगत आम्दानी हुन्छ भन्ने अनुसन्धान भएको छैन । तर, यस्तो आम्दानी बढ्दो मात्रामा भएको सम्बन्धित निकायहरूको मत छ । प्रहरी तथ्यांकले समेत यस्तै संकेत गर्छ ।

नेपाल प्रहरीको तथ्यांकमा आर्थिक वर्ष ०७१/७२ देखि ०७३/७४ को चारवर्षे अवधिमा मात्रै सुन र लागूऔषधमा मात्रै झन्डै पाँच अर्ब रुपियाँ बराबरको कारोबार भएको छ । यी दुवै वस्तुको अवैध कारोबार पछिल्ला वर्षमा क्रमशः बढ्दो देखिन्छ । ०७१/०७२ मा साढे १० करोड रुपियाँ बराबरको लागूऔषध बरामद गरेको प्रहरीले ०७३/७४ मा करिब तीन अर्ब रुपियाँ बराबरको जफत गर्‍यो । यहाँनेर के बिर्सनु हुँदैन भने लागूऔषध विश्वमै हतियार, मानव बेचबिखनपछि सबैभन्दा बढी धन आर्जन हुने भूमिगत कारोबार हो । लागूऔषधको कुल भूमिगत कारोबारमध्ये २५ देखि ३० प्रतिशत मात्रै प्रहरी नियन्त्रणमा आउँछ । बाँकी गुपचुप बजारमा जान्छ ।

०७१/०७२ मा प्रहरीले ५२ करोड रुपियाँ बराबरको १ सय १२ किलोग्राम सुन नियन्त्रणमा लिएकामा दुई वर्षपछि यो ग्राफ १ सय ३३ किलोग्राम पुग्यो, जुन अघिल्लो वर्षको ८४ प्रतिशतभन्दा बढी हो । संगठित अपराधका घटनामा प्रहरीले जफत गर्ने सामग्रीको अंश ज्यादै न्यून हुन्छ । सुन तस्करीको कारोबारमध्ये मुस्किलले पाँच प्रतिशत मात्रै प्रहरीको पकडमा आउँछ । यसले नै देखाउँछ, सुनको अवैध कारोबारको प्रभाव र आम्दानीको हैसियत ।

डेढ वर्षअघिको एउटा सुन तस्करी काण्डको अनुसन्धानबाट यस्तै आश्चर्यजनक आँकडा निस्किएको थियो । २१ पुस ०७३ मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले संयुक्त अरब इमिरेट्स (यूएई)बाट नेपाल भित्रिएको साढे ३३ किलोग्राम सुनसहित पक्राउ परेकाहरूको बयानबाट वार्षिक १८ अर्ब रुपियाँ बराबरको सुन तस्करी हुने गरेको खुलेको थियो । यो एउटा समूहले भित्र्याउने अवैध सुनको पाटो मात्रै हो । यूएईबाट सुन तस्करी गर्ने भिन्दाभिन्दै तीनवटा समूह सक्रिय रहेको अनुसन्धानबाट

आर्जन

०७३/७४ ०७४/७५

मुद्रा

डलर

- ७ अर्ब ५७ लाख
- २ अर्ब ९५ लाख
- ९५ लाख
- १३ लाख
- १ अर्ब २२ लाख
- ३ अर्ब ९८ लाख
- ५ लाख
- ३ लाख
- १३ लाख

सुन (रूपियाँमा)

- ११२ किलो
- ६८ किलो
- ९१ किलो
- १३३ किलो

जम्मा
२ अर्ब | ४०४ किलो

लागू औषध

	जम्मा (किलो)	अन्दाजी मूल्य
गाँजा	१७,३५८	९ लाख
चरेस	५,१९०	२० करोड ७६ लाख
हेरोइन	१४.७	४ करोड ४१ लाख
अफिम	१४१.९	२ करोड ८४ लाख
कोकिन	६५८	२ अर्ब ६३ करोड

(रूपियाँमा)

खुलेको थियो । तीनवटा समूहले ल्याउने तस्करीको हिस्सा जोड्ने हो भने वार्षिक एक खर्ब रुपियाँ पुग्छ । खाडीको यो हवाई मार्गबाहेक नेपालमा ठूलो मात्रामा चिनियाँ स्थलमार्गबाट समेत अवैध सुन भित्रिन्छ । खाडी क्षेत्र र चीनबाट सुन भित्र्याउने अलग-अलग समूह हुन् । तस्करी सुनको खपत नेपाल र भारतीय बजारमा हुने पटक-पटक खुलिसकेको छ ।

वन्यजन्तु र यसका अंगहरूको ओसार-पसार नियन्त्रणमा सक्रिय सीआईबीको तथ्यांक अनुसार चार वर्षअघि यस्तो कार्यमा संलग्न ८५ जना पक्राउ गरेकामा अघिल्लो आर्थिक वर्षमा पक्राउ संख्या १ सय १६ जना पुगेको छ । चालू आर्थिक वर्षको ६ महिनामा मात्रै प्रहरीले ५७ जनालाई नियन्त्रणमा लिएको छ । उनीहरूमध्ये अधिकांशबाट सालकको खपेटा, बाघ, चितुवाको छाला, रेड पान्डाको छाला जफत गरेको थियो । कतिपय घटनामा हतियारसमेत बरामद भएको भेटिन्छ, जसले अपराधको स्वरूप र शक्ति छर्लंग पार्छ । सीआईबीले ०६९ मा जफत गरेको आखेटोपहारले सबैलाई चकित बनाएको थियो । त्यसबेला साढे पाँच अर्ब रुपियाँ बराबरको चिरुको रौँ (साहतुस) बरामद भएको थियो । बरामदी वन्यजन्तुको आखेटोपहारको मूल्य निकाल्न गाह्रो छ । तर, निकै महँगो मूल्यमा बिक्री हुने अनुसन्धानमा संलग्न प्रहरी अधिकारी बताउँछन् । "मुनाफा मनग्गे हुने भएपछि नै जोखिम मोलेर यस्तो काम गर्ने हो," सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) जीवनकुमार श्रेष्ठ भन्छन् ।

मानव बेचबिखनमा समेत नेपालको आँकडा बढेको देखिन्छ । मानव तस्करी 'विन-विन' अवस्थाको अपराध भएकाले यसमा उजुरी नै थोरै पर्ने सीआईबीका निर्देशक एवं डीआईजी पुष्कर कार्की बताउँछन् । प्रहरीमा मुस्किलले २ प्रतिशत मात्रै उजुरी पर्ने अनुमान छ । ०७३/७४ मा मानव बेचबिखनका २ सय २७ वटा घटना भएको नेपाल प्रहरीको तथ्यांक छ, जुन अघिल्लो वर्षको भन्दा झन्डै २० प्रतिशत बढी हो । यी घटनामा कति आर्थिक लेनदेन भयो भन्ने अनुसन्धानबाट नखुले पनि, अर्बौं रुपियाँ कमाइ हुने अनुमान छ ।

संगठित अपराधमा संलग्नहरूले सम्पत्ति कुन मात्रामा थुपार्छन् भन्ने उदाहरण हुन्, सञ्जय साह 'टकला' । उनी ०६९ मा जनकपुरमा भएको बम विस्फोटका मुख्य अभियुक्त हुन् । ५ जनाको मृत्यु र ३२ घाइते भएको जनकपुर बम काण्डमा समातिएपछि हत्या, अपहरण, फिरौती, चन्दा असुलीजस्ता कृत्यबाट उनले करिब ३२ करोड रुपियाँको अवैध सम्पत्ति जोडेको खुलेको छ । साहकै मुद्दामा जोडिएका अन्य १२ जनाले २४ करोड रुपियाँ गैरकानुनी कमाइ गरेको अभियोग छ । १२ जनामध्ये तीन जना साहकै परिवारका हुन् । ०६८ देखि हालसम्म सीआईबीले गरेको अनुसन्धानबाट ३६ जनाले डेढ अर्ब रुपियाँ बराबरको अवैध रकम जोडेको खुलेको छ ।

ज्यानमारा भूमिगत कारोबार

सुन तस्करी र लागूऔषधका कारोबारले जघन्य अपराधसमेत बढाइरहेका छन् । सुन तस्करीका कारण दुई जनाले ज्यानै गुमाइसके । १८ फागुनमा मोरङ, उर्लाबारीका सनम शाक्यलाई ३३ किलो सुन गायब बनाएको भन्दै तस्करीका नाइके चूडामणि उप्रेती उर्फ गोरेले करेन्ट लगाएर हत्या गर्न लगाए । शाक्यसहित उर्लाबारीकै मोहन काफ्ले र नरेन्द्र कार्की तस्करी समूहका भरिया हुन्, जो उप्रेतीका लागि रसुवागढी-केरुङ नाकाबाट सुन ओसार-पसारमा संलग्न थिए । शाक्यको शव महानगरीय प्रहरी अपराध महाशाखाको टोलीले बा १२ च ५९६३ नम्बरको स्कर्पियोमा मोरङबाट बरामद गरेको थियो । प्रहरीका अनुसार उप्रेती झन्डै ६ वर्षदेखि सुन तस्करीमा संलग्न थिए । अझ प्रहरीसमेत सनम हत्यामा मिलेको हुन सक्ने आशंका गरिएको छ ।

प्रधान कार्यालयका डीआईजी पुस्कलराज

अवैध धनको अर्को बाटो

उत्तर अमेरिकी मुलुक पनामामा सेल कम्पनी (बोक्रे अर्थात् छाया कम्पनी) खोलेर नेपालीले समेत कालो धन सेतो बनाउने गरेको तथ्य खुल्यो, चैत ०७२ मा । पनामा पेपर्स नाम दिइएको उक्त सूचीमा सात नेपालीको नाम दर्ज थियो । ट्याक्स हेभन भनिने यस्ता देशमा रकम जम्मा गर्न स्रोत खोल्नुपर्दैन । सेल कम्पनीमार्फत कारोबार देखाएर वैदेशिक लगानीको नाममा धन मुलुकभित्र भित्र्याउने गरिन्छ । पनामा पेपर्सले नेपालीको नामसूची निकाले पनि कारोबार खोलेन । नेपालले समेत यसमा अनुसन्धान गरेन ।

बरू नेपाल राष्ट्र बैंकले सेल कम्पनीमार्फत भित्रिएको हुन सक्ने भन्दै अजेयराज सुमार्गीको साढे तीन अर्ब रुपियाँ रोकेको थियो, जुन सर्वोच्च अदालतको आदेशपछि फुकुवा भइसकेको छ । ०७१ मा स्वीस लिक्सले एचएसबीसी बैंकको स्विट्जरल्यान्डस्थित एउटा शाखामा २ सय ३ मुलुकका १ लाखभन्दा बढी सेवाग्राहीको १ खर्ब बढी अमेरिकी डलर लुकाएर राखेको सार्वजनिक भयो, जसमा नेपालीको नाममा साढे पाँच अर्ब रुपियाँ देखिएको थियो । त्यस्तै, इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट (आईसीआईजे)ले विभिन्न ट्याक्स हेभन मुलुकमा १३ जना नेपालीको सेल कम्पनी रहेको सूची सार्वजनिक गरेको थियो । विश्वभरको शंकास्पद कारोबारमाथि अनुसन्धान गर्ने ग्लोबल फाइनान्सिअल इन्टिग्रिटी (जीएफआई)ले सन् २००४ देखि ०१४ बीच नेपालबाट मात्र प्रतिवर्ष ५७ करोड अमेरिकी डलरका दरले करिब ६ अर्ब डलर बाहिरिएको जनाएको थियो । त्यसमध्ये ६ अर्ब डलर आयात व्यापारका क्रममा गरिने न्यून बिजकीकरणसँग सम्बन्धित थियो, जुन बाहिरिएको मध्ये ९५ प्रतिशत हो । अन्तर्राष्ट्रिय संस्थाले बेलाबेला यस्ता शंकास्पद कारोबारको सूची निकाले पनि नेपालले अनुसन्धान गर्न सकेको छैन ।



रामेश्वर खनाल

कालो धनको

संघीय संसद्को चुनाव परिणाम सार्वजनिक भएपछि स्रोत नखुलेको (भूमिगत) सम्पत्ति लगानी गर्न दिनुपर्ने भनेर केही चर्चा उठे । प्रत्येक राजनीतिक परिवर्तनसँगै सामान्य रूपमा उठ्ने चर्चामध्येको एक यो केही दिनपछि सेलाएजस्तो भयो । तर, विराम लागेको रहेनछ । नयाँ सरकार गठनलगत्तै १६ फागुनमा नेपाल चेम्बर अफ कमर्सले 'स्रोत नखुलेको स्वदेशी सम्पत्ति' अभिलेखीकरण गरी लगानी गर्ने वातावरण बनाइदिन लिखित माग गर्‍यो ।

यसैबीच बैंकरहरूले आफ्नै कुकृत्यले जन्माएको तरलता संकटको सन्दर्भलाई जोडेर स्रोत नखुलेको सम्पत्ति लगानी गर्न सहज गरिदिए अर्बौं रुपियाँ 'नगद बैंकिङ प्रणालीमा नयाँ निक्षेपका रूपमा आउने र त्यसले तरलता संकट निमिट्यान्न पार्ने दाबी गर्दै वक्तव्य निकाले । सबै व्यवसायी र बैंकरसँग स्रोत नखुलेको सम्पत्ति पक्कै छैन । तर, जोसँग छ, यति शक्तिशाली छन्, तिनले सबैलाई यसका पक्षमा बोल्न बाध्य पार्न सक्छन् । उनीहरूले यस्तो शब्दावली प्रयोग गरेका छन्, जसले सामान्य मानिसलाई अलमल्याउन सक्छ । 'कालो धन' भन्दा धेरैको कान ठाडो होला भनेर सभ्यजस्तो लाग्ने 'स्रोत नखुलेको सम्पत्ति' शब्दावली प्रयोग गरिएको छ ।

यथार्थ के हो भने आम्दानीको स्रोत नखुल्ने, खुलाउन नसकिने हुँदै हुँदैन । सम्पत्तिको सिर्जना आम्दानीबाट हुने हो । आम्दानी त क्षणिक अर्थशास्त्रीय अवधारणा हो । सबै आम्दानीको घटनासँगै त्यही क्षण सम्पत्तिका रूपमा प्रकट हुन्छ, नगद वा कुनै भौतिक वा अभौतिक सम्पत्तिका रूपमा, यदि त्यस्तो सम्पत्तिको पहिचान हुन्छ, त्यसको स्वामित्वको पहिचान हुन्छ भने स्वाभाविक रूपमा त्यसको स्रोत पनि खुल्छ । हो, गाडधनको स्रोत नखुल्न सक्छ । तर, नेपालका प्रभावशाली, समाजमा शिर ठाडो पारेर हिँडेका व्यवसायीले कुरा उठाएको विषय गाडधनको होइन । यो मिहिनेत गरेर वा नगरेर, ठगेर वा लुटेर आर्जन गरेको आयले सिर्जना गरेको धन हो, सम्पत्ति हो । कालो धन हो ।

सामान्यतया दुई प्रकृतिका धनलाई 'कालो धन' भन्ने गरिन्छ । पहिलो, जसको आय-आर्जनको स्रोत वैधानिक छ तर प्रचलित कानुन बमोजिमको कर दायित्व निर्वाह गरिएको छैन । दोस्रो, जसको आयको स्रोत अवैधानिक वा आपराधिक गतिविधिसँग सम्बन्धित छ ।

परम्परागत रूपमा अर्थात् आर्थिक अपराध व्यापक रूपमा मौलाउनुअघि नेपालमा थियो भन्ने गरिएको 'कालो धन' पहिलो वर्गमा पर्थ्यो । खासगरी स-साना व्यापारीले कर प्रणालीको झमेलाबाट बच्न हिसाब-किताब राख्दैनथे । कतिपयले राख्न जान्दैनथे । उनीहरू न्यूनतम कर चुक्ता गरेर उन्मुक्ति लिने कानुनी प्रबन्धको उपयोग गर्थे । तर, आर्जित धन र करको रकमबीच तादात्म्य नमिलेपछि स्वाभाविक रूपमा उनीहरूको सम्पत्तिको एक हिस्सा कालो धन बन्न पुग्थ्यो । नियमन र अनुगमन प्रभावकारी नभएकाले त्यस्तो धन पुनः व्यवसायमा लगानी हुन्थ्यो र बैंकिङ प्रणालीमा पुग्थ्यो । यो अद्यापि छ र साना-ठूला सबै व्यापारीले प्रयोग गर्छन् । स्थापित कानुन बमोजिम दर्ता भएका व्यवसायले व्यावसायिक आम्दानी बैंकमा जम्मा गर्दा अहिले पनि त्यो रकममा कर चुक्ता भएको छ/छैन, प्रश्न गर्दैनन् । भनाइको तात्पर्य, यस्तो कालो धन पहिले र अहिले पनि बैंकिङ प्रणालीभन्दा बाहिर छैन ।

यसमा भन्सार-बिन्दुमा न्यून-बिजकीकरण वा अधिक बिजकीकरण गरिएको व्यापारबाट प्राप्त आम्दानी पनि पर्छ । तर, यो आयकर वा अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर छलीभन्दा अलि भिन्न छ । न्यून वा अधिक बिजकीकरणले कालो धनको अर्को शृंखला पनि प्रारम्भ गर्छ । यदि न्यून बिजकीकरण गरिएको छ भने भुक्तानीका लागि हुन्डीको प्रयोग हुन्छ । विदेशी मुद्राको कालोबजारी खडा हुन्छ । अधिक बिजकीकरण भएको छ भने नेपालको औपचारिक बैंकिङ प्रणालीबाट विधिवत् विदेशी मुद्रा बाहिरिन्छ । पुँजी बहिर्गमन र कर-मुक्त स्वर्ग भनिने मुलुकहरूमा खडा गरिएका छाया कम्पनीहरूमा नेपालीको रकम रहेको भनी बेलाबेलामा सञ्चार-माध्यममा आउने समाचार मूलतः यसरी बाहिरिएको रकमबारेको हो । यसका अलावा त्यसयता कम्पनीमा रहने धनको आम्दानीको मूल-स्रोत भने नेपालमा गरिएको आर्थिक भ्रष्टाचार वा आर्थिक अपराध हुन्छ ।

भन्सार कम लाग्ने वा लाग्दै नलाग्ने वस्तुको आयातमा अधिक बिजकीकरण गर्दा कर दायित्व परेन तर बैंकबाट विदेशी मुद्रा मागेजति पाइयो । यो कालो रकम सफा पारेर नेपाल भित्र्याउन पनि अन्तर्राष्ट्रिय व्यापारलाई नै प्रयोग गरिन्छ । निर्यातमा प्रायः भन्सार शून्य हुने भएकाले घोषित मूल्यलाई त्यति केरकार गरिँदैन । यदि अधिक मूल्यमा निर्यात गरेको देखायो भने विधिवत् बैंकिङ प्रणालीबाट त्यस्तो रकम नेपाल भित्रिन्छ, सफेद कहलिन्छ र लगानी हुन्छ । विगतमा गर्दै नगरेको निर्यातलाई निर्यात देखाएर विदेशी मुद्रा भित्र्याउने र कर फिर्ता लिएको पनि भेटिएको थियो । (निर्यात गरियो भने त्यस्तो वस्तु उत्पादन गर्न प्रयोग भएको कच्चा पदार्थमा लागेको भन्सार र निर्यात-बिन्दु पुर्‍याउनुअघि

कालो अनुहार

तिरेको मूल्य अभिवृद्धि कर फिर्ता हुन्छ) ।

०६६ तिर रसुवागढी नाकाबाट ठूलो परिमाणमा वनस्पति घ्यू निर्यात भएको देखाएर कर फिर्ता लिएको तथ्यांकबाट देखियो । रसुवागढीको सडक आवागमनयोग्य भइसकेको थिएन । स-सानो व्यापार त हुन्थ्यो तर ट्रकका ट्रक वनस्पति घ्यू पठाउन सम्भव थिएन । छानबिनपछि भन्सारका कर्मचारीसँग मिलेर नक्कली प्रज्ञापनपत्र तयार गरेको भेटियो । कारबाही भयो । यस्ता कारोबारमा कतिपय अवस्थामा विदेशी मुद्राको अपचलन सुनको तस्करीमा हुन्छ ।

कारोबार वैधानिक तर आर्जित आम्दानी वा त्यसबाट सिर्जित सम्पत्तिमा पूरै वा आंशिक कर छली भएको कालो धन नगदमै कहीँ लुकाएको हुँदैन । यो सम्पत्ति कि त कहीँ लगानी भएको हुन्छ वा बैंकमा जम्मा गरिएको हुन्छ ।

दोस्रो प्रकृतिको कालो धन जसमा चेलीबेटी बेचबिखन, मानव तस्करी, प्रतिबन्धित वन्यजन्तु वा तिनका अंग वा जडीबुटी वा वन पैदावारको तस्करीबाट आर्जित रकम पर्छ ।

सार्वजनिक पदमा रहेका वा निजी कम्पनीका सञ्चालक सेयरधनीले खरिद वा निर्माण कार्यमा आर्थिक लाभ सिर्जना गरेर वा भ्रष्टाचार गरेर वा संस्थाको आम्दानी हिनामिना गरेर थुपारेको रकम नेपालको सन्दर्भमा कालो धनको ठूलो हिस्सामा पर्छ । लाभको सार्वजनिक पदमा रहेका राजनीतिज्ञ, उच्च-पदस्थ कर्मचारीका बारेमा नेपालमा पर्याप्त चर्चा भएको छ । तर, परिमाणको हिसाबले लाभको सार्वजनिक पदमा नरहेका राजनीतिज्ञ र ठूला निजी कम्पनीका कार्यकारी अध्यक्ष वा प्रबन्ध निर्देशकको भ्रष्टाचार अझ ठूलो छ । निजी कम्पनीको के चासो भन्न मिल्दैन । कारण, कतिपय ठूला व्यवसायीको व्यवसाय लगातार घाटामा, साँच्चै घाटामा । तर, मालिकको जीवनशैली, रहनसहन, पारिवारिक सम्पत्ति अथाह हुन्छ । व्यवसाय टाट पल्टिन्छ, मालिक सम्पन्न हुन्छ ।

अहिले कालो धन सतहमा आउन दिनुपर्‍यो, लगानी गर्न दिनुपर्‍यो भनेर सशक्त लबिङ गर्ने, ठूला नेता र सरकारी नीति-निर्माण तहलाई प्रभावित गर्न खोज्ने मुख्यतः यही वर्ग हो । बैंकबाट अत्यधिक ऋण लिएर व्यवसाय गर्‍यो, आयोजना लगानीको अधिमूल्यन गरेर आफ्नो स्व-पुँजीको रकम पनि बैंकको ऋणबाट नै जुटायो, व्यवसाय घाटामा देखायो, मिले र सकेसम्म रुग्ण उद्योगको सुविधा पनि लियो र धनलाई प्रणालीबाहिर लग्यो । यिनले बैंकको ऋण नतिरेर, ब्याज मिनहा लिएर आमनिक्षेपकर्ताको रकम लुटे । रुग्ण उद्योग सहयोग भनेर सरकारी राहत पनि लिए । माथि उल्लेख गरिएका विधिबाट विदेशमा पैसा ओसारे । विदेशमा लैजान नसकेको रकम रियल-इस्टेटजस्तो सम्पत्तिको बजारमा लगानी गरे, सहरी क्षेत्रको जग्गाको भाउ आममानिसको क्रयशक्तिभन्दा माथि पुर्‍याइदिए । र, अहिले कालो धन सेतो गराई पाऊँ भनेर निकास खोज्दै छन् ।

कालो धनका अरू तीनवटा स्रोत सहजै माथिको वर्गमा पर्दैनन् वा त्यसलाई अलग्गै चर्चा गर्दा उपयुक्त हुन्छ । यसमध्येको पहिलो, सशस्त्र द्वन्द्व र त्यसपछिको लामो संक्रमणको अवधिमा हफ्तावारी, फिरौती, चन्दा असुलीजस्ता घटना व्यापक भए । निर्वाचनका बेला अवैधानिक चन्दा संकलन नेपालको रोग नै भयो । यसको मूल स्रोत भनेको धेरै हदसम्म कसैले गरेको वैधानिक र सफेद व्यापार, व्यवसाय वा रोजगारी आम्दानी नै हो । कुनै विनिमयजन्य आर्थिक कारोबारबिना फिरौती माग्नेलाई रकम हस्तान्तरण भएपछि त्यो कालो धन बन्छ । यो सम्पत्ति कतिपय अवस्थामा बैंकिङ प्रणालीमै रहन्छ, कतिपय सुन, धितोपत्र वा जग्गामा लगानी भएर बस्छ । तरलता बाहिर जाँदैन । खासगरी सुन र जग्गामा गरिएको लगानी केही हदसम्म फ्रिज भएर बस्छ ।

> **नेपालका प्रभावशाली, समाजमा शिर ठाडो पारेर हिँडेका व्यवसायीले कुरा उठाएको विषय गाडधनको होइन । यो मिहिनेत गरेर वा नगरेर, ठगेर वा लुटेर आर्जन गरेको आयले सिर्जना गरेको धन हो, सम्पत्ति हो । कालो धन हो ।**

दोस्रो, विप्रेषण रूपान्तरित भएर कालो धन बन्न जान्छ । नेपालमा आउने सबै विप्रेषण बैंकिङ च्यानलबाट आउँदैन । हुन्डीबाट आउने रकम कि त हुन्डीबाटै फिर्ता हुन्छ कि त अर्कै प्रयोजनलाई वा विदेशमै प्रशोधित भएर नेपालमा सुन वा तस्करीका अन्य सामान भित्रिन्छन् । यसले कालो धनको एक शृंखला सुरु गर्छ । औपचारिक रूपमा आएको विप्रेषण, जुन नेपालको कुनै बैंकमा गएर बस्छ, त्यसमा पनि कालो धन मिसिएको छ कि भन्ने शंका छ ।

नेपालमा भित्रिने र बाहिरिने विदेशी मुद्रा प्रवाहका मुख्य गेटवे धेरै छैनन् । नेपालमा रहेको स्ट्यान्डर्ड चार्टर्ड बैंकको अन्तर्राष्ट्रिय गेटवेबाट दुई तिहाइदेखि तीन चौथाइ रकम प्रवाह हुन्छ, चाहे त्यो रकम नेपालमा जुनसुकै वाणिज्य बैंकमार्फत किन नभएको होस् । त्यसपछिको अर्को बैंक, मसारेक बैंक हो । १०-१५ प्रतिशतजति त्यो बैंकबाट हुन्छ । बाँकी स-सानो परिमाणमा हबिब बैंक र कमर्ज बैंकले गर्छन् ।

आश्चर्य ! स्ट्यान्डर्ड चार्टर्ड बैंकले नेपालमा सीधै विप्रेषण भित्र्याउँदैन । विप्रेषणमा ख्याति पाएका अरू नै निकाय र बैंक छन् । किन गर्दैन स्ट्यान्डर्ड चार्टर्ड बैंकले विप्रेषणको कारोबार ? किनभने, उसले विप्रेषणमा कालो धन मिसिएर आएको हो कि भन्ने शंका गर्छ र नेपालको सानो कारोबारमा कतै खोट भेटिएर अमेरिकामा दण्डित हुनु नपरोस् भनेर बचेर कारोबार गर्छ । उसका लागि अलिकति बढी नाफाभन्दा ख्याति महत्त्वपूर्ण छ ।

तेस्रो स्रोतको चर्चा । नेपालका बैंकरहरू अनौपचारिक छलफलमा भन्ने गर्छन्, विदेशबाट धर्म परिवर्तन वा धार्मिक लगानीमा थुप्रो रकम नेपाल भित्रिएको छ । यस्तो रकमको स्रोत

सम्बन्धित मुलुकमा सेतो धन होला तर नेपालमा औपचारिक वित्तीय प्रणालीलाई माध्यम बनाएर जुन किसिमले त्यसको उपयोग, प्रयोग हुन्छ, त्यसले कालो धनको चरित्र ग्रहण गर्छ।

कालो धनका मालिकहरूले अहिले दुइटा भ्रम छरेका छन्। हो कि, साँच्चैजस्तो गराउँछन् तर्कले यिनीहरू।

यिनीहरूले खडा गरेको पहिलो भ्रम कालो धनलाई सतहमा आउन दिए (मानौं, त्यो पानीमुनि छ!) वित्तीय प्रणालीको तरलता समस्या समाधान हुन्छ।

यथार्थमा कालो धन र नगद मुद्रा दुई अलग-अलग विषय हुन्। कालो-धनीहरू झन् बाठा हुन्छन्, नोट जमिनमुनि गाडेर बस्दैनन्। यिनले कहीं न कहीं लगानी गर्छन्। त्यो, सुन-चाँदी होला वा रियल इस्टेट वा मौका मिले धितोपत्रमा लगानी होला।

सम्पत्तिको बजार (रियल इस्टेट, धितोपत्र)मा अत्यधिक मूल्यवृद्धि जब-जब हुन्छ, तब त्यहाँ कालो धनको लगानी प्रवाहित भएको छ भनेर बुझ्दा हुन्छ। जब सम्पत्तिको बजारमा अत्यधिक कर्जा मिश्रित (लिभरेज्ड) लगानीका साथै कालो धनको प्रवेश हुन्छ, ढिलो-चाँडो त्यस्तो बजार धराशयी हुन्छ। बजारले नै कालोधनीलाई रच्छ्यानमा पुऱ्याउँछ। तर, यसले बजार बढेका बेला त्यसको लाभ लिन छिरेका साना लगानीकर्ता पनि घानमा पर्छन्। २००८ को विश्वव्यापी वित्तीय संकटका बेला सम्पत्तिको बजारमा खेला गर्ने ठूला बैंकर मात्र डुबेनन्, वृद्धावस्थाको आय सुरक्षाका निम्ति निक्षेप र धितोपत्रमा लगानी गरेका निःसहायहरू पनि डुबे। यसको तात्पर्य के हो भने नियमनकारी निकायले कालोधनीलाई तह लगाउन सकेनन् भने बजारले नै थन्क्याइदिन्छ। तर, बजारको दुर्गुण के हो भने यसले निमुखाको कल्याण गर्दैन। निष्कर्षमा

रेग्मीको संयोजकत्वमा गठित छानबिन समितिले प्रतिवेदन नबुझाए पनि महाशाखाका प्रहरीको उप्रेतीसँग बारम्बार सम्पर्क भएको देखिन्छ। भूमिगत कारोबारको आर्जन प्रहरीसम्म पुग्ने यसबाट सहजै आकलन गर्न सकिन्छ। "यसअघि सुन तस्करीको कारोबार छुटाउन यदाकदा प्रहरीको हात हुने मात्र सुनिन्थ्यो," पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी भन्छन्, "कानुनका रक्षकहरू हत्यामै संलग्न हुनु ज्यादै डरलाग्दो र गम्भीर विषय हो।"

संगठित अपराधमा विभिन्न समूह बनाएर भिन्दाभिन्दै जिम्मेवारी दिइएको हुन्छ। अलग-अलग जिम्मा लिएकाबीच एकअर्कामा चिनजानसमेत हुँदैन। जिम्मेवारी पूरा नगरे वा सूचना चुहाएमा तस्कर समूहले त्यस्ता सदस्यलाई 'सफाया' गरिदिन्छन्। सुनको अवैध कारोबारमा यस्तै प्रवृत्ति नेपालमा देखिएको छ। "भूमिगत कारोबारमा अथाह पैसा हुन्छ। पैसाले समाजको जुनसुकै तहमा समेत उनीहरूले प्रभाव जमाउन सक्छन्," डीआईजी कार्की भन्छन्, "यस्ता क्रियाकलापबाट बच्न उनीहरूले कुन हदसम्मको आपराधिक क्रियाकलाप गर्छन् भन्ने आकलन गर्न सकिँदैन।"

रेमिट्यान्स : अवैध अर्थतन्त्रमा प्रयोग

जीडीपीका आधारमा नेपाल रेमिट्यान्स (विप्रेषण) भित्र्याउने विश्वको तेस्रो मुलुक हो भने रकमका आधारमा २३औं। राष्ट्रिय अर्थतन्त्रमा यति ठूलो योगदान दिइरहेको विप्रेषण अवैध क्रियाकलापमा प्रयोग भएपछि त्यसको असर अर्थतन्त्रमा देखिन थालेको छ। राष्ट्र बैंकको तथ्यांक अनुसार करिब ४० प्रतिशत विप्रेषण अवैध माध्यमबाट नेपालमा आउँछ। नेपालमा वार्षिक करिब सात खर्ब रुपियाँ विप्रेषण आप्रवाह हुन्छ। कोरियाबाट त ७० प्रतिशत रकम हुन्डीबाट भित्रिने राष्ट्र बैंककै तथ्यांक छ। नेपालमा विदेशी मुद्राको समानान्तर बजारबारे राष्ट्र बैंकले सन् २०१०/११ मा गरेको अध्ययनले अनौपचारिक माध्यमबाट विप्रेषण आप्रवाह भएको मात्रै देखाएन, मुद्रा सटही केन्द्रहरूले विदेशी मुद्राको उल्लेख्य अंश अनौपचारिक बजारमा पठाउने गरेको पनि पाइएको थियो। यद्यपि, यो अध्ययन राष्ट्र बैंकले प्रकाशित गरेन।

केही वर्षदेखि नै नेपालमा विप्रेषण भित्रिने रफ्तारमा पनि कमी आउन थालेको देखिन्छ। राष्ट्र बैंकको तथ्यांक अनुसार चालू आर्थिक वर्षको पहिलो सात महिनामा नेपाल भित्रिने विप्रेषण वृद्धिदर उल्लेख्य मात्रामा साँघुरिएको मात्र छैन, ऋणात्मक हुने क्रममा छ। उक्त अवधिमा विप्रेषण वृद्धिदर साढे एक प्रतिशतमा झरेको छ। अघिल्लो आर्थिक वर्ष यो अवधिमा वृद्धिदर साढे पाँच प्रतिशत थियो। आर्थिक वर्ष ०७२/७३ देखि विप्रेषण वृद्धिदरमा ब्रेक लागेको हो। उक्त अवधिमा वृद्धिदर १९.४ प्रतिशत थियो। स्मरणीय रहोस्, सोही आसपासमा नेपालमा सुनको अवैध कारोबार फस्टाएको हो। त्यतिबेला कर तिरेर ल्याएको बैंकको सुन बिक्री नभई कालो बजारको सुनले बजार गुल्जार बनेको थियो।

राष्ट्र बैंकले विप्रेषण गिरावटबारे अनुसन्धान गरेको छैन। वैदेशिक रोजगारमा जाने कामदारको संख्या घटेकाले विप्रेषण रकम घटेको अनुमान छ। तर, यो अनुमानलाई राष्ट्र बैंककै अन्य रिपोर्टहरूले स्वीकार्दैनन्। आयातको भुक्तानी प्रवृत्तिबारे राष्ट्र बैंकले ०७३ मा गरेको अध्ययनले न्यून बिजकीकरणका कारणसमेत अनौपचारिक बजारमा विदेशी विनिमयको कारोबार बढेको देखाएको थियो। व्यापारीले भन्सार छल्न न्यून बिजकीकरण गरेर प्रज्ञापनपत्र खोल्छन् र बाँकी रकम नेपालबाटै हुन्डीमा भुक्तानी गर्छन्। हुन्डीमा विदेश रकम पठाउँदा नेपालमा डलरको अभाव हुने गरेको छ। राष्ट्र बैंकसँग डलर सञ्चित भए पनि नगद भने कम छ।

न्यून बिजकीकरणमा वैदेशिक रोजगारमा गएका नेपालीको रकमसमेत प्रयोग हुन्छ। हुन्डी व्यवसायीहरूले विदेशमा गएका नेपाली कामदारबाट संकलन गरेको विदेशी मुद्रा न्यून बिजकीकरणको बाँकी रकम भुक्तानीमा लगाउँछन्। "पठाएको भोलिपल्टै घरमा पैसा पुग्ने र सटही दरसमेत बैंकले भन्दा बढी दिएपछि रेमिट्यान्स रकम दुई नम्बरी कारोबारमा प्रयोग

कालो धन (जुन विभिन्न सम्पत्तिका रूपमा छ)लाई खुरुक्क सेतो गराउन दिँदा तरलता बढ्दैन । बरू, सम्पत्तिलाई तरल बनाउन खोज्दा झन् तरलताको माग बढ्छ । कालोधनीलाई ठहरै पार्न सकिन्छ भनेर भारतले करिब डेढ वर्षअघि गरेको अमौद्रिकीकरण अन्त्यमा 'खोदा पहाड निक्ला चुहा'जस्तै भयो। नेपालको सन्दर्भमा त सशस्त्र द्वन्द्वको पछिल्ला वर्षदेखि नगद नोट सञ्चिति गरेर राख्ने प्रवृत्ति ह्वात्तै घटेको छ ।

दोस्रो भ्रम, कालो धनलाई लगानी गर्न खुला गरियो भने अहिले सबै ठूला नेताले सपना देखेको समाजवाद-उन्मुख समृद्धि प्राप्त गर्न सहयोग पुग्छ । जसले आर्थिक अपराध गरेर कालो धन नेपालभित्र वा बाहिर जम्मा गऱ्यो, उसैको हातमा त्यो रकम रहन दिएर कस्तो समतामूलक समाज स्थापना होला ? कस्तो समाजवादी व्यवस्था स्थापना होला ? जसले बैंकको ऋण लिएर तिरेन, स-साना निक्षेपकर्ताको प्रतिफल खाइदियो, उसैलाई धनी गराउने प्रबन्धले झन् विभेद बढाउँछ । यसरी कदाचित् समृद्धि प्राप्त नै भयो भने पनि त्यो आमनागरिकको हितमा हुँदैन । खालि आर्थिक आँकडा मात्र सुन्दर देखिन सक्छ ।

कतिपयलाई आयको स्वयंकर घोषणाको स्किम यसबेला उपयुक्त लाग्न सक्छ । तर, यो विधि प्रगतिशील कदापि होइन । जसले कर छली गरेर सम्पत्ति थुपाऱ्यो, उसलाई कानुन बमोजिमको शुल्क, जरिवाना, दण्ड आदिबाट पूरै उन्मुक्ति र त्यसमाथि प्रचलित करको दरभन्दा कम दरका आधारमा कर दायित्व कायम गरेर रकम प्रयोग गर्न दिने हो भने भविष्यमा पटक-पटक यस्तो स्थिति उत्पन्न हुन्छ ।

तसर्थ, कालो धनलाई अवसर दिनुपर्छ भन्नेहरूलाई निगरानीमा राख्न र भेटे कारबाही गर्नु नै श्रेयस्कर हुन्छ । ◆

हुने सम्भावना उच्च छ," अर्थविद् पोषराज पाण्डे भन्छन् । विप्रेषण, सुनको अवैध कारोबार र अन्तर्देशीय व्यापारबीच आपसी सम्बन्ध हुन्छ। नेपाल र भारतबीचको आयात-निर्यात फरकले पनि यसलाई पुष्टि गर्ने राष्ट्र बैंकको रिपोर्टमा उल्लेख छ । 'नेपालको आयातलाई भारतको निर्यातको तथ्यांकसँग तुलना गर्दा नेपालको कुल वस्तु आयात, भारतको निर्यातभन्दा कम रहेको छ। यसले न्यून बिजकीकरणलाई संकेत गर्दछ,' आयात भुक्तानी प्रवृत्ति रिपोर्टमा भनिएको छ ।

जर्जर अर्थतन्त्र

कालो धनको स्रोत बढ्दै जाँदा मुलुक समृद्धिबाट टाढिँदै गएको छ । शोधनान्तर घाटा अकासिँदो छ भने बचत साँघुरिँदो । अघिल्लो आर्थिक वर्षको सातमहिने अवधिमा १० अर्ब ६६ करोड रुपियाँ शोधनान्तर घाटा रहेकामा यो वर्षको सोही अवधिमा एक खर्ब ४१ अर्ब रुपियाँ पुगेको छ। शोधनान्तर बचत ३६ अर्ब ९५ करोडबाट आधा कम अर्थात् १८ अर्ब २८ करोडमा झरेको छ । "निर्यातभन्दा आयात बढ्दा अर्थतन्त्रमा यस्तो असन्तुलन देखिएको हो," अर्थविद् आचार्य भन्छन्, "ट्रेडिङ (आयात व्यापार)कै कारण नेपालमा अवैध कारोबार फस्टाइरहेको छ । व्यापारीले अवैध आम्दानी गर्न उत्पादनमूलकभन्दा यस्तै काममा बढी लगानी गर्छन् ।"

हुन पनि जीडीपीमा उद्योग क्षेत्रको योगदान नाटकीय रूपमा घटिरहेको छ। ०५७/०५८ मा जीडीपीमा उद्योगको अंश १० प्रतिशत रहेकामा ०७३/७४ मा साढे पाँच प्रतिशतमा ओर्लिएको छ । अर्थविद् आचार्य जीडीपीमा उद्योगको योगदान घट्नु र आयात बढ्नुको मुख्य कारण भूमिगत कारोबार मौलाउनु हो भन्छन्। व्यापारमा न्यून बिजकीकरणका कारण व्यवसायीले चाँडै नाफा कमाउने भएकाले उनीहरू उद्योगमा लगानी गर्नै चाहँदैनन् । "औद्योगिक उत्पादन बढ्न नसक्नुको मूल कारण अवैध धन्दाबाट हुने आम्दानी हो। यसले लगानी अपव्यय भइरहेको छ," उनी भन्छन्। ट्रेडिङको अवैध आम्दानीबाट लाभ लिने सञ्जालसमेत ठूलो हुन्छ। कम्तीमा पनि गृह र अर्थ मन्त्रालयका सेटलाई नै अवैध धन्दा जोगाउन त्यसबाट हुने लाभांश दिनुपर्छ। "यसले एकातिर अर्थतन्त्र डामाडोल बनाउँछ भने अर्कोतिर समाजको ठूलो हिस्सालाई अपराधतिर अग्रसर बनाउँछ," सीआईबीका डीआईजी कार्की भन्छन्। ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचारसम्बन्धी विश्वव्यापी सूचकांकमा नेपाल ३१ अंकसहित १ सय २२औं स्थानमा छ। अवैध धनले भ्रष्टाचारलाई बल मिल्ने राष्ट्र बैंक अनुसन्धान विभागका निर्देशक नरबहादुर थापा बताउँछन् । "अवैध धनले वित्तीय अनुशासन उल्लंघन गर्छ," उनी भन्छन्।

राजस्वको वृद्धिदरमा समेत ठूलो उतार-चढाव देखिन्छ । अर्थ मन्त्रालयको तथ्यांक अनुसार ०६५/६६ मा ३३ प्रतिशत रहेको राजस्व वृद्धिदर ०७२/७३ मा १८ प्रतिशतमा झरेको छ। अवैध धनकै उपज यस्तो भएको आचार्य बताउँछन् । अर्कोतिर पुँजी बजारको उतार-चढावमा समेत अवैध धनको अंश मिसिने पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्री बताउँछन् । "आजको भोलि अकल्पनीय रूपमा सेयर बजार तलमाथि हुनु भनेको त्यहाँ कालो धन प्रयोग हुनु हो," उनी भन्छन्, "प्रक्षेपण गर्नै नसकिने गरी सेयरको मूल्य तलमाथि संसारमा कहीं पनि हुँदैन। तर, नेपालमा हुन्छ।"

अवैध धनको धन्दा तन्किँदै जाँदा मुलुकको अर्थतन्त्र आवश्यकता अनुसार जता पनि ढल्किन सक्छ । यो भनेको अर्थतन्त्र चरम असन्तुलित बन्नु हो । विडम्बना, मुलुकको ढुकुटी अवैध धन्दाबाट आर्जित धनले भरिँदै गए पनि नेताहरू नै कालो धन एकपटकका लागि खुला गर्नुपर्ने बताउँदै आएका छन् । "आर्थिक विकासको सबैभन्दा ठूलो शत्रु कालो धन हो । यसलाई सेतो बनाएर समृद्धि ल्याउँछु भन्नु मूर्खता हो," अर्थविद् आचार्य भन्छन्। विडम्बना ! मुलुक यही मूर्खताको बाटोमा अग्रसर छ । ◆

प्रचण्डपछि को ?

पारिवारिक विरासतका लागि छोरी–बुहारीबीच चर्को प्रतिस्पर्धा



तस्बिर : किरण पाण्डे

माधव बस्नेत

घटना १ : संघीय चुनाव सकिएलगत्तै माओवादी केन्द्रका प्रदेश-७ इन्चार्ज तथा सचिवालय सदस्य लेखराज भट्ट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटार पुगे । लेखराज त्यहाँ पुग्नुको अर्थ, जितको बधाई आदान-प्रदान गर्नु र बन्दै गरेको सरकारमा मन्त्रीको कुरा उप्काउनु पनि थियो । भट्ट आसन्न सरकारका मन्त्रीहरूको प्रसंग उठाउन खोज्दै थिए । प्रचण्डले फ्याट्टै भनिदिए, 'अब तपाईं कतिपटक मन्त्री बन्नुहुन्छ ? अरूलाई अवसर दिनूस् ।'

जुँगा चल्यो, कुरा बुझ्यो । सशस्त्र संघर्षका लागि सबैभन्दा पहिले ०४१ तिरै प्रचण्डलाई पेस्तोल उपलब्ध गराएका भट्टले 'उद्देश्य' नबुझ्ने कुरै भएन । उनले तुरुन्तै झोलाबाट लेटर प्याड निकाले र कञ्चनपुर-१ बाट विजयी बुहारी विना मगरलाई प्रदेश-७ बाट मन्त्री बनाउन सिफारिस गरे । प्रचण्डकी बुहारी विनालाई यस्तो सिफारिस गर्दा भट्टले न प्रदेश कमिटीका सदस्यसँग छलफल गरे, न त बैठक राखेर निर्णय नै गराए । उनले केवल प्रचण्डको 'मुड' मात्रै पढे । २ चैतमा तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गर्दा प्रधानमन्त्री केपी ओलीले प्रचण्डको सिफारिसमा विनालाई खानेपानीमन्त्री बनाए ।

घटना २ : जेठ ०७३ । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री थिए । एमाले र माओवादी गठबन्धनको सरकार थियो । दुई दलबीच स्थानीय तहदेखि संघीय संसद्सम्म सँगै निर्वाचनमा जाने सहमति भइरहेको थियो । यही मेसोमा कुन-कुन स्थानीय तहमा को-को लड्ने ? मोटामोटी छलफल भयो । प्रचण्डले भरतपुर महानगरपालिका आफूले पाउनुपर्ने प्रस्ताव राखे । ओलीले त्यसमा असहमति

०७४ भरतपुरको मेयर उम्मेदवार, मतदान दोहोर्‍याएर विजयी

०७३ अनेमसंघको महासचिव, माओवादीको केन्द्रीय सदस्य

०७० संविधानसभा- ०७० मा काठमाडौं-१ मा कांग्रेस उम्मेदवाद्वारा पराजित

०६५ माओवादीको काठमाडौं सचिव

०६४ समानुपातिक संविधानसभा सदस्य

०६३ व्यवस्थापिका-संसद्मा मनोनीत

०६० बाबु-आमासँगै भारतबाट रोल्पा आगमन

रोल्पा जिल्ला सह-इन्चार्ज

क्षेत्रीय ब्युरो सदस्य

०५६ माओवादी जिल्ला सदस्य

०५५ अखिल नेपाल-भारत महिला संघको अध्यक्ष

०५३ बाबु-आमासँगको भेटका लागि भारत प्रस्थान, उतै बसोबास

पन्जाबका अर्जुन पाठकसँग विवाह । विवाहसँगै सक्रिय राजनीतिमा

०५२-०५३ बुबा-आमा भूमिगत भएपछि बहिनी गंगा र भाइ प्रकाशको संरक्षक

०५०-०५१ अनेरास्ववियु क्रान्तिकारीको एकाइ कमिटीमा आबद्ध

रेणु दाहाल

तस्बिर : भास्कर ओझा

जनाउँदै भरतपुर एमालेलाई छाड्न र ललितपुर महानगरपालिका लिन आग्रह गरे । अनेक कोसिस गर्दा पनि प्रचण्ड टसमस भएनन् । यस्तै अरू अन्तरविरोध बढ्दै गएपछि एमाले-माओवादी गठबन्धन भत्कियो । ओली प्रधानमन्त्रीको कुर्सीबाट ओर्लन बाध्य भए ।

कांग्रेस-माओवादी केन्द्रको गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री भए । स्थानीय तहको निर्वाचनमा यी दुई दलबीच सहकार्य भयो । पहिलो चरणमा सम्पन्न चार महानगरपालिकाका चुनावमध्ये माओवादी केन्द्रले काठमाडौं, ललितपुर र पोखरा-लेखनाथ महानगरपालिकामा कांग्रेसलाई सहयोग गर्‍यो । भरतपुर महानगरपालिका पाएका प्रचण्डले माइली छोरी रेणुलाई मेयर उम्मेदवार बनाए । रेणुविरुद्ध एमालेले देवी ज्ञवालीलाई मैदानमा उतार्‍यो । मत गणनास्थलमै मतपत्र च्यातेर पुनः मतदान गर्न लगाएर प्रचण्डले रेणुलाई जिताएरै छाडे ।

यी दुई दृष्टान्तले प्रस्ट्याउँछन्, प्रचण्ड आफ्नो विरासत परिवारकै सदस्यलाई हस्तान्तरण गर्न चाहन्छन् । उनीहरूले भार थेग्न सकून्/नसकून्, प्रचण्डले ठूलठूला राजनीतिक कुम्ला-कुटुरा बोकाइरहेकै छन् । त्यसमध्येकै दुई प्रतिनिधि पात्र हुन्- माइली छोरी मेयर रेणु र कान्छी बुहारी मन्त्री बिना । रेणु र बिनाबीचको शक्तिसंघर्ष बढ्ने क्रममा छ । प्रचण्डको विरासतमाथिको यो दाबी तत्कालै साम्य हुने छाँटकाँट देखिँदैन ।

एक समय थियो, प्रचण्ड मुलुककै सर्वाधिक शक्तिशाली नेता थिए । माओवादी युद्धमाथि सर्वत्र चासो थियो । प्राधिकार प्रचण्डले १५ माघ ०५९ मा सरकार-माओवादीबीच युद्धविराम घोषणा गर्दा अरू त परै जाओस्, दोस्रो वरीयताका बाबुराम भट्टराईलाई समेत जानकारी दिन आवश्यक ठानेनन् । १८ पुस ०६१ सम्म आइपुग्दा प्रचण्डले भट्टराईको साधारण सदस्यतासमेत खोसेर 'जनसेनाको हिरासत'मा राखिदिए । युद्धकालमा प्रचण्ड प्राधिकार भएका यस्ता दृष्टान्त अनेकौं छन् ।

पछिपछि अरू पनि



सिर्जना त्रिपाठी

प्रचण्ड परिवारसँग जोडिएर पनि अहिलेसम्म 'अभागी' कोही छ भने सिर्जना नै हुन् । पहिलो विवाह असफल भएपछि ३ माघ ०६४ मा प्रकाशले मावली गाउँ कास्की, हेम्जाकी सिर्जनासँग दाम्पत्य गाँसेका थिए । तर, प्रकाशले विना भित्र्याएपछि उनीहरूको सहयात्रा लामो समयसम्म चल्न सकेन । उनी छोरासहित माइतीमा बसिरहेकी थिइन् ।

केही समयअघि मात्र प्रचण्डले सिर्जनालाई पोखरामा राजनीति गर्न पठाएका छन् भने नाति आफैँसँग राखेका छन् । राजनीति गर्न सहज होस् भनेर प्रचण्डले नाति आफैँसँग राखेर बुहारीलाई त्यता पठाएको निकटस्थहरू बताउँछन् । तैपनि, विरासत थाम्ने यो लडाइँमा सिर्जना भने धेरै पछि छन् ।

यद्यपि, ससुरा प्रचण्डसँग उनको सम्बन्ध राम्रो छ । स्रोतका भनाइमा प्रचण्ड आगामी दिनमा कान्छी बुहारी विनालाई आफूसँगै खुमलटारमा नराख्ने निर्णयमा पुगेका छन् । त्यसका लागि विनालाई छुट्टै घर बनाइदिने तयारी गरेका छन् । प्रचण्ड विनालाई सँगै नराख्ने निर्णयमा पुग्नुको एउटा कारण दुवै बुहारी, छोरी उत्तिकै सम्बन्धमा रहन् भन्ने पनि हो ।

सागर केसी

प्रचण्डका जेठा ज्वाइँ हुन्, सागर केसी । उनकी पत्नी तीन वर्षअघि स्तन क्यान्सरले बितिन् । प्रचण्डलाई सागरले अहिलेसम्म सहयोग गरिरहे पनि उनले कुनै लाभको पद पाएका छैनन् । यसपटकको निर्वाचनमा पनि प्रचण्डले उनको नाम समानुपातिक सूचीमा समेट्न लगाएका थिए । तर, बुहारी विनालाई कञ्चनपुर-१ बाट र कान्छा ज्वाइँ जीवनलाई मोरङ-६ को प्रदेशसभाको प्रत्यक्षमा टिकट दिइसकेकाले विरोध हुने डरले सागरको नाम समानुपातिक सूचीबाट हटाइएको थियो ।

स्रोतका अनुसार प्रचण्डका जेठा ज्वाइँ सागर आफैं अघि सरेर प्रतिस्पर्धामा आउने भन्दा पनि कुरेर बसिरहे कुनै न कुनै दिन केही भाग आइलाग्ला भन्ने विश्वासमा छन् । "पछिल्ला दिनमा सागरले पनि राजनीति गर्ने रहर एकाएक बढाएका छन्," स्रोत भन्छ, "तर, सबैले प्रतिस्पर्धा गरिरहका बेला के मिसिनु ! एकपटक त ससुराले देलान् नि भन्नेमा छन् ।" ससुराको विरासत धान्ने रहर सागरमा पनि पलाएको बुझिन्छ ।

जीवन आचार्य

प्रचण्ड परिवारको राजनीतिमा सबैभन्दा पछि जोडिएका हुन्, कान्छा ज्वाइँ जीवन आचार्य । कांग्रेसी परिवारका जीवन ठमेलमा साइबर व्यवसाय गर्थे । प्रचण्ड परिवारले कान्छी छोरी गंगालाई ज्वाइँ नारायण श्रेष्ठबाट छुटाएर काठमाडौँ नयाँबजारमा आफैँसँग राखेको थियो । यही मेसोमा ठमेलमा साइबर चलाउन आउँदा गंगाको जीवनसँग प्रेम बस्यो । पछि माओवादी नेता हरिबोल गजुरेलको अगुवाइमा उनीहरूको विवाह भयो ।

यतिबेला प्रचण्ड निवास खुमलटारमा बसिरहेका छन्, जीवन । अरूसँग सहज व्यवहार नगर्ने हुँदा युद्ध लडेर आएका र पुराना नेता-कार्यकर्ताले यिनलाई गन्ने कुरै भएन । २१ मंसिरको निर्वाचनमा प्रचण्डले ज्वाइँ जीवनलाई मोरङ-६ को प्रदेश-१ को सदस्यको टिकट थमाएका थिए । तर, पार्टीकै असहयोगमा उनी पराजित भए । सम्भवतः यिनी मन्त्री विनाको स्वकीय सचिव हुने तयारीमा छन् ।

पुत्र प्रकाश जीवित रहन्जेल विरासतको सवालमा एक्लो 'उत्तराधिकारी'का रूपमा उनी अघि बढिरहेका थिए । हुन त १९ असार ०७३ मा प्रचण्ड दोस्रोपटक प्रधानमन्त्री भइरहँदा बालुवाटारमा परिवारभित्रै बहुकेन्द्रको छाया देखिन थालिसकेको थियो । कतिसम्म भने दिदी रेणु र भाइ प्रकाशको बोलचाल पहिलेजस्तो बाक्लो हुन छाडेको थियो । प्रकाश प्रधानमन्त्रीका स्वकीय सचिव थिए । रेणुको हैसियत पूर्वसभासद्बाहेक केही थिएन । बाबुले माइती थलो चितवन लगेर भरतपुर महानगरपालिकाको मेयर बनाएपछि उनी अहिले विरासत आफूले पाएको ठम्याइमा छन् ।

रोचक कुरा के भने चैत ०७३ को पहिलो साता आईजीपी काण्डमा समेत दिदी-भाइको मत बाझिएको थियो । दिदी रेणु जयबहादुर चन्दलाई आईजीपी बनाउन बाबु प्रचण्डकहाँ धाएकी थिइन् भने भाइ प्रकाश नवराज सिलवालका पक्षमा । बैतडीकी माओवादी नेतृ तथा पूर्वसभासद् रेणु चन्द र प्रचण्ड-पुत्री रेणुबीच 'गहिरो मित्रता' छ । एकले अर्कालाई 'मितिनी' भन्छन् । आफ्नै भेगका चन्दको पक्षमा रहेकी बैतडीकी रेणुले मितिनी रेणुलाई चन्दका पक्षमा प्रभावित पारिन् । प्रचण्ड-पुत्रीले चन्दको पक्षमा वकालत गरे पनि भाइ प्रकाशले उनको सुरुआती प्रयासलाई निस्तेज पारिदिए । यसबीच सरकारले चन्दलाई नै आईजीपी

तस्बिर सौजन्य : प्रचण्ड परिवार

प्रचण्ड परिवार

बनाउने निर्णय गरेको थियो । यी र यस्ता अनेकौं काममा भाइले दखल दिने गरेको बुझाइमा रेणु थिइन् । टक्कर दिदी-भाइको देखिए पनि पर्दापछाडि विना थिइन् ।

यसपटक विना मन्त्री बन्ने पहिलो कारण हो, प्रदेश-७ अर्थात् सुदूरपश्चिमको अन्तरविरोध । यो प्रदेशमा लेखराज भट्टको प्रभुत्व रहे पनि उनीविरोधी समूहले विनालाई अघि सार्‍यो । दोस्रो कारण, सासू सीताको दबाब । स्रोतका अनुसार सीताले नै बुहारी मन्त्री भएको हेर्ने सपना रहेको बताउँदै प्रचण्डलाई प्रभावित गर्न सफल भएकी थिइन् ।

माओवादी केन्द्रका प्रचण्ड निकट एक नेताका अनुसार प्रकाशको असामयिक निधनपछि पनि रेणु-विनाबीच बाबु/ससुराको विरासत कसले धान्ने भन्ने प्रतिस्पर्धा छ । "परिवारबाटै कसै न कसैले आफ्नो विरासत धानिदेओस् भन्ने सोचबाट निर्देशित छन् अध्यक्ष प्रचण्ड," ती सचिवालय सदस्य भन्छन् "तर, कसले धान्ने भन्ने सवालमा शक्ति-संघर्ष बढ्दो क्रममा छ ।" स्रोतका अनुसार बुहारी विना चाँडै मन्त्री भएकामा आमाजू रेणुले आफू दौडमा पछि परेको महसुस गरेकी छन् ।

प्रकाश नभएपछि पत्नीको नाताले स्वतः ससुरा प्रचण्डको विरासत आफ्नो थाप्लोमा आएको विश्वासमा छिन्, विना । प्रेम-विवाह गरेको छोटो समयमै ०७० को निर्वाचनमा टिकट पाउनु र यसपटक त जितेरै मन्त्री हुनुले विरासतको शक्ति-संघर्ष आफूले जितिसकेको विनालाई लागेको छ । आमाजू रेणुभन्दा साधन-स्रोतमा पहुँच राख्न विना अघि छिन् । छोटै समय सही, प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारभित्र छिरेर पनि 'पावर एक्सरसाइज'मा अभ्यस्त भइसकेकी छन्, उनी । यसले पनि प्रचण्डको प्राधिकार बन्न उनलाई सहयोग पुग्नेछ ।

सबैको परीक्षण !

जानकारका अनुसार प्रचण्ड माइली छोरी रेणु, बुहारीद्वय विना र सिर्जना, जेठा ज्वाइँ सागर केसी, कान्छा ज्वाइँ जीवन आचार्यमध्ये कसलाई अघि सार्ने भन्ने टुंगोमा पुगिसकेका छैनन् । यतिबेला उनी छोरी रेणु र बुहारी विनाको परीक्षण गर्दै छन् । यसमा कसले बाजी मार्छ, अहिल्यै भन्न कठिन छ ।

बिर्सनै नहुने पक्ष के छ भने रेणु र विना प्रचण्डका छोरी-बुहारी हुँदैनथे भने दुवैले सायदै यत्तिका अवसर पाउने थिए । किनभने, माओवादी केन्द्रभित्र रेणु र विनाजत्तिकै योगदान, समर्पण र दुःख गरेका महिलाको संख्या सयौं होइन, हजारौं छ ।

बुहारी विनाको महत्त्वाकांक्षा बुझ्न अन्त जानै पर्दैन । पहिलो दाम्पत्य जीवन तोडेर प्रचण्ड-परिवारमा बुहारी बन्न आइपुगेकी उनी शक्ति-अभ्यासमा रमाउने गर्छिन् । यता, रेणु भने बाबुले आफूलाई नै अघि सारिसकेको ठम्याइमा छन् । भन्छिन्, "मलाई भरतपुर महानगरपालिकाको मेयर बनाइनुले नै बुझिन्न र विरासत कसले थाम्दैछ भन्ने ? तर, विरासत थाम्छु भनेर मात्र थामिने कुरा होइन । जनताले जसलाई विश्वास गर्छन्, उसैले थाम्ने हो ।"

माओवादी केन्द्रका अर्का एक कार्यालय सदस्य भन्छन् "भावी उत्तराधिकारीका बारेमा प्रचण्ड परिवारभित्र भुसको आगोझैं ठूलै शक्ति-संघर्ष चलिरहेको छ । यसमा बाजी कसले मार्ने हुन् ? अहिल्यै अनुमान गर्नु हतारो हुनेछ ।" ◆

'मलाई अगाडि बढाउन नै बुबाले चितवन लैजानुभएको हो'

रेणु दाहाल
मेयर, भरतपुर महानगरपालिका

प्रचण्डको विरासतबारे परिवारभित्र छलफल हुन्छ कि हुन्न ?

त्यसरी छलफल भएको छैन । फेरि, उत्तराधिकारी भन्ने कुरा आफूले कल्पना गरेर हुने पनि होइन । पार्टीमा काम गर्दै जाँदा स्वतःस्फूर्त रूपमा नेता, कार्यकर्ता, जनताको मन जित्न सक्नुपर्‍यो । अहिलेदेखि नै मैले उत्तराधिकारी बन्ने लक्ष्य राखें भने नहुन पनि सक्छ । जनताको सेवा गर्दै जाँदा भोलि त्यो जिम्मेवारी आउन पनि सक्छ ।

त्यसो भए तपाईंले बुबाको विरासत धान्छु भनेर सोच्नुभएको छैन ?

अहिलेसम्म यही हुनुपर्छ, मलाई यो दिनुपर्‍यो भनेर बुबासमक्ष कुनै माग राखेकी छैन । सांसद भइसकेकी हुँदा मेयर बन्न त्यति धेरै इच्छुक थिइनँ । तर, बुबा र चितवनका नेता-कार्यकर्ताको आग्रहमा मेयर हुन गएकी हुँ । पार्टीको काठमाडौं जिल्लाको सेक्रेटरी, अनेमसंघ (क्रान्तिकारी)को महासचिव, पार्टीको पोलिटब्युरो सदस्य हुनुका नाताले मै हुँ भन्न सक्थें होला । यद्यपि, उत्तराधिकारीको सवालमा मै हुनुपर्छ भनेकी छैन । तर, म नै अघि बढोस् भन्ने बुबाको चाहना भएरै मलाई चितवन लैजानुभएको हो । त्यसैले हाम्रो परिवारभित्र उत्तराधिकारीसम्बन्धी विवाद छ जस्तो लाग्दैन ।

परदेशबाट

॥ विश्वास हमाल

सपनाको देश नेपाल

नर्वेको सहर बर्गेनको टुप्पोबाट चारैतिर देखाउँदै उसले भनी, "यो सहरलाई सातवटा पहाडले घेरेको छ ।" एकहप्ते बसाइमा लोकल गाइड थिई अन्ना । नर्वेका ती पहाड अनि खोलानाला साँच्चिकै सुन्दर र मनमोहक थिए । जब-जब म नर्वेको प्राकृतिक सौन्दर्यको वर्णन गर्थें, उसले अप्ठ्यारो मानेझैं गरी भन्थी, "तिमीहरूको देशजस्तो चाहिँ छैन होला । हामीकहाँ स-साना पहाड मात्र छन् ।"

अन्ना मेरो साथी हो, जसलाई फिनल्यान्डमा पढ्दा भेटेको थिएँ। यो सहरदेखि केही परको गाउँ उसको पुर्ख्यौली थलो रहेछ। बाबुआमा अझै पनि गाउँमा माछा मार्दै बुढेसकाल बिताउँदै रहेछन्। कामको खोजीमा बर्गेन सरेकी रहिछे। हाम्रो पहिलो भेटमै उसले नेपाल-मोह देखाएकी थिई । हिमाल चढ्ने अनि अन्नपूर्ण पदयात्रा गर्ने उसको सपना अधूरै रहेछ। भूकम्पका बेला आफूले काम गर्ने बारबाट १४ सय क्रोनर जम्मा गरेर नेपाल पठाएकामा निकै गर्व गर्थी उसले ।

नेपाल आउन के समस्या छ त ? कम छुट्टीले कता भ्याउनू ! समय हुनेसँग आउने सामर्थ्य हुँदैन । अमेरिका, अस्ट्रेलिया अनि युरोपबाट नेपाल आउन सस्तो पनि त छैन । सबै गोरा धनी पनि नहुँदा रहेछन् ।

अन्नाजस्ता धेरै विदेशी भेटेको छु मैले विदेशमा, जो सपनाको देश नेपाल जान आतुर छन् । कति त धेरैपटक पुगिसकेका छन् भने कति त्यही सपना पछ्याउँदै छन् । विदेशमा हुने नेपाली कार्यक्रम अनि समारोहमा भेटिन्छन्, यस्ता धेरै नेपालप्रेमी जो अरूभन्दा निकै सक्रिय रूपमा सहयोग गरिरहेका हुन्छन्। सधैंझैं ढिला सुरु हुने कार्यक्रममा 'नेपाली टाइम'सँग पनि अभ्यस्त भइसकेका हुन्छन् उनीहरू । तापनि, केही गुनासो गर्दैनन् किनभने उनीहरूलाई थाहा छ, सधैं समयसँग बाँधिएर काम गरिरहँदा कहिलेकाहीं यस्तो समयको पाबन्दीबिनाको कार्यक्रमले छुट्टै आनन्द दिन्छ ।

समारोहमा भेटिए, एक जोडी बेलायती । ढाकाटोपी अनि 'टप अफ द वर्ल्ड नेपाल' लेखिएको टिसर्ट लगाएका र रातो सारी-चुरा पोतेमा सजिएकी उसकी श्रीमती । उनीहरू प्रत्येक वर्ष दुई महिना पोखरा र गोरखामा बिताउँदा रहेछन् । त्यहाँको माटोसँग उनीहरूको पूर्वजन्मको नाता छ भन्थे, सायद नेपालीले देखाएको आत्मीयता होला । नेपाल कतिपटक जानुभो भन्ने प्रश्नको जवाफमा औंला भाँचेर गन्दै नेपालीमै भनी, 'दुई दर्जनपटक होला ।'

नेपाली सपना बुन्ने विदेशीहरू भेट्ने क्रममा मैले देखेको रमाइलो अर्को घटना हो, स्कटल्यान्डका एउटा चिनारु साथीको। नेपालीसँग विवाह गरी दुईवटा बच्चा पाएको उसले त्यही सपना साकार पार्न आफ्नी नेपाली श्रीमतीलाई बेलायती राहदानी नलिन आश्वस्त पारिसकेको छ । ऊ अहिले लन्डनमा ठूलै कम्पनीमा कम्प्युटर क्षेत्रमा काम गरिरहेको छ । तर, उसको सपना छ, काठमाडौंमा सानोतिनो अफिस खोल्ने, केही नेपाली युवालाई रोजगारी पनि दिने अनि सपरिवार नेपाल बसाइ सर्ने। त्यही सपना पछ्याउने क्रममा गएको दुई वर्षमा धेरैपल्ट नेपाल आइसक्यो ऊ। भारतबाट जस्तै आउटसोर्सिङको सम्भावना रहेको र आफूलाई निकै मन परेको देश अनि पारिवारिक सम्बन्ध पनि भएकाले ऊ सधैंका लागि नेपाल बस्न चाहन्छ। र, त्यसका लागि उसकी श्रीमतीको नेपाली नागरिकता धेरै सहयोगी हुन सक्छ, कम्पनी दर्तादेखि नेपाल बसाइ-सराइका लागि ।

नेपाली सपना पनि धेरैको फरक-फरक हुँदो रहेछ- हिमाल चढ्न आउने, बरालिन आउने, आत्माको शान्ति खोज्न आउने, हराउन आउने । विकसित मुलुकका नागरि कसँग धेरै विकल्प हुन्छन्, नेपालीलाई जस्तो जुन देशको भिसा पायो, त्यहीं जाने भन्ने हुँदैन। विश्वका १ सय ५० भन्दा बढी देशमा उनीहरू अनअराइभल भिसामा जान सक्छन्। तर पनि, धेरै विदेशीको सपनामा नेपाल छ ।

युरोपको सानो देश लाटभियाको राजधानी रिगाको एउटा बारमा जम्काभेट भएको रसियनले बियर ठोक्याउँदै विश्वमा कहीं जाने मौका पाए पहिलो रोजाइ 'काठमाडौं सहर' हुने कुरा भनेको थियो । युरोपका धेरै देश चहारेको फिरन्ते रसियन नेपालको मौलिक संस्कृतिबाट प्रभावित रहेछ । अनि, नेपाल जाँदा रमाइलो चाडको मौका पार्छु भन्दै उसले शिवरात्रिको गाँजाको कुरा निकाल्यो। युरोपका पुराना चर्च, भवनहरू र टाउन सेन्टर घुम्दाघुम्दा दिक्क भएको उसले केही फरक ठाउँका लागि नेपाललाई गन्तव्य बनाएको रहेछ । एक-दुई वर्ष काम गरी पैसा जम्मा पारेर ६ महिनाका लागि नेपाल आउने सपना सुनाउँदै थियो ऊ।

अमेरिका पुगेर आएका नेपालीको भन्दा कम फूर्ति हुँदैन यी विदेशीको, जसले नेपाल घुमेर फर्किन्छन्। बिनासन्दर्भ पनि नेपाल अनुभव जोडिहाल्छन् । हुन पनि यो चानचुने उपलब्धि होइन, नेपाल आउनु अनि यहाँको जनजीवन बुझ्न पाउनु सायद एउटा भाग्य नै हो ।

नेपाल साँच्चिकै सपनै सपनाको देश हो, लाखौं नेपाली विदेशको सपना पनि यही भूमिमै देख्छन् भने विदेशीहरू नेपाली धर्तीमा टेक्न सात समुद्रपारिबाट सपना देखिरहेका हुन्छन् । फरक यत्ति हो, नेपालबाट देखिने सपनामा बाध्यता मिसिएको हुन्छ भने नेपाल जाने सपना रहरले देखिएको हुन्छ । जेहोस्, सपना सपना नै हो । ◆

www.globalimebank.com
Toll Free no. 1-660-012-1314
बचत नै समृद्धिको आधार हो
बचत गरौं
ग्लोबल नवरत्न बचत खाता
८%
वार्षिक ब्याजदर
*शर्तहरु लागु हुनेछन् ।
उच्चतम ब्याजदर सहित बीमा सुविधा
रु. ५,००,०००/- सम्मको दुर्घटना बीमा*
नि:शुल्क मोबाइल तथा भाइबर बैंकिङ्ग (पहिलो वर्ष)
नि:शुल्क इन्टरनेट बैंकिङ्ग
नि:शुल्क चेकबुक उपलब्ध
नि:शुल्क ABBS सुविधा
भिसा डेबिट कार्ड जारी शुल्कमा ५०% छुट
लकर सुविधामा वार्षिक ५०% छुट*
क्रेडिट कार्ड जारी शुल्कमा ५०% छुट
Balance Certificate शुल्कमा ५०% छुट
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
IFM
BEST INTERNET BANK NEPAL
AWARDS 2016
The Banker
Bank of the Year 2014
NEPAL

नेपाली रकको रजत यात्रा

अढाई दशकसम्म निरन्तर सक्रिय र सफल चार रक–पप ब्यान्डहरू

■ गोकर्ण गौतम

समय एक्काइसौँ शताब्दीको दोस्रो दशकको बिसौनीतिर छ । तर, हामीकहाँ यस्तो जमात अझ बाक्लै छ, जो रक-पप म्युजिक भन्नासाथ ओठ लेप्र्याउँछ, निधार खुम्च्याउँछ । पप गायकलाई 'ट्यापे' र 'आवारा'को उपमा दिन्छ । रक गाउनेलाई ठाडै संगीत बिगारेको बात लाग्छ । अहिले त यस्तो छ, २५ वर्षअगाडि कति टोकसो सहनुपर्थ्यो होला !

यो नियति एकातिर थियो अर्कातिर संगीतप्रतिको साँघुरो सोचलाई चिर्ने तन्नेरी त्यही बेला जुर्मुराइरहेका थिए । जो आफूले चाहेको अर्थात् रक-पप म्युजिक सुन्थे अनि गाउँथे । पश्चिमा र नेपाली संगीतको फ्युजनमा रमाउँथे । समाज मात्र होइन, संगीतवृत्तबाटै 'अछूत' हुनुपर्थ्यो । तैपनि, पर्वाह थिएन । गिटार र ड्रम-प्रेम घनीभूत हुँदै गयो । गायनशैलीसँगै शब्दमा नयाँपन भित्रियो, स्वच्छन्द, सरल र युवा मनोविज्ञानलाई प्रतिनिधित्व गर्ने । त्यो पनि एक्लै-एक्लै होइन, रक-पप गायनको विश्वव्यापी अभ्यास अनुरूप सांगीतिक समूह खडा गरेरै । र, धेरैलाई ख्याल नहुन सक्छ, यो वर्ष त्यस्ता 'दुस्साहसी' चार ब्यान्डले 'सिल्भर जुब्ली' मनाइरहेका छन्- नेपथ्य, १९७४ एडी, मुक्ति एन्ड रिभाइभल र कबवेब ।

स्थापना मात्र होइन, निरन्तर सक्रिय र सफलतामार्फत यी ब्यान्ड नेपाली रक-पप म्युजिकमा 'पायोनियर'का रूपमा दर्ज भएका छन् । ब्यान्डमा सदस्यहरू आए, गए तर ब्यान्ड बन्द भएनन् । पपमा लागेको नयाँ पुस्ता यिनै ब्यान्डका गीत सुन्दै हुर्किए, अभ्यास गरे, अनि उनीहरूलाई नै पछ्याए । नेपाली संगीत आकाशलाई फराकिलो बनाए । "ब्यान्ड सुरु गर्दा खास उद्देश्य केही थिएन, आफूले चाहे अनुसार गीत गाउन पाए पुग्थ्यो," १९७४ एडीका संस्थापक सदस्यमध्येका एक निराकार याक्थुम्बा भन्छन्, "यसो गर्दागर्दै अढाई दशक बितेछ, लाखौं दर्शक/श्रोताको मन जितिएछ । पत्तै भएन ।"

परिणाम सुखद रहे पनि यहाँसम्म आइपुग्न अनेक आन्तरिक र बाह्य द्वन्द्व अनि आरोह-अवरोह झेल्नुपरेको छ । 'सिल्भर जुब्ली' मनाइरहेका यी ब्यान्डको रोचक यात्रा :

लोक-रकको मिश्रण

अमृत गुरुङ लोकगीत सुनेर हुर्किए तर उनलाई 'टिपिकल' लोकगीत गाउन आउँदैनथ्यो । आधुनिक गीत मन नपर्ने होइन तर गाउन ढंग पुग्दैनथ्यो । पश्चिमा रक गीतमा रुचि थियो । सुन्ने पनि, गाउने पनि । एक दिन अमृतले सोचे, त्यसो भए लोक र रक गीतको फ्युजन किन नगर्ने ? यही सोचको प्रतिफल हो, नेपथ्य ब्यान्ड । नेपाली सांगीतिक इतिहासमा सम्भवतः सबैभन्दा सफल यस ब्यान्डका अमृतबाहेक सुरुआतकालीन सदस्य थिए, दीपक राणा र भीम पुन । अमृत बेलाबखत भन्ने गर्छन्, "यस्तै नै

१९७४ एडी

तस्बिर : भास्वर ओझा

गीत गाउनुपर्छ भन्ने कुनै योजना थिएन । गाउँदै जाऔँ, पछि आ-आफ्नो पेसामा लागौँला भन्ने थियो ।" *नेपथ्य* र *हिमाल चुचुरे* एल्बम निकालेपछि भीम हङकङ गए, दीपक हवाई उडानको तालिममा व्यस्त भए । तर, अमृतले आजसम्म नेपथ्यलाई उचाइ दिलाइरहेका छन् । यसबीच २१ सदस्य आए, गए तर अमृत सधैँ नेपथ्यसँगै रहे ।

दीपक र भीमको विछोडसँगै नेपथ्यको अस्तित्व हराउने डर थियो । तर, दीपकको साथमा ब्यान्ड 'रिफर्म' भयो । यसअघि रबिन श्रेष्ठ ब्यान्डमा आबद्ध भएर गाएको 'छेक्यो छेक्यो...' हिट भइसकेको थियो । *मीनपचास* एल्बमका 'जोमसोमे बजारमा...', 'चरी मऱ्यो सिसैको गोली...'ले जस्ता गीत औधि रुचाइए । त्यसपछि नै हो, आममानिसमा नेपथ्य चिनिएको । नेपथ्य यस्तो ब्यान्ड हो, जसले विदेशी संगीत अर्थात् रकलाई प्राथमिकता मात्र दिएन, दूरदराजमा पुगेर विलीन भइसकेका लोकगीतलाई पनि पुनर्जन्म दियो । लोक र रकको यही फ्युजन नै आखिरमा नेपथ्यको विशिष्ट पहिचान बन्यो । एकातिर लोकगीतको जगेर्ना भयो, अर्कोतिर रक गीतको स्वाद चाख्न पाइयो ।

नेपथ्यले दिशा समात्दै गर्दा ०५७ मा एउटा संकट आइलाग्यो । ब्यान्ड 'पर्फम'का लागि जापान पुगेको थियो, केही सदस्य उतै लुके । पैसा लिएर मान्छे जापान लगेको आरोप खेप्नुपऱ्यो अमृतले । ब्यान्ड छिन्नभिन्न भयो, डिप्रेसनको सिकार भए उनी । ब्यान्डले बल्लतल्ल बनाएको साख धुमिलियो । कतिसम्म भने अमृतले संगीतसँग सम्बन्धविच्छेद गर्ने निधोसमेत गरे । त्यतिबेला अमृत नहुनु भनेको नेपथ्यविहीन हुनु थियो । केही समय त्यस्तै भयो पनि । तर एकाध वर्षपछि दीपकको अगुवाइमा ब्यान्डमा नयाँ सदस्य भित्रिए । र, निक्लियो, *रेशम* एल्बम । यसपछिचाहिँ नेपथ्यले गति लिएको-लियै छ । नेपालयसँग जोडिएपछि त नेपथ्य व्यवस्थित र व्यावसायिक हुँदै गयो ।

जनमानसले रुचाएका दर्जनौँ गीतले मात्र होइन, शान्ति संगीतयात्रा, शान्तिका लागि शिक्षाजस्ता अभियानले पनि नेपथ्यको छवि अरूभन्दा अलग र अग्लो बनाएको छ । जसरी नेपथ्यले हरेक गीत गाउनुको पछाडि उद्देश्य हुन्छ, ठीक उसैगरी हरेकको कन्सर्टमा केही न केही सत्कर्म जोडिएको हुन्छ । बेलायतको विख्यात विम्ले एरिनामा कन्सर्ट गर्ने पहिलो नेपाली ब्यान्ड पनि नेपथ्य नै हो । यी सबै त छँदैछ, नेपथ्यका गीत बच्चाबच्ची, किशोर-किशोरीदेखि परिपक्वसम्म हरेक उमेर समूहका श्रोताले रुचाउँछन् । आफ्नै नवीन शैली पछ्याएको ब्यान्ड यसरी सर्वप्रिय हुनुजतिको सुखद अरू के होला र !

विविधताबाटै लोकप्रियता

अंग्रेजी गीत भनेपछि हुरुक्कै हुन्थे, निराकार याक्थुम्बा । उनकै आमाको स्कुल ज्ञानोदयमा संगीत पढाउने फिरोज स्याङदेनको रुचि पनि त्यस्तै थियो । मादलभन्दा ड्रम, बाँसुरीभन्दा गिटार बजाउन मन लाग्ने । रक र ज्याजमा झुम्न मन लाग्ने । निराकार र फिरोजले आफूजस्तै अरू तीन साथी भेला पारे, भानु आमाद, अनुप दास र प्याट्री विल्सन । अनि जन्मियो, १९७४ एडी । यो 'लाइनअप' परिवर्तन भइरह्यो तर सधैं ब्यान्डको कमान्ड सम्हाले, निराकारले । गिटारिस्ट निराकार भन्छन्, "व्यक्तिभन्दा ब्यान्ड ठूलो हुन्छ । कोही हुनु र नहुनुले ब्यान्डलाई फरक पर्नुहुन्न ।" भयो पनि त्यस्तै, फिरोज, एड्रियन प्रधानजस्ता सेलिब्रिटी भोकलिस्टले छाड्दा पनि १९७४ एडीको गति कहिल्यै रोकिएन । अहिले पनि हरेक महिना घटीमा चारवटा कन्सर्ट गर्छन् । त्यसमध्ये अधिकांश त 'सोल्ड आउट' नै हुन्छ ।

शब्द अंग्रेजी, उफ्रिँदै र चिच्याउँदै गाउने, लामो कपाल पाल्ने अनि कानमा मुन्द्रा । यत्ति भएपछि के चाहियो ? समाजका गन्यमान्य भनिएकाहरू यो ग्रुपलाई देख्नासाथ मुन्टो बटार्थे । धन्न, पढे-लेखेका सदस्य भएकाले मुख फोरेरै केही भन्न सक्दैनथे । फेरि सुरुमा यो ब्यान्डले अंग्रेजी गीत मात्र गाउँथ्यो । रक-ज्याजमा नेपाली शब्द घुसाउन सकिन्छ भन्ने हेक्कै थिएन रे ! सन् १९९६ मा पहिलो एल्बम निकाले, *टाइम-आउट* । सबै गीत अंग्रेजी । तर, त्यत्तिकै हरायो । बिस्तारै रक शैलीमा नेपाली शब्द गाउने रहर पलायो । फिरोजको आवाजमा 'मायालुले...', 'तिम्रो सम्झनाले...' जस्ता गीत सार्वजनिक भए । तैपनि, सोचेजस्तो सफलता मिल्न सकेन । गिटारिस्ट मनोज केसी र भोकलिस्ट/ड्रमर एड्रियन जोडिएपछि सन् १९९८ मा *सम्झी बस्छु* एल्बम निकाले । त्यसमा १३ वटा गीत थिए, सबै हिट । 'परेलीमा...,'

१९७४ एडी

स्थापना : सन् १९९३
विशिष्टता : रक, फोक, एक्सपेरिमेन्टल

सुरूआती टिम

१. निराकार याक्थुम्बा (गिटार)
२. फिरोज स्याङदेन (गिटार, सन् २००८ मा छाडेको)
३. भानु आमाद (रिदम गिटार, सन् २००३ मा छाडेको)
४. प्याट्री विल्सन (ड्रम र भोकल, सन् १९९९ मा छाडेको)
५. अनुप दास (किबोर्ड, सन् १९९६ मा छाडेको)

अहिलेको टिम

१. निराकार याक्थुम्बा (गिटार)
२. मनोजकुमार केसी (गिटार/किबोर्ड, सन् १९९८ मा आबद्ध)
३. रोहित जोन क्षत्री (भोकल/गिटार, २०१५ मा आबद्ध)
४. सञ्जय श्रेष्ठ (ड्रम, सन् २००० मा आबद्ध)
५. प्रतीक बानियाँ (ट्रम्बोन, सन् २०१३ मा आबद्ध)
६. सुवाससजंग पाण्डे (ट्रम्पेट, सन् २०१५ मा आबद्ध)

कन्सर्ट : करिब एक हजार स्वदेशमा
करिब चार सय विदेशमा
एल्बम : नौ
प्रतिकन्सर्ट पारिश्रमिक : दुई लाखदेखि दस लाख रुपियाँसम्म

१.
३.
४. पवन
५. महेश

१.
२. सिद्धार्थ
३.
४. सञ्जय
५. सिर्जन

कन्सर्ट :

प्रतिकन्सर्ट

मुक्ति एन्ड रिभाइभल

स्थापना : सन् १९९३
विशिष्टता : ब्लुज-रक

सुरूआती टिम

१. मुक्ति शाक्य (गिटार)
२. सुशील स्थापित (भोकल, सन् १९९५ मा छाडेको)
३. उदेशलाल श्रेष्ठ (बेस गिटार, सन् १९९५ मा छाडेको)
४. नवीन ताम्राकार (ड्रम, सन् १९९५ मा छाडेको)

अहिलेको टिम

१. मुक्ति शाक्य (भोकल/गिटार)
२. रोशन कंसाकार (बेस गिटार)
३. सुनीत कंसाकार (गिटार)
४. निखिल तुलाधर (ड्रम)

कन्सर्ट : करिब ५ सय स्वदेशमा
करिब एक सय विदेशमा
एल्बम : चार
प्रतिकन्सर्ट पारिश्रमिक : एक लाखदेखि तीन लाख रुपियाँ

‘छुँदैन तिम्रो मायाले...’, ‘देउराली भन्ज्याङ...’, ‘चौबन्दी चोली...’ आदि। अहिलेसम्म ब्यान्डमै आबद्ध मनोज भन्छन्, “हामीले पपकै वरपर रहेर ज्याज, रक एन्ड रोल, फोक, रेगे, फंकदेखि ब्लुजसम्म धेरै विधाका गीत गायौं, जसले श्रोताको मन पनि जित्यो।”

यतिबेलासम्म नवीन के भट्टराई, निमा रुम्बाजस्ता पप गायकको दबदबा बढेको थियो। सोलो गायक भएपछि उनीहरूको माग बढी हुन्थ्यो कन्सर्टमा। बहु-सदस्यीय १९७४ एडीलाई व्यवस्थापन अलि असहज हुने भइहाल्यो। बाहिर यस्तो समस्या, भित्र ब्यान्डका सदस्यबीच दूरी बढ्दै थियो। त्यो मनमुटावको बीउ उम्रेको थियो, जब भोकलिस्ट एड्रियनले सोलो कन्सर्टमा ब्यान्डको गीत गाउन थाले। अर्का भोकलिस्ट फिरोज अमेरिका गइसकेका थिए। ब्यान्ड पूरै अलपत्र। अभ्यास नै हुन छाड्यो। एड्रियनले ब्यान्डका लागि समय दिनै सकेनन्। तर, एड्रियनलाई छाडिहाल्न सहज पनि थिएन। ब्यान्डका सबैभन्दा चिनिएका अनुहार त उनै थिए। तैपनि, ब्यान्डकै अस्तित्व संकटमा पर्न थालेपछि निराकार र मनोजको टिम नयाँ लाइनअप बनाउन बाध्य भयो। र, भित्रिए, रोहितजोन क्षत्री। जो १९७४ एडीकै गीत सुन्दै हुर्किएका थिए। निराकार भन्छन्, “रोहित आएपछि हामीलाई ब्यान्डको साख जोगाउने चुनौती थियो। यो अढाई वर्षमा त्यो चुनौती चिर्न सफल भयौं भन्ने लाग्छ।”

हिट हुँदै गएपछि ब्यान्ड भोकलिस्टको बेवास्तामा पर्ने डर नभएको होइन। फेरि रोहित ब्यान्डमा आबद्ध हुनुभन्दा पहिले सोलो सिंगरका रूपमा परिचित थिए। पहिलेजस्तो नहोस् भनेर ‘गाइडलाइन’ बनाइएको छ, त्यो भनेको रोहितले एकल कन्सर्ट गर्न पाउने तर त्यहाँ ब्यान्डको गीत नगाउने। ब्यान्डको कमाइ जति हुन्छ, सबैलाई बराबर भाग लगाउने। “भोकलिस्ट फ्रन्टमा हुन्छन्, सोही कारण ऊ बढी चिनिन्छ। यो यथार्थ हो। यसमा न भोकलिस्टले घमन्ड गर्न मिल्छ, न अरूले डाहा गर्न,” रेकर्डिस्टसमेत रहेका मनोज भन्छन्, “यति समझदारी भयो भने मात्र ब्यान्ड टिक्छ।”

अन्त्यमा, ब्यान्डको नाम १९७४ एडी राखिनुको कारण के होला ? धेरैलाई कौतूहल छ। सन् ’७० को दशकमा नेपाली संगीतले शिखर चुमेको थियो। सोही समयका सर्जकलाई सम्मान गर्दै त्यही दशकको एउटा वर्षलाई प्रतिनिधिका रूपमा लिएर ब्यान्डको नाम राखियो, १९७४ एडी।

नेपथ्य
स्थापना : सन् १९९३
विशिष्टता : फोक/रक

सुरूआती टिम
१. अमृत गुरूङ (भोकल)
२. दीपक राणा (गिटार, सन् १९९५ मा छाडेको)
३. भीम पुन (ड्रम, सन् १९९६ मा छाडेको)

अहिलेको टिम
१. अमृत गुरूङ (भोकल)
२. ध्रुव लामा (ड्रम, सन् २००१ मा आबद्ध)
३. सुरज थापा (किबोर्ड, सन् २००३ मा आबद्ध)
४. सुविन शाक्य (बेस गिटार, सन् २००४ मा आबद्ध)
५. निरज गुरूङ (लिड गिटार, सन् २००८ मा आबद्ध)
६. शान्ति रायमाझी (मादल, सन् २०१० मा आबद्ध)

कन्सर्ट : ५० स्वदेशमा
झन्डै डेढ दर्जन विदेशमा
एल्बम : नौ
प्रतिकन्सर्ट पारिश्रमिक : खुलाउन नचाहने

कबवेब
स्थापना : सन् १९९२
विशिष्टता : रक, मेटल

सुरूआती टिम
निलेश जोशी (बेस गिटार)
२. राजेन्द्र धाख्वा (ड्रम)
दिभेस मुल्मी (भोकलिस्ट/गिटार)
शाक्य (किबोर्ड, २००३ मा छाडेको)
नकर्मी (गिटार, २००३ मा छाडेको)

अहिलेको टिम
निलेश जोशी (बेस गिटार)
धाख्वा (ड्रम, सन् १९९८ मा आबद्ध)
दिभेस मुल्मी (भोकलिस्ट/गिटार)
अर्याल (भोकल, सन् २०१२ मा आबद्ध)
ज्ञवाली (गिटार, सन् २०१२ मा आबद्ध)

करिब ६ सय स्वदेशमा
करिब ४० विदेशमा
एल्बम : आठ
पारिश्रमिक : एक लाखदेखि तीन लाख रूपियाँसम्म



ब्लुजमा नामी

सन् ’६० र ’७० को दशकमा नेपालमा हिप्पिज्म नभित्रिएको भए, न मुक्ति शाक्य गायक हुन्थे, न त मुक्ति एन्ड रिभाइभल ब्यान्ड जन्मिन्थ्यो। यसको कारण छ, झोछेंमा हुर्किए मुक्ति। झोछें पऱ्यो, हिप्पीहरूको ‘हब’। बाटो-बाटोमै रोलिङ स्टोन, बिटल्स, बब मार्ली, जिम्मी हेनड्रिक्सका गीतहरू घन्किन्थे। कोही गिटार बजाउँदै आफ्नै तालमा अंग्रेजी गीत गाइरहेका हुन्थे, चिच्याउँदै, उफ्रिँदै, कपाल फिजाउँदै। मुक्तिलाई त्यसकै हावाले छोयो। भन्छन्, “नेपालमा हिप्पीको आगमन नभएको भए रक र ब्लुज म्युजिक यहाँसम्म आइपुग्न अरू धेरै समय लाग्थ्यो।” त्यतिबेला झोछेंका ठिटाहरूमा हिप्पीझैं हुलिया बनाउने र गीत गाउने लहर थियो। मुक्ति अलग हुने कुरै थिएन। नत्र कसरी, एसएलसी पास नगर्दै रेडियम भन्ने स्थानीय ब्यान्डसँग जोडिन्थे ! रेडियमले तारे होटलहरूमा गीत गाउँथ्यो। मुक्ति एन्ड रिभाइभलको आधारभूमि यहीँबाट सुरु भयो। तर, यसले औपचारिकता पायो,

तस्बिर : अंगद ढकाल

नेपथ्य

सन् १९९३ मा। सुरुमा रिभाइभल मात्र थियो। मुक्ति पछि थपिएको हो।

रिभाइभलले स्थापनाको दुई वर्षसम्म अंग्रेजी गीत मात्र गायो। तर, धीत मरेको थिएन। नेपाली गीत गाउन पाए अझ मज्जा हुन्थ्यो भन्ने उत्कण्ठा जाग्यो मुक्ति र उनका साथीहरूमा। यही चाह अनुरूप ब्यान्डले पहिलो नेपाली गीत गायो, 'नहेर मलाई...'। ब्लुज म्युजिकमा नेपाली शब्द तर गायिकी पश्चिमा नै। बिलकुलै नयाँ स्वाद। त्यसपछि लगातार यस्तै गीत गाइरहे, अझ लोकलाई समेत समेटेर, 'डल्ली रेशम...'। जब इन्टरनेटले व्यापकता पाउँदै थियो, 'वसन्त उदायो...' र 'कान्छी नानी...' आए। यी गीतले ब्यान्डलाई थप उचाइ दिलाए।

तर, ब्यान्डका सदस्यहरू फेरिरहने। हरेक सदस्य भित्रिँदा फेरि रियाज गर्नुपर्ने। भर्खरै ब्यान्डलाई अझ निखार्दै लगेको मुक्तिको अनुभव छ। उनकै नामबाट ब्यान्ड, उनी नै भोकलिस्ट। त्यसैले अरू सदस्यमाथि हाबी पो भए कि ? "त्यस्तो हुन्न। ब्यान्डमा सबैको भूमिका समान हुन्छ।" रक र ब्लुज गाउँदा-गाउँदै ५८ वर्ष पुगेका मुक्ति भन्छन्, "तर, भोकलिस्टको काम नै ब्यान्डलाई ब्रान्डिङ गर्ने हो। जब यो तथ्य अन्य सदस्यले बुझ्छन्, तब समस्या हुँदैन।" अहिलेको 'लाइनअप' पाँच वर्ष पुरानो भयो।

ब्यान्डका हरेक सदस्य जम्मा नभई कतै कन्सर्ट गर्दैनन्। जति पारिश्रमिक आउँछ, समान भाग लगाउँछन्। लोक र ब्लुजलाई फ्युजन गर्नु अनि अर्थसहितको शब्दलाई प्राथमिकता दिनु ब्यान्डको एजेन्डा नै हो। सायद यही कारण हुनुपर्छ, मुक्ति एन्ड रिभाइभलको लोक-संगीतमा अडिएको ब्लुज ब्यान्डको पहिचान बनेको। ब्लुजका बारे थाहै नहुँदा ब्यान्ड जन्मियो, अहिले ब्लुज लोकप्रिय हुँदासम्म उनीहरू उत्तिकै सक्रिय छन्। यसको जस ब्यान्डलाई पनि पक्कै जान्छ। कन्सर्टमा उच्च 'इनर्जी'का साथ उपस्थित हुने यो ब्यान्डका सबै सदस्य ४० वर्ष नाघिसकेका छन्। मुक्ति भन्छन्, "उमेर बूढो हुँदै गएको हो। जोश उस्तै जवान छ।" त्यसो नहुँदो हो त यति लामो समय टिक्थे कसरी ?

रकमै मस्त

जब नेपाली रक संगीतको कुरा आउँछ, कबवेब ब्यान्डलाई भुल्नै सकिन्न। अझ भनुँ, कबवेबबिना नेपाली रक अपूरो हुन्छ। उनीहरूको लाइभ प्रस्तुति साँच्चै 'वाउ' नै हुन्छ।

कबवेबको कथा पनि खासै भिन्न छैन। चलिरहेको होइन, पश्चिमबाट यता सरेको संगीत रुचाउने पाँच ठिटाहरूले यो ब्यान्ड जन्माएका थिए, सन् १९९२ को अन्त्यतिर। जसमध्ये दुई जना दिभेस मुल्मी (भोकल/गिटार) र निलेश जोशी (बेस गिटार) अझ ब्यान्डमै छन्। अर्थात्, कबवेबसँगै अगाडि बढाए उनीहरूले आफ्नो करिअर पनि। लामो कपाल र मुन्द्राधारी दिभेस भन्छन्, "ट्रेन्ड फलो नगरी आफैं गोरेटो खन्नु मुस्किल थियो। तैपनि, हाम्रो यात्रा सुखद रह्यो। सन्तुष्ट छौं।"

रहरै-रहरमा ब्यान्ड खोले, त्यस्तै रहरमा एल्बम निकाले तर भइदियो सुपरफ्लप। पैसा खेर, मिहिनेत खेर। जोश पनि हरायो। चार वर्ष त्यत्तिकै बित्यो। तर, सुषुप्त सही, संगीत-प्रेम छँदै थियो। बरू, यसबीचमा दिभेसले रेकर्डिङ स्टुडियोमा काम गरे। कसरी एल्बम निकाल्ने, कम्पनीसम्म कसरी पुग्ने आइडिया भयो। युवा मनोभावलाई समात्ने गीत सिर्जनातिर लागे। हेभी रक छाडेर अलि सफ्ट कम्पोजिसनतिर तानिए। त्यसकै परिणाम हो, 'मार्‍यो नि मार्‍यो...'। सेमी-रक यस गीतबाट कबवेब 'मार्क' भयो।

अन्य ब्यान्ड अक्सर भोकलिस्टका कारण टुक्रिन्छन्। कबवेबको सुरुआतबाटै दिभेस भोकलिस्ट छन्। ६ वर्षअगाडि अर्का भोकलिस्ट थपिए, सञ्जय अर्याल। तर, कुनै मनमुटाव छैन। बरू, कामको बाँडफाँट गरेका छन्। जस्तो : कन्सर्ट आयोजकसँग डिल निलेशले गर्छन्। भेन्यु र स्टेज हेर्ने जिम्मा सिद्धार्थ धाख्वाको हो भने साउन्ड र अन्य प्राविधिक पक्ष दिभेसको। पारिश्रमिक नयाँ तीन सदस्यले भन्दा पुराना दुईले अलि बढी पाउँछन्। दिभेस भन्छन्, "हाम्रो सबभन्दा सकारात्मक पक्ष नै सदस्यहरूबीच समझदारी र आत्मीयता हुनु हो। केही तलमाथि पर्नासाथ सँगै बसेर मिलाइहाल्छौं।"

अञ्जान (सन् १९९३)देखि *अस्तित्व* (सन् २०१६)सम्म कबवेबले आठवटा एल्बम निकाल्यो। रक, सेमी-रक, रेगे, एक्सपेरिमेन्टल, प्रोगेसिभ जस्तोसुकै गीत गाए पनि दर्शक/श्रोताले रुचाएकै छन्। आफ्नी प्रेमिकालाई सुविधासम्पन्न कारमा घुमाउन लैजाने सपना बुनिएको 'मर्सिडिज बेन्ज...' कबवेबको सम्भवतः सबभन्दा चर्चित गीत हो। जहाँ कन्सर्ट होस्, गाउनैपर्छ। 'प्रीतको नशा...', 'फेरि जिउन यहाँ...', 'तिम्रो माया...' पनि उत्तिकै प्रिय छन्, खास गरी युवा पुस्तामाझ। दिभेस भन्छन्, "हिजो हाम्रा गीत रुचाउनेहरू आज बुबा बनिसके। अहिले उनीहरूका सन्तान हाम्रा गीत सुन्छन्। दुई पुस्तासम्म त पुगियो।" यो यात्रा कहिलेसम्म ? दिभेस क्षणभर गम्छन् र भन्छन्, "सायद हामी रहुन्जेलसम्मै।"

तर, होइन। त्यसपछि पनि कबवेब मर्दैन किनभने संगीतको कुनै आयु हुन्न, यो अनन्त हुन्छ। ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म
For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD
05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK®

राजकुमार बानियाँ

तस्बिर : रवि मानन्धर

घाघडान अनुवादक खगेन्द्र संग्रौला र मञ्जुश्री थापा घरीघरी नाम लिइरहन्छन्, प्रवीण अधिकारी, ३७, को । यी तन्नेरीको नाम किन पनि आउँछ भने हालसालै इन्द्रबहादुर राईका हाडेओखरजस्ता १६ कथालाई समेत अंग्रेजी जहाजमा राखिदिएका छन्, *लङ नाइट अफ स्ट्रोम* ।

साँच्चै भन्ने हो भने लीला लेखनमा गएपछिका राईका कथा नेपालीमै पढ्न पनि गाह्रो छ । उनले सोधेछन्, 'कुन-कुन कथा छानिएको छ त ?' 'बाघ', 'झ्याल', 'खीर' आदि कथाको बनिबनाउ सूचीमा राईले तत्काल संशोधन हालेछन्, 'होइन, यिनीहरू त पहिले पनि गरेकै हुन् तर यसको अनुवाद राम्रो हुनै सक्दैन ।' अब अलि सजिला कथाको अर्को सूची बन्यो । *विपना कतिपयका* १० र *कथास्थाका* आधा दर्जन कथा ।

यी युवा हलकारा शब्दभण्डारले भन्दा पनि लेखनशिल्पले सिँगार्न सिपालु छन् । अनुवादलाई पनि कताकता श्रुतिमधुर बनाइहाल्छन् । अनुवादकका रूपमा उनको यो पहिलो पाइला होइन । यसअघि पनि उनले सुभाष दर्नालको *अ ल्यान्ड अफ आवर वन* र आमोद भट्टराईको कथासंग्रह *च्याप्टर्स* पाठकको हातमा पुर्‍याइसकेका छन् ।

खासमा अनुवादकमा मात्र सीमित छैनन् प्रवीण । नयाँदिल्लीको प्रकाशक रूपाले केही वर्षअघि बजारमा ल्याएको उनको पहिलो पुस्तक *द भ्यानिसिङ एक्टका* केही कथा मर्स्याङ्दी खोला किनारको गाउँ आँबु

ब्वाय फ्रम खैरेनी

खैरेनीको सेरोफेरोमा छन् । 'द ब्वाय फ्रम बनौती', 'मायापुरी', 'फर्च्युन' आदि कथाको भावभूमि आँबु खैरेनी नै रहेछ प्रवीणको जन्मथलो । दीपक अधिकारीले यसरी चिनाएका छन् उनलाई, 'मध्य पहाडमा दुःखजिलो गर्ने किसान, साना व्यापारी र तिनका स-साना सपना र संघर्षका कथा भन्ने एक कटुवाल ।'

रूपासम्म पुग्ने सूत्र रहेछन्, जयपुरमा भेटिएका पेन्गुइनका सम्पादक अनुराग बस्नेत । पाठक प्रतिक्रिया, समीक्षा र टिप्पणी राम्रो पाए उनले । एक महिना पोखरा बसेर पुनर्लेखन गरी किताब छापिँदासम्म कालिम्पोङका अनुराग अलेफ हुँदै स्पिकिङ टाइगर पुगिभ्याएछन् । "काठमाडौँका प्रकाशकसँग राम्रो सम्पादक हुने हो भने हामी बाहिर जानु पर्दैन," उनको अनुभव छ, "आईएनजीओहरूले सम्पादक र अनुवादकलाई क्वाँप्पै निल्दिहाल्छन्, अफिसमा दिनभरि घोटिने उनीहरू साहित्यका लागि एक अक्षर गर्नेवाला छैनन् ।"

लेखनबाहेक अन्य करिअरबारे सोच्दै सोचेनन् प्रवीणले । आँबु खैरेनीमा हजुरबुबाको आँगनबाट सुरु भएको स्कुल सनसाइन बोर्डिङमा ३ कक्षासम्म पढेपछि उनको रवाना भयो, बूढानीलकण्ठ स्कुलमा । त्यहाँ १० वर्ष कैदी भएर बसेको अनुभव छ उनीसँग । खैरेनीमै टीकाराम परियारको किताब पसलमा दुई रुपियाँ धरौटी राखेर कमिक्स र सुरेन्द्रमोहन पाठक, वेदप्रकाश शर्मा मार्का हिन्दी उपन्यास पढ्ने बानी लगाए उनले । जेठाबाठाले किताब साटासाट गर्दा उनलाई हुलाकी बनाउँदा रहेछन् । त्यसबीचमा उनी किताब चप पार्दा रहेछन् ।

बूढानीलकण्ठ स्कुलमै पढ्दा उनले गन्तव्य निश्चित गरेका रहेछन्, साहित्य या फिल्म । लेखक बन्नु पहिले पक्का पाठक बन्नुपर्थ्यो । त्यसैले उनी कक्षा ४ देखि १२ सम्म लाइब्रेरियन बने । "मैले स्कुलमा सबभन्दा धेरै काम गरेको लाइब्रेरीमै हो," उनी भन्छन्, "लाइब्रेरियन नवीन रायमाझीले मलाई राम्रा किताबतिर डोऱ्याइदिए ।" राहुल सांकृत्यायनको *भोल्गा से गंगा तक* र इटालो कालभिनोको *ट्रिलोजी*ले उनलाई मोहनी लगाइदिए ।

कलेज जाने बेला सिनियरले निकाल्ने साहित्यिक पत्रिकाका पाना एम्बुलेन्स शैलीमा भरिदिने काम हुन्थ्यो प्रवीणकै । अभिनयमा मात्र नभएर पेन्टिङमा रुचि थियो उनको । नाटकको सेट बनाउन भागेर पुग्थे । राहुल गिरी, शिरीष दली, ठाकुर अम्गाईं उनका सहपाठी थिए । आदित्य अधिकारी एक ब्याच सिनियर ।

बूढानीलकण्ठपछि अमेरिका भयो उनको मुकाम । वासिङ्टन राज्यस्थित वालावाला गाउँको ह्विटम्यान नामक सानो कलेजमा पढे पूर्ण छात्रवृत्तिमा । समरको तीन महिनाजति आफैँले कमाएर खानुपर्थ्यो । केही समय घाँससास काटे र छाडे । तीन महिनाका लागि पाएको कथा लेखनको ग्रान्ट पनि सकिएपछि उनका साथी सुपरमार्केटअगाडि पोर्ट्रेट कोर्न थाले । प्रवीणको काम ग्राहकको हात समातेर ल्याउने । त्यसले बियर र मःम खान पुगिहाल्थ्यो ।

जताततै स्याउ फल्थ्यो वालावालामा । कति दिन त फलफूल चोरेर पनि गुजारा चल्यो । त्यसपछि गए सान फ्रान्सिस्को । कलेजमा क्रियटिभ राइटिङ र वर्ल्ड लिटरेचर नै पढेका थिए उनले । पोयट्री पढ्न गएछन् सुरुमा । प्रोफेसरले भनेछन्, 'तिम्रो कविता कथाजस्तो छ, कथा कविताजस्तो छ । दुईमध्ये एउटा छान ।' अब उनको रोजाइ कथा भयो, लामो लेख्न पाइने छुटका कारण । "म कलेजमा एक्टिङ सिक्न पनि गएकै हुँ," उनी थप्छन्, "तर, मैले अंग्रेजी बोलेको कसैले बुझ्नेन ।"

उनको पहिलो जागिर थियो सिलिकन भ्यालीमा । "मेरो तलब नै ३२ सय डलर थियो । तीन महिनापछि फेरि बढ्नेवाला थियो," उनी रुटिन सुनाउँछन्, "बिहान साढे ५ बजेदेखि राती साढे ८ बजेसम्म काम गर्थें । साथी भेट्न जानुपऱ्यो भने रेलमा डेढ घन्टा लाग्थ्यो । नयाँ साथी बनाउने समय थिएन । मलाई लाग्यो, यो जिन्दगी खै के जिन्दगी ?"

बारमा भेटिने मान्छे त साथी हुन सक्दैन थियो । जिन्दगीभरि कथा लेख्छु, किताब लेख्छु भन्ने मान्छेको यो हविगत उनलाई सह्य भएन । फेरि उनी प्राविधिक थिएनन् । उनलाई रिक्रुटिङको काममा अल्छी लाग्न थाल्यो । साथी सुश्रुत आचार्य (अहिले युलेन्स स्कुलका शिक्षक) कम्प्युटर छाडेर काममा जान्थे, प्रवीण त्यसमै कथा लेखेर बस्थे । त्यतिबेलाका कतिपय कथा छन्, *द भ्यानिसिङ एक्ट*मा ।

त्यसबीचमा कहिले रेस्टुराँ त कहिले पाकिस्तानीको रक्सी पसलमा काम गरे । पैसा नभएका बेला सुश्रुतकी सानिमाको रेस्टुराँबाट भात आइपुग्थ्यो । नत्र वाईवाई चाउचाउ उमाल्यो, खायो । उनले आफैँलाई लगातार सोधिरहे- होइन, म के गरिरहेको छु ? लेखक बन्न आएको मान्छे ।

अमेरिकामा बसेर गरिब हुनुभन्दा काठमाडौंमै गरिब हुनु ठीक होइन र ?

काठमाडौंमा त केही भएन भने कमसेकम घरमा आमाले पकाएको भात खान पाइन्छ । जहाँ पनि हिँडेरै पुगिन्छ । त्यसपछि सुरु भयो- काठमाडौंको लफंगा लाइफ । रमाइलो जिन्दगी । बिन्दास जिन्दगी । बेपर्वाह जिन्दगी ।

त्यतिबेला आईएनजीओमा पसेको भए ५०-६० हजार रुपियाँको जागिर गाह्रो थिएन उनलाई । तर, उनीभित्रको लेखकले रोकिहाल्यो- अहिले छिरियो भने लेखक बन्ने सम्भावना फेरि सकिन्छ । अहिले धेरै तलब खाएपछि त्यो भन्दा कममा जाने छुट पाइँदैन । अहिले आएर उनलाई लाग्छ, तलब थाप्ने हतारो गरेको भए न आफ्नो किताब हुन्थ्यो, न आईबी राईको अनुवाद, न त वर्ड वारियर्स र ल.लितकै काम ।

बूढानीलकण्ठ स्कुलकै सोम ढकाल (फिल्म *गुडबाई काठमान्डू*का निर्माता)ले १८ वर्ष पहिले नेपालीका लागि पहिलो च्याट साइट खोलेका थिए, *सुस्केराडटकम* । मञ्जुश्री थापा, सुषमा मानन्धर, सम्राट् उपाध्यायसँगै उनका पनि लेखरचना आए त्यसमा । नेपाली सेनाले प्रतिबन्ध नलगाउँदासम्म सराहना श्रेष्ठको *समुदायडटवर्क*मा पनि लेखे ।

“पछि आदित्य अधिकारीले मलाई साप्ताहिक स्तम्भ दिए, द काठमान्डू पोस्टमा । फोटो नछापिए पनि युवा पाठकले नोटिस गरे,” उनलाई सम्झना छ, “पत्रिकामा आउन थालेपछि ममीलाई अब छोराले पैसा कमाउँदैन भन्ने पक्का भयो ।” पत्रकार बा (गोविन्द अधिकारी)ले उनलाई न धाप दिए, न बाटो छेके ।

प्रवीणलाई अनुवादको काम दिएका रहेछन् आफ्नै बाले । *हिमालय टाइम्स*का लागि । एक शब्दको एक सुका दिने सर्तमा । बूढानीलकण्ठ स्कुलको छुट्टीभरि १ हजार ६ सय रुपियाँको काम गरेछन् उनले । गगन थापालाई जेल हाल्दा खगेन्द्र संग्रौलाको अखबारी लेख ‘हजारौं गगन’को अंग्रेजी अनुवाद पनि उनले नै गरेका थिए ।

“ कला क्षेत्रका सबै मान्छे लफंगा लाग्छन् ”

जनआन्दोलनका बेला *पल्पसा क्याफे* अनुवाद गर्न मन लाग्यो उनलाई । “नारायण वाग्लेलाई म बामार्फत चिन्थेँ,” उनी भन्छन्, “मैले सोधेँ, दाइले कलेज पढेको केटो भनेर वास्ता गर्नुभएन ।” त्यही सम्झाएर उनी वाग्लेलाई कहिलेकाहीं जिस्काउँछन् पनि ।

उनी नेपाल फर्कनुको कथामा फिल्म पनि जोडिएको छ । अमेरिकामा *कागबेनी* फिल्म देखाउने जिम्मा लिएका थिए, कसिसदास श्रेष्ठले । कसिसमार्फत भास्कर ढुंगानासँग सम्पर्क भयो उनको । फिल्मले उनलाई सजिलै अमेरिकामुक्त गरिदियो ।

भास्करले काममा कति कजाए भने हरेक दिन दुई-चार हजार शब्द लेखाउँदा रहेछन् । चार-पाँच वर्षको बीचमा दुईवटा फिल्म लेखे, *कोही मेरो* र *सुन्तली* । दुवै व्यावसायिक रूपमा भने सफल भएनन् । उनले लेखेका सात-आठवटा त फिल्म नै बनेनन् । “मैले लेखेका कुरा फ्लप हुन्छन् भन्ने निश्चितै हो,” उनी भन्छन्, “हामीकहाँ सहरी दर्शकका लागि बनाएको नक्कली नोस्टाल्जिया मात्रै छ । त्यो सक्कली गाउँले जीवन नै होइन ।”

भास्कर पनि प्राग (चेकोस्लोभाकिया)तिर पढ्न गए । त्यसबीचमा चार-पाँचवटा सर्ट फिल्म लेखे प्रवीणले । ती फिल्म विभिन्न फेस्टिभलमा गए । बुसानपछि *सुन्तली* अमेरिका, अस्ट्रेलियातिर जाने बेला भुइँचालो आइहाल्यो । फिल्मको काम अड्कियो । उनले सिंहदरबारको चार शृंखलामै चित्त बुझाउनु परेको छ । राजनीतिक अपराधलाई लिएर जासुसी उपन्यासको खाका तयार छ ।

जतिसुकै अप्ठ्यारो घुम्तीमा पनि लफंगा-लाइफ छाडेनन्, प्रवीणले । उनी आफ्नै मर्जीमा फिल्मका स्क्रिप्ट र कथा लेख्छन् या अनुवाद गर्छन् । जागिरले पनि गर्ने आखिर यस्तै काम त हो । तर, उनको जीवन अरूले हेर्दा पनि लफंगा छ, आफूले हेर्दा पनि लफंगा नै । “म मात्रै किन ? कला क्षेत्रका सबै मान्छे लफंगा लाग्छन्,” उनलाई लाग्छ, “कलामा एउटा सफलता पाउन दशकौं लाग्न सक्छ ।” उनलाई प्रिय छ, आफ्नो लफंगा जीवन ।

पाँच वर्ष अमेरिका बसे प्रवीण । अमेरिका उनले बहुत आनन्द लिएको ठाउँ हो । त्यही भएर हातमा डिग्री परेन । उनी कतिसम्म मस्त भए भने स्नातकोत्तरका लागि आवेदन समेत दिएनन् । बौद्धिक भइनँ भन्ने लाग्छ कहिलेकाहीं । काठमाडौं विश्वविद्यालयको कलेज अफ आर्टस्मा ‘भिजिटिङ फ्याकल्टी’ छन् पाँच वर्षयता ।

एउटा अनुवादकका रूपमा नेपालबाट देशबाहिर लाने, देशबाहिरबाट यहाँ ल्याउने, मातृभाषाबाट नेपालीमा, नेपालीबाट मातृभाषामा लैजाने आदि थुप्रै काम छन् उनका । अनुवादको औचित्य कति छ भने नेपालीले नेपालीकै कथा पढ्न पनि अंग्रेजी चाहिने बेला भइसक्यो । “रहरले अनुवाद कसले गर्ला र ? सेवाभाव नभई छिर्न गाह्रो छ,” उनी भन्छन्, “नेपाली साहित्य राम्रो नभईकन न फिल्म राम्रो बन्छ, न अनुवादकै सार्थकता रहन्छ ।” यत्ति हो, अनुवाद भयो भने देवकोटाले नोबेल पुरस्कार पाउँछन् भन्ने कुराचाहिँ झूर लाग्छ ।

प्रवीणलाई घरमै बसीबसी गर्ने खेताला कामजस्तो लाग्छ, अनुवाद । चौरासी व्यञ्जनको उनलाई आशा छैन, दाल-भात खान पाए पुग्यो । “मेरो नेम र फेम अधकल्चो छ । न लेखकका रूपमा, न त अनुवादककै रूपमा,” उनी भन्छन्, “मेरो मूल्यांकन तीन जना समकालीन लेखक, अनुवादकले गरे पुग्छ ।”

जम्मा एकपटक राजनीतिक दलको टिकट लिएछन् प्रवीणले । त्यो पनि लिम्बूवान मुक्ति मोर्चाको । नौ वर्षअगाडि साथीको भाइको करबलमा । उनलाई घेराबाहिर बसेर गाली गर्नै मजा लाग्छ । ट्राभलरका रूपमा हिँड्दा झम्सिखेल र सान फ्रान्सिस्को मेनु र सजावटमा फरक छैन । नेवारी खानाका पारखी प्रवीण बरू बुङमती र हरिसिद्धिको छोइला र ऐलाको स्वादमै बेस्मारी फरक भेट्छन् ।

सानेपामा एक्लै बस्ने अविवाहित प्रवीण सहरका चुल्ठे लेखक हुन् । साढे दुई वर्षअघि कैलाश घुमेयता कपाल काटेका छैनन् । अब १० इन्चको बुके बनाएर क्यान्सरपीडित बच्चालाई डोनेसन दिने विचारमा छन् । कपालको सरप्राइज पार्सल बनाएर पठाउने दिनको प्रतीक्षा छ, बस् । ◆

फिक्सन र ननफिक्सन २०-२०

अन्तिममा के हुन्छ भन्ने पाठकलाई पहिल्यै थाहा हुन्छ, गाब्रियल गार्सिया मार्खेजको उपन्यास *क्रोनिकल अफ अ डेथ फोरटोल्ड*मा । घटना त हुन्छ तर कसरी हुन्छ भन्ने कौतूहलले किताबको अँगालोमा बाँधिराख्छ । एउटा रियालिटी बिस्तारै 'म्याजिकल रियालिजम' (जादुयी यथार्थ)मा परिणत हुँदो रहेछ ।

कथावाचन नै यसको एउटा कडी हो । अरू उपन्यासमा प्लट बीच-बीचमा आउँछन् । तर, यसमा पहिले नै खुले पनि छाड्न मन लाग्दैन । प्रायः कथावाचनका फ्ल्यास ब्याक र फ्ल्यास फरवर्ड टेक्निक हुन्छन् । यसले फ्ल्यास फरवर्ड टेक्निक समातेको छ ।

प्रारम्भमै कसैलाई मार्न गइरहेको हुन्छ, कथा-नायक । सारा हत्या योजना बुनिएको छ उपन्यासमा । उपन्यासको विषयवस्तु हाम्रो सामाजिक यथार्थसँग पनि मेल खान्छ । माओवादीले ०५२ मा सशस्त्र विद्रोहमार्फत गणतन्त्र ल्याउँछौं भन्दा हामीले जोकजस्तो मात्रै ठानिदियौं । त्यसलाई गम्भीर रूपमा लिएको भए अकालमै १७ हजारको ज्यान नजान पनि सक्थ्यो ।

मार्खेजको उपन्यासमा सान्टियागोको हत्याका लागि महिला पात्रका दाजुहरूले गाउँमा धेरै हल्ला फिजाइसकेका हुन्छन् । तर, त्यसलाई रक्सीको ताल या ख्याल-ख्यालमा भनेजस्तो हल्का रूपमा मात्रै लिइयो । र, त्यो व्यक्ति-हत्यालाई रोक्न सकिएन ।

म सिफारिस गरिएका किताब प्रायः पढ्दिनँ । मेरो पुस्तक छनोटविधि आफ्नै खालको छ । कुनै किताब मन पर्‍यो भने लेखकका अरू किताब पनि खोज्न थाल्छु । यसको मतलब मार्खेजका पहिलेका किताब पनि मलाई मन परेका हुन् । म उनको लेखनशैलीबाट बढी प्रभावित छु ।

मलाई मन परेको अर्को उपन्यास हो, डासिएल हम्मेटको *रेड हार्वेस्ट* । रेमन्ड चन्डलरको *द बिग स्लिप* पढेपछि मैले विकिपिडिया नखोजी धरै पाइनँ । त्यहाँ के थाहा भयो भने रेमन्डले डासिएल हम्मेटबाट प्रभावित भएर हार्ड बोएल्ड-डिडेक्टिभ फिक्सन लेख्न थालेका रहेछन् । रेमन्डले गुरु थापेका लेखकका किताब कस्ता रहेछन् भन्ने उत्सुकता मैले मार्न सकिनँ ।

म जेम्स बन्डका एक्सन मुभी हेरिराख्छु । फिल्ममा एक्सनका सिन कोरियोग्राफ गरिएको हुन्छ । एक्सन थिमलाई फिक्सनमा कसरी ढालियो होला ? मलाई यही प्रश्नले उपन्याससम्म पुर्‍यायो । उपन्यासको चरित्र चित्रण बेजोड छ । जासुसी उपन्यास मेरा लागि प्रिय छन् ।



शिवानीसिंह थारू

०५८ पछि म रिसर्चमा जाँदा माओवादी द्वन्द्व उत्कर्षमा थियो देशमा । त्यतिबेला मैले भोगेका परिस्थिति मिल्दाजुल्दा रहेछन्, मोहन मैनालीको संस्मरण *मान्ठा डराएको जुग*मा । त्यो अप्ठ्यारो परिस्थितिलाई मैले आफ्नै किसिमले सम्हालेकी थिएँ । तर, लेखकले अर्कै तरिकाबाट 'ह्यान्डल' गरेका रहेछन् । मलाई लेखकको 'डिल' सशक्त लाग्यो ।

रिसर्चमा जाँदा हामी चेकलिस्ट बनाएर जान्छौं । तर, त्यति मात्र पर्याप्त नहुन सक्छ । नसोचिएको स्थिति आइपरेमा के गर्ने भन्ने मार्मिक चित्रण छ, किताबमा । मलाई लाग्छ, स्नातकोत्तर रिसर्चमा जाने विद्यार्थीले पढ्नैपर्ने र अझ पाठ्यक्रममै राखे पनि हुने किताब हो यो ।

शान्तिवार्तामा आएपछि माओवादी कमान्डरहरूले हामीले यसरी लड्यौं, उसरी लड्यौं भनेर आफ्नो बहादुरीको रोमाञ्चक बखान गरेका छन् । सरकारी सेनाको पनि आफ्नै तारिफगिरी छ । तर, द्वन्द्वकालमा सरकारी र विद्रोही दुवैथरीको चेपुवामा परेका निर्दोष जनताका कथा-व्यथा छन् यसमा । ह्युमन स्टोरीविशेष छ ।

आख्यान र गैरआख्यान दुवैमा मेरो रुचि छ । १९-२० होइन, बरु २०-२० नै । मन परेका किताब किनिहाल्छु । मलाई *मान्ठा डराएको जुग*को शीर्षक पनि औधि मन पर्‍यो । ०६४ यता द्वन्द्वसम्बन्धी थुप्रै किताब लेखिए । मैले ती पढेकी पनि हुँ । तर, यस्तो किताब एउटा मात्रै पाएकी छु । ◆

अभिमत



| अभि सुवेदी

लेख्न छाडेर सन्न्यासतिर ?

६ चैत ०७४ मा *नेपाल*मा प्रकाशित खगेन्द्र संग्रौलाको 'कन्न छाडेर सन्न्यासतिर' शीर्षक निबन्धले मलाई भावुक, चिन्तनशील र ऊर्जावान बनायो । त्यसका धेरै र मिश्रित कारण छन् । म खगेन्द्र भाइको लेखन नजिकैबाट पढिआएको मानिस हुँ । विश्वास, निरपेक्ष भाव र स्वतन्त्र मनले उनका निबन्ध र लेखहरू पढ्छु । म पाठकका रूपमा र लेखकका रूपमा अलिक अराजक भावको मानिस हुँ, त्यसैले यी मभन्दा सिद्धान्तनिष्ठ, स्वतन्त्र र सिर्जनशील अराजक मानिसका लेखन मलाई मन परेका हुन् । यो विरोधाभास हो तर त्यही विरोधाभास नै मेरो खगेन्द्र भाइलाई पढ्ने, बुझ्ने र मन पराउने आधार हो । खगेन्द्र भाइका शतप्रतिशत विचारसँग पाठकका विचार मिल्नु पर्छ भन्ने भाव लिएर जो पढ्छन्, तिनका निम्ति ती असहज र कडा लाग्न सक्छन् । तर, उनलाई बुझ्ने आधार उनीसँग शतप्रतिशत सहमत हुनु होइन । म पनि ती आधार राख्दिनँ । तर, जब एउटा यति वलबान, सिर्जनशील र स्वतन्त्र लेखकले 'म अब सन्न्यास लिन्छु, म अखबारमा अब लेख्दिनँ' भन्छ, त्यसलाई उसको साहित्यिक उद्घोषका रूपमा विश्वास गरिनु भनेको साहित्यिक कर्मइतरको विषय भएको मैले देखेँ र झस्केँ । एक लेखक, साहित्यको सिद्धान्तको अध्येता र गुरु भएकाले मैले यही विरोधाभासलाई लिएर थोरै शब्दमा भए पनि केही लेख्नुपर्ने देखेँ ।

म त रोला बार्थको लेखक निरपेक्ष सिद्धान्त मान्ने मान्छे । *अन्तिम दिनहरू* भन्ने किताबमा मलाई मन पर्ने फ्रान्सेली मौरिस ब्लाँसोका कुरा क्रिस्टोफर फिन्कस यसरी राख्छन्, 'लेखन भन्ने सधैँ आफैँले भनेकै अनुसार हुने आफ्नो सामर्थ्यभित्रको कुरा होइन । अन्तहीन द्वन्द्व र अरू शक्तिलाई पनि साथमा लिएर साधना गरिने विषय हो, लेखन ।' साहित्य सिद्धान्तका केही बहसमा विमति राख्न अनि साइबरनेटले जन्माएका असंख्य दैनिक घटना र जीवनका न्याना कथाको बीचमा भ्रम छर्ने कर्मलाई खगेन्द्र भाइले अन्तरे उत्तरआधुनिकता भन्ने नामकरण गरेका छन् । नेपालको इतिहासले अभूतपूर्व मोडहरू लिएका बेला अनि युद्ध, जीवनका अनिश्चितता र हिंसा भएका बेला, क्रान्तिकारी तथा एकतन्त्री शासकहरूको भाष्यमा मानिस निरीह रूपमा देखिएका बेला आफ्नो विवेक अनुसार नेपालका विपन्न र सवाल्टर्नहरूको विश्वास र तिनको पक्षमा रत्तिभर डर नलिई लेखिरहने र प्रकाशन गरिरहने खगेन्द्र संग्रौलाबाहेक एकाध अरू लेखक पनि छन् कि त !

खगेन्द्र संग्रौलाले बिसाउँदैमा, उनले घोषणा गर्दैमा उनको जीवनमुखी लेखनको काल नापिँदैन । उनका कथानकका पात्रहरू, निजात्मक निबन्ध र संस्मरणहरूमा उनको त्यही जीवनमुखी लेखन-सामर्थ्य देख्न सकिन्छ । उदाहरण लिएर भन्छौं, *कुन्साङ काकाका कथा* भाग एक र दुईमा चित्रित पात्रहरू यसै बिलाएर जाने प्राणी होइनन् । तिनले आजको समाजकै चित्र दिन्छन् र मानिसका विवशता र संघर्षका अनेकौं आयामको परिचय दिन्छन् । *लीला* कथाको लेखकीय तथा डाक्टरीका धुमिल सपनामा बसेको शम्भुप्रसाद र विश्वनाथको नियतिमा रहेको जीवनको खेलले त्यही जीवन अनि संघर्षको विश्वास देखाउँछन् । भाग दुईमा यस्तै राजनीतिक चेतना र स्थानीय परिवेशका संघर्षका कथा छन् । पात्रहरूका अभियान शाश्वत छन् । *महाप्रलयपछिमा* धरानको ०४९ को भूकम्पमा नैनीकी आमाले गरेको संघर्ष अनि उसको भत्केको घरमा दुःखीरामले जबर्जस्ती घर बनाउन लाग्दा उसले बघिनीजस्तै झम्टेको सम्झिन्छु । उल्टो नैनीकी आमालाई प्रहरीले पक्रेर

परपर झन्-झन् पर लगेको दृश्यले नैनीकी आमाजस्तै भूकम्पपीडित अनि दुःखीरामजस्ता ठगहरू आजका भूकम्पपीडितको दुःख र समस्याका कारक हुन् भन्ने पनि देखाउँछ। अरू कथामा अनेकौं किसिमले प्रकट भएका पात्रमा संघर्षशील चेतना छ । लेखकले बन्दीपुरमा मास्टरी गर्दा लेखेको सानो उपन्यास *फूलमाया*मा चुँदीतिरका पात्र छन् । ती जहाँ भए पनि उपन्यासमा जीवित छन् । त्यहाँ जीवन र साहित्यको सम्बन्धको आयाम वाचाल हुन्छ ।

*नेपाल*मा प्रयुक्त 'कन्ने' शब्दको उनको लेखनमा इतिहास छ। १९ कात्तिक ०६० को दिन खगेन्द्र भाइको निबन्धसंग्रह *घोडा, ईश्वर र मेरा बा*को विमोचन भयो काठमाडौंमा । यो संग्रहको पहिलो शीर्षक छ 'कनेर नलेख्नू, लेख्दा नढाँट्नू ।' यो शीर्षक भूतका भिनाजुले खगेन्द्र भाइलाई दिएको मन्त्र थियो। यो कन्ने प्रसंग त्यसपछि अनेकौं रूपले उनका निबन्धमा वाचाल भएर आएको छ। यो निबन्धसंग्रहमा शीर्ष लेख 'घोडा, ईश्वर र मेरा बा' अत्यन्तै मार्मिक र वाचाल निबन्ध हो। त्यो धेरै जनाको कथा हो । अर्को यस्तै निबन्ध छ त्यसमा, जसको ओज र विस्तारको आयाम फरक छ । त्यसको शीर्षक छ 'माओवाद र साहित्यिक पुरेत्याइँ ।' माओवादको यथार्थ र फेसन चरित्रको उनले जुन चित्रण गरेका छन्, त्यो आज आएर पढ्दा कस्तो वाचाल र अर्थपूर्ण भएको छ, थाहा हुन्छ ।



आफ्नो लेखकीय स्वतन्त्रता र विश्वासबारे *आफ्नै आँखाको लयमा* खगेन्द्र भाइ भन्छन्, 'कम्निस्ट पार्टीको कर्तव्य र अनुशासनको सूत्रले बाँधिएर म कहिल्यै कम्निस्ट भइनँ । प्रायः मुक मुद्रामा माथिका हस्तीहरूको आदेश लिने र तलका मौन मानवहरूलाई आदेश दिने, माथिकाले खटाएजति बोल्न पाइने, आफूले देखे-भोगेको कुरा धक फुकाएर बोल्न नपाइने संस्कृति र शैली देखेर कसोकसो म हच्किएँ ।'

त्यही निबन्धसंग्रहभित्र उनले लेखेका छन्, 'मेरो लेखन-प्रक्रिया भने प्रायः उमंग र झिझ्याटको एक संगम हो । कहिले लेख्नलाई मनको टेबुलमा अनेक विषय तँछाडमछाड गरिरहेका हुन्छन् । र, रुचि-दख्खल हेरी विषय चयन गर्न सजिलो हुन्छ । कहिले न विषय फुर्छ, न त मनका छिद्रहरू खुलेका हुन्छन्। यस्तो कर्मकाण्ड धान्नका लागि कनेर लेख्न विवश हुनुपर्छ ।' संग्रहमा संकलित निबन्धहरूमा करुणा, क्रान्ति र हास्यको बेजोड संगम छ। तिनमा एउटा अत्यन्त 'हिपोक्रिटिकल' समाजमाथि व्यंग्य गरिएको भेटिन्छ । निबन्धहरूमा मानवीय आयाम बलियो छ, जसमा त्रासद चेतना, क्रान्ति र निजत्वको अनौठो संगम भेटिन्छ। राज्य स्थूल हुन्छ र त्यसको चिन्ता पनि ठूलो हुन्छ। त्यो स्थूलसँग सम्बन्धित पात्रहरूमा एउटा साझा चरित्र हुन्छ। ती सूक्ष्म वा सानोलाई देख्दैनन्। खगेन्द्र भाइका सम्पूर्ण लेखनको मूल सार भनेको नै त्यही हो। ती स्थूलका अतिवादलाई प्रहार गर्छन् अनि सानोको अस्मितालाई बाहिर ल्याइदिन्छन्। साहित्यकारको लोकप्रियता र साहित्य पठनपाठनका आयामहरूको तिनले यसका निबन्धहरूमा सूक्ष्म चित्र खिचेका छन् । कथावाद र प्रगतिवादको मिलनबाट राम्रो साहित्य जन्मिन्छ भन्ने उनको धारणा छ ।

खासगरी काकाले लेखेका राजनीतिक लेख *सङ्कट कालमा कुन्साङ काका*मा समेटिएका छन्, ती छुट्टै छन् । खगेन्द्र भाइले संकेत गरेका लेखहरूका प्रकृति छन्, यसमा । *आफ्नै आँखाको लयमा* र *घोडा, ईश्वर र मेरा बा*मा समेटिएका निबन्धहरूको सूक्ष्म अध्ययन नगरी खगेन्द्र भाइलाई बुझ्न गाह्रै हुन्छ भन्ने मेरो आफ्नो अनुभव छ । यो छोटो लेखमा तिनै केही प्रसंगहरू राखिएका हुन् ।

२ जुन २०११ म *काठमान्डु पोस्ट*मा कोलिन कुपर चेस्टर भन्ने बेलायतका एक अध्येताले 'नेपालमा किन व्यंग्य चाहिन्छ' भन्ने लेखमा लेखे, 'मेरो भनाइ नेपाली मिडियामा व्यंग्य छँदैछैन भन्ने होइन। सायद खगेन्द्र संग्रौलाका लेखनमा विरोधको सबभन्दा बलियो आवाज छ । अरू कसैले सीधै लेख्न साहस गर्न नसक्ने राजा ज्ञानेन्द्रको निरंकुश शासनका बेला तिनका कडा र आक्रामक किसिमले लेखिएका स्तम्भहरूमा त्यस्तो लेखन भेटिन्छ ।' त्यसो त उनकै र प्रत्यूष वन्त भाइकी पनि मित्राणी मेरी डेसेनले उनीमाथि लेखेका कुराहरू निकै छन्। मेरीले बाबुरामलाई अंग्रेजीमा लेखेको पत्रको नेपाली अनुवाद गरे खगेन्द्र भाइले । राम्रा तर्क छन् । कतिपय मार्क्सवादीहरूका तर्कमा मैले रोमान्टिक चेतना पनि पाउने गरेको विषय छुट्टै छ । यस्तो लेखनको अन्तिम कडीमा पुगेको एउटा लेखन *इतिहासमा कालो पोतिएको अनुहार*मा प्रयुक्त शीर्षक 'भतिज, दीपेन्द्र ! मलाई माफ गर'ले खगेन्द्र भाइको लेखनमा इतिहासको त्यही वर्षको दरबार हत्याकाण्डले बल्झाएको इतिहास हेर्ने चुनौती देखियो। यो उनकै भनाइमा 'क्वाँटी संकलन' इतिहासको अमूक मोडमा बाढीजस्तै भोगिएको अनुभवले जन्माएको अभिघातको भल बगेका बेला लेखिएको लेखनको संगालो हो ।

यो घटना र दसवर्षे युद्धले जन्माएका अभिघातमाथि गम्भीर अध्ययन भएका छन्। अंग्रेजी र नेपालीका विद्यावारिधिको निर्देशक र परीक्षक भएर थाहा पाएको छु।

मलाई मन पर्ने खगेन्द्र भाइका अरू निबन्धहरू *बाल्यकालका पदचापहरू*मा संकलित छन्। त्यही भेकको म, ती निबन्धहरू धेरैमा आफूलाई देख्छु । माटो, लय र पात्रहरू मेरो आँखाअगाडि चल्न थाल्छन् । खगेन्द्र भाइ जन्मेको प्रसंगका यी हरफहरूमा म इतिहास र जीवन, विवशता अनि राजनीतिककालीन व्यंग्यको अत्यन्त सूक्ष्म संगम देख्छु । लेखक भन्छन्, 'यसरी डर, त्रास र आतंक भएर मेरो घर-आँगनमा मेरो पहिलो प्रजातन्त्र आयो । र, प्रजातन्त्रले पहिले राई-लिम्बूलाई पाता फर्काएर लडायो । अनि, पछि तिनलाई समेत भोज खुवाएर राजाका सिपाहीसँगै प्रजातन्त्र बाटो लाग्यो। प्रजातन्त्रको त्यही आतंकमाझ मेरो जन्म भएको हो ।' मेरो पनि त्यहीँ हो जन्म अनि लाग्छ, हामी धेरैका जन्म इतिहासका त्यस्तै अनुत्तरित कुइँनेटाहरूमा भएका हुन् ।

खगेन्द्र संग्रौलाको *नेपाल*मा प्रकाशित पछिल्लो लेखमा उद्घोषित विचारलाई साहित्यिक र ऐतिहासिक सही अभ्यासका निम्ति हाम्रो आँखाको लयबाट पनि हेर्नुपर्छ। अहिले यत्ति भन्छु। ◆

> **"खगेन्द्र संग्रौलाले बिसाउँदैमा, उनले घोषणा गर्दैमा उनको जीवनमुखी लेखनको काल नापिँदैन । उनका कथानकका पात्रहरू, निजात्मक निबन्ध र संस्मरणहरूमा उनको त्यही जीवनमुखी लेखन-सामर्थ्य देख्न सकिन्छ ।"**

फायरफक्सले फेसबुक ट्र्याकिङ रोक्ने

प्रयोगकर्ताका गोप्य विवरण ट्र्याक गरेको आरोपमा फेसबुकको अहिले निकै आलोचना भएको छ । टेस्ला मोटर्स र स्पेसएक्सका सीईओ एलन मस्कले त फेसबुकले डाटा ट्र्याकिङ गरेको कुरा बाहिर आएपछि आफ्ना यी दुई कम्पनीका फेसबुक पेज डिलिट नै गरिदिएका छन् ।

यसैबीच इन्टरनेट ब्राउजर मोजिला फायरफक्सले फेसबुकलाई प्रयोगकर्ताका डाटा ट्र्याक गर्नबाट रोक्ने एउटा उपाय निकालेको छ । फायरफक्स ब्राउजरमा फेसबुक कन्टेनर नामक यस्तो प्लगइन उपलब्ध छ, जसले फेसबुकलाई प्रयोगकर्ताका डाटा ट्र्याक गर्नबाट रोक्नेछ । यो प्लगइन ब्राउजरमा अन्य एक्सटेन्सन एड ब्लक आदि गरी इन्स्टल गर्न सकिन्छ ।

यो प्लगइनको विशेषता के हो भने तपाईंले फेसबुकसँगै अन्य कुनै वेबसाइट खोल्नुभएको छ भने त्यो फेसबुकले ट्र्याक गर्न सक्ने छैन । फेसबुकमै रहेका लिंकमा गएर खोलिएका वेबसाइट पनि पहिलेजस्तै गरी ट्र्याक हुने छैनन् । तपाईंले इन्टरनेटमा के कुरामा बढी समय बिताउनुहुन्छ, त्यसै अनुसार तपाईंको फेसबुकमा एड आउँछन् । यी सबै फेसबुकले गर्ने ट्र्याकिङको कमाल हो । फेसबुक कन्टेनरले यो समस्यालाई पनि समाधान गर्नेछ ।

तर, तपाईंले एउटा कुरामा भने अझै विचार पुर्‍याउनुपर्नेछ । त्यो के हो भने फेसबुकमा देखिने क्विज प्रयोग नगर्नूस् किनभने यस्ता क्विजले फेसबुकमा रहेको तपाईंको व्यक्तिगत विवरणसम्म पहुँच पाउँछन् । र, यो प्लगइनले भने त्यसलाई रोक्न सक्ने छैन ।

ओप्पोले ल्यायो एफ सेभेन

चिनियाँ स्मार्टफोन कम्पनी ओप्पोले भारतमा नयाँ स्मार्टफोन एफ सेभेन लञ्च गरेको छ । ओप्पोको एफ सिरिजका सबै स्मार्टफोनको मुख्य विशेषता राम्रो क्षमताको सेल्फी क्यामेरा हो । ओप्पो एफ सेभेनमा २५ मेगापिक्सेलको सेल्फी क्यामेरा छ ।

२५ मेगापिक्सेल भएको यसको सेल्फी क्यामेरा विभिन्न लाइटिङ कन्डिसनमा राम्रो फोटो खिच्न सक्ने क्षमता छ । यसको रियर क्यामेरा भने १६ मेगापिक्सेलको छ । र, यसको रियर क्यामेरा फोरके गुणस्तरमा भिडियो खिच्न सक्षम छ । यसको अर्को विशेषता हो फुलस्क्रिन डिस्प्ले । अर्थात्, यसको अगाडिको पूरै भागमा डिस्प्ले स्क्रिन छ ।

ओप्पो एफ सेभेन ४ वा ६ जीबी

फेरि आयो सीबीआर-२५० आर

भारतमा होन्डाले पुनः सीबीआर-२५० आर बाइक लञ्च गरेको छ । बीएस फोर मापदण्ड लागू भएपछि होन्डाले यो बाइक उत्पादन बन्द गरेको थियो । बीएस फोर कार्बन उत्सर्जन कम गर्ने उद्देश्यले लागू भएको मापदण्ड हो । र, अहिले बजारमा आएको सीबीआर-२५० आरको इन्जिन यही मापदण्डभित्र पर्छ ।

हेर्दा नयाँ र पुरानो सीबीआर-२५० आर उस्तै देखिन्छन् । इन्जिनको मापदण्ड अपडेट हुनुबाहेक यसको क्षमतामा अन्य कुनै परिवर्तन भएको छैन । यसमा २ सय ५० सीसीकै इन्जिन छ । यो इन्जिनको अधिकतम शक्ति २६ ब्रेक हर्षपावरको हुन्छ । र, यसको टर्क क्षमता २२.९ न्युटन मिटरको हुन्छ । सीबीआर-२५० आर बढीमा १ सय ३५ किलोमिटर प्रतिघन्टाको गतिमा कुद्न सक्छ ।

भारतमा यो बाइकको मूल्य १ लाख ६३ हजार भारतीय रुपियाँबाट सुरु हुन्छ । एन्टिलक ब्रेकिङ सिस्टम भएको भेरिएन्टको सीबीआर-२५० आरको मूल्य १ लाख ९३ हजार भारतीय रुपियाँ छ ।



न्याम क्षमतामा आउँछ । र, आन्तरिक मेमोरी क्षमता क्रमशः ६४ र १ सय २८ जीबीको हुन्छ । एन्ड्रोइडको ८.१ अपरेटिङ सिस्टममा आधारित यो स्मार्टफोनको ब्याट्री क्षमता ३ हजार ४ सय एमएएचको छ । यसमा फिंगर प्रिन्ट र फेसियल अनलक दुवै छ । फेसियल अनलकका लागि यसले १ सय २८ पोइन्टको स्क्यान गर्छ । त्यसकारण आँखा बन्द गरेको खण्डमा फेसियल अनलकबाट यो अनलक हुने छैन ।

भारतमा चार जीबी न्याम र ६४ जीबी अन्तरिक स्टोरेज क्षमता भएको ओप्पो एफ सेभेनको मूल्य २१ हजार ९ सय ९० भारतीय रूपियाँ पर्छ । र, ६ जीबी न्यामसहित १ सय २८ जीबी अन्तरिक स्टोरेज भएकाको मूल्य २६ हजार ९ सय ९० भारतीय रूपियाँ छ ।

उपयोगी एप

एन्ड्रोइड स्मार्टफोनमा फाइल म्यानेज गर्ने सबैभन्दा उपयोगी एप हो, फाइल्स गो । यो *गुगल*को आधिकारिक एप नै हो । एन्ड्रोइडको ओरियोसहित यसपछिका अपरेटिङ सिस्टममा यो इनबिल्ट एपकै रूपमा आउँछ । तर, एन्ड्रोइड ५.० पछिका अपरेटिङ सिस्टम भएका स्मार्टफोनमा भने यसलाई प्लेस्टोरबाट डाउनलोड गरेर इन्स्टल गर्न सकिन्छ ।

कम स्टोरेज क्षमता भएका स्मार्टफोनमा यो एपको उपयोगिता अझ बढी हुन्छ । किनभने, यसको सहायताबाट प्रयोगकर्ताले आफ्ना डिभाइसमा रहेका सम्पूर्ण फाइल व्यवस्थापन गर्न सक्छन् ।

स्मार्टफोनमा फ्रि स्पेस कम हुँदै गएमा यो एपले पुराना फाइल, फोटो आदिलाई डिलिट गर्ने सल्लाह पनि दिन्छ । र, ती पुराना फाइल खोज्न मद्दत पनि गर्छ ।

अझ पछिल्लो अपडेटले यो एपमार्फत स्मार्टफोनमा रहेका फाइल सर्च गर्न पनि सजिलो बनाइदिएको छ । सर्च बारमा फाइलको नाम टाइप गरे त्यो फाइल कहाँ छ, तुरुन्तै देखिन्छ ।

र, त्यसको कुनै डुप्लिकेट फाइल स्मार्टफोनमा कतै स्टोर भएको भए पनि देखिन्छ । स्मार्टफोनमा मेमोरी खाली गर्न त्यस्ता डुप्लिकेट फाइल डिलिट गर्ने सुझाव पनि दिन्छ । यी सबै कामका लागि इन्टरनेटमा जोडिनु आवश्यक छैन । बरु, स्मार्टफोनमा रहेका फाइललाई *गुगल* ड्राइभमा ब्याकअप राख्न इन्टरनेट चाहिन्छ । र, कुन फाइल *गुगल* ड्राइभमा ब्याकअप छन् भन्ने पत्ता लगाएर ती फाइल स्मार्टफोनमा पनि भए, त्यसलाई डिलिट गर्ने सल्लाह दिन्छ ।

यो एपको अर्को फाइदा, फाइल सेयरिङ पनि हो । फाइल्स गो इनस्टल भएका अन्य डिभाइसमा यसबाट फाइल सेयर गर्न सकिन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

विपत्तिलाई निम्ता

शब्द/तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना

५० भन्दा बढी ट्र्याक्टरले एकै ठाउँबाट बालुवा लोड गरिरहेको यो दृश्य बाँणगंगा, तिलौराकोट, कपिलवस्तुको हो । स्थानीयका अनुसार दुई–तीन महिनादेखि दैनिक यहाँ बालुवा निकालिँदैछ । यो तस्बिर रामघाट पुलबाट लिइएको हो । २ सय ४ मिटर लम्बाइ र ६ मिटर चौडाइको यो पुल तीन वर्षअघि मात्रै निर्माण गरिएको हो ।

अव्यवस्थित ढंगले दिनहुँ बालुवा निकाल्दा नदीको स्वरूप बिग्रन सक्ने र रामघाट पुल नै जोखिममा पर्न सक्ने स्थानीय बताउँछन् । थोरै राजस्वको लोभले स्थानीय सरकारले जथाभावी बालुवा–गिटी निकाल्ने अनुमति दिंदा नदीको बहाव परिवर्तन हुने र नदी कटानले थप प्राकृतिक विपत्ति निम्त्याउन सक्छ । ◆

एउटा पाउँदा अर्को गुम्यो

*जय भोले*मा मुख्य भूमिका पाउँदा फुरुंग थिइन्, स्वस्तिमा खड्का । सौगात मल्ल र खगेन्द्र लामिछानेसँग एकसाथ फिल्म जो खेल्न पाइन् । तर, यो उत्साह लामो समय टिक्न सकेन । कारण हो, *जय भोले*ले गर्दा उनले अर्को महत्त्वपूर्ण फिल्म छुटाउनुपर्‍यो, *छक्का-पञ्जा ३* । यो फिल्मको दोस्रो भागमा स्वस्तिमाले प्रवेश पाएकी थिइन् । फिल्म सुपरहिट भयो । *छक्का-पञ्जा ३* मा पनि स्वस्तिमाले निरन्तरता पाउँदै थिइन् । फिल्म आउँदो दसैंको फूलपातीमा रिलिज हुने समय तोकिएको छ । सोही दिन *जय भोले* पनि आउने भएपछि स्वस्तिमा *छक्का-पञ्जा ३* मा नअटाउने भएकी हुन् । त्यसो त निर्माण पक्षका अनुसार उनलाई अतिथि भूमिकामा देख्न पाइने सम्भावना अझै छ ।

'नर्भस' निर्मात्री



कुनै समय केकी अधिकारी हिरोइनको सूचीमा अघिल्लो नम्बरमा पर्थिन् । फिल्म हिट हुन्थे । उनको अभिनय कौशल पनि रूचाइन्थ्यो । तर, केही वर्षयता केकीको करिअर 'ट्र्याक'बाहिर छ । यो वर्ष पनि उनका लागि सुखद रहेन । *हुर्रे, राज्जारानी*जस्ता फिल्म पूर्णतः फ्लप भए । *घामपानी*ले जेनतेन लगानी बचायो मात्र । यसले उनको क्रेज त ओरालो झरेकै छ, अभिनय यात्रामै अवरोध उत्पन्न भएको छ । तर, यही बेला केकी निर्मात्रीका रूपमा देखापरेकी छन्, *कोहलपुर एक्सप्रेस*मार्फत । फिल्म आउँदो १४ वैशाखमा प्रदर्शन हुँदैछ । फिल्ममा केकीको अभिनयसमेत छ । रिलिजको दिन नजिकिँदै गर्दा केकी भन्छिन्, 'नर्भस छु ।' नहोऊन् पनि कसरी, एकातिर लगानीको चिन्ता, अर्कोतिर करिअरको ।

विरक्ति मात्र

अनमोल केसी र प्रदीप खड्कापछि रूचाइएका चकलेटी हिरो हुन्, पल शाह । म्युजिक भिडियो हुंदै फिल्ममा फड्को मारेका पलले १५ लाख रूपियाँको अफर 'रिजेक्ट' गरेका थिए, *अनुरागबाट* । उनलाई मनग्ये पारिश्रमिक दिएर काम गराउन खोज्ने निर्माताको कमी छैन । यिनै हिरोको चौथो फिल्म *शत्रु गते* व्यावसायिक रूपमा अब्बल दरियो । सुरूआती दिनबाटै हलमा दर्शकको भीड लाग्यो तर पल छायामा परेनन् मात्र, उनीप्रति विरक्ति नै पैदा भयो । मह जोडी, दीपकराज गिरी, दीपाश्री निरौलाजस्ता हास्य कलाकार रहेको फिल्ममा प्रमुख भूमिका पाए । तैपनि, पर्दामा सबैभन्दा कमजोर उपस्थिति उनकै रह्यो । म्युजिक भिडियोको 'क्रेज'ले मात्र कति दिन थेग्ला पलजी ? ♦

साम्राज्ञीको स्वीकारोक्ति

यो समय स्टारडम भएकी हिरोइन कोही छ भने साम्राज्ञीराज्यलक्ष्मी शाह नै हो । *ड्रिम्समा* कमाल गरेर फिल्मवृत्तमा दरिलो पाइला राखेकी साम्राज्ञीको दोस्रो फिल्म *ए मेरो हजुर २* पनि हिट भयो । दुवै फिल्ममा उनको लिडिङ रोल थियो । उनको छोटो भूमिका रहेको *मंगलम्*ले पनि लगानी उठायो । खासगरी फिल्ममा उनले सहरिया युवा पुस्ताको मन जितेकी छन् । नेपाली डायस्पोरामा उत्तिकै लोकप्रिय छिन् । *कायरा* नामक फिल्ममा १० लाख रूपियां पारिश्रमिक लिइन् । फिल्म *तिमीसँग* प्रदर्शनको पूर्वसन्ध्यामा उनले भनिन्, 'मेरो कारणले मात्र फिल्म चल्दैन ।' जबकि, हामीकहां अधिकांश कलाकारलाई हल्काफुल्का हिट हुनासाथ आफूलाई हेर्नकै लागि हलमा दर्शकको ओइरो लाग्छ भन्ने भ्रम हुन्छ । कम्तीमा साम्राज्ञी त्यो भ्रमभन्दा माथि रहिछन् । मान्नैपर्छ । ♦

तस्बिरहरू : महेश प्रधान

टाइगरको एक्सन मात्र

गोकर्ण गौतम

सुगठिलो ज्यान, मारधाड एक्सन र आकर्षक डान्सका प्याकेज हुन्, टाइगर श्राफ । उनका फिल्मको केन्द्रमा कथा होइन, 'हिरोइज्म' हुन्छ । जसलाई देखाउन सधैँ एक्सनको सहारा लिइन्छ। पाँचौँ फिल्म *बागी* २ मा पनि टाइगरले यही शैली पछ्याएका छन् । नामैबाट प्रस्ट हुन्छ, यो सन् २०१६ मा आएको *बागी*को सिक्वेल हो। अनि, तेलगु फिल्म *क्षणम*को 'रिमेक' पनि। निर्देशक अहमद खानले टाइगरलाई यसपटक 'पारा मिलिटरी फोर्स' बनाएका छन्। तर, फिल्ममा उनको काम देशलाई रक्षा गर्नु होइन, एउटा अपहृत फुच्चीलाई खोज्नु रहेको छ। थ्रिलर जनराको यस फिल्मको मुख्य प्लट त परम्परागत छ नै, त्यसलाई पस्कने शैलीमा समेत ताजापन आभास हुन्न । केही एक्सन सिक्वेन्सचाहिँ साँच्चै गज्जबका छन् ।

कश्मीरमा तैनाथ क्याप्टेन रोन्नी (टाइगर)की पूर्वप्रेमिका नेहा (दीशा पटानी)की छोरी स्कुलको पहिलो दिनमै अपहरणमा पर्छिन्। कसले, किन, कहाँ लग्यो, टुंगो लाग्दैन। सोही कारण आफ्नी हराएकी छोरी खोज्न नेहाले रोन्नीलाई गुहार्छिन्। रोन्नी व्यक्तिगत रूपमा बच्ची र अपहरणकर्ताको खोजीमा लाग्छन् । आफ्नो वास्तविक पहिचान पनि लुकाउँछन्। तर, एकपछि अर्को अपराधीको जन्जालमा फस्दै जान्छन् । अपहृत छोरी फिर्ता ल्याएर आफ्नी पूर्वप्रेमिकालाई दिएको वचन पूरा गर्न टाइगर सफल होलान् ? फिल्म यही सवालको वरपर घुमेको छ।

बीच सडकबाट बच्ची अपहरण हुने 'क्लिसे' दृश्यबाट सुरु भएको फिल्मको घटनाक्रम पनि उही ढंगले विकास हुन्छ । रोन्नीको प्रवेश, उसको चरित्र स्थापित गर्न सिर्जिएका दृश्य, नेहाले रोन्नीलाई सम्पर्क गर्ने शैली, उनीहरूको भेटघाट, अफेयरदेखि वियोगसम्मका दृश्य बासी नै लाग्छन्। रोन्नी र नेहाको 'फ्ल्यासब्याक'ले कथाको बेगमा अड्चन पैदा गर्छ। सुरुआतको आधा घन्टापछि फिल्म लयभन्दा बाहिर पुग्छ। कथा पुरानै ढर्राको भए पनि पटकथाको माध्यमबाट त्यसलाई रसिलो बनाउन सकिन्छ। तर, जोजो खान, अब्बास र नीरज मिश्रले मिलेर लेखेको *बागी* २ को पटकथामा त्यो विशिष्ट गुण छैन । धन्न ! पुलिस अफिसरद्वय मनोज वाजपेयी र रणदीप हुड्डाको प्रवेशपछि 'थ्रिल' महसुस हुन्छ। खासमा फिल्मले आँखा तान्नेचाहिँ मध्यान्तरपछि नै हो।

नेहाका श्रीमान्, उनका भाइ, डीआईजी वाजपेयी, अनुसन्धान अधिकृत हुड्डा, गोवा घुमाउने दीपक डोबरियलजस्ता हरेक पात्रका भित्री चरित्र खुल्दै जान्छन् । यसले कथामा रोचकता थप्दै जान्छ । थ्रिलर विधाको हुनुको नाताले हरेक दृश्यमा कौतूहल सिर्जनु निर्देशकको मुख्य चुनौती हो । कोरियोग्राफरबाट निर्देशक बनेका अहमद मध्यान्तरपछि त्यो चुनौती चिर्न धेरै हदसम्म सफल छन्। भलै फुच्चीको अपहरणको मुख्य उद्देश्य विश्वसनीय लाग्दैन । त्यसभन्दा सतही र अपत्यारिलो लाग्छ, मनोज वाजपेयीले खडा गरेको साम्राज्य । अर्कातिर, मुख्य पात्र रोन्नीकै पारिवारिक पृष्ठभूमिलाई शतप्रतिशत नजरअन्दाज गरिएको छ । नेहाप्रति उनका श्रीमान्को अत्यधिक घृणालाई पनि 'जस्टिफाइ' गर्न सकिएको छैन। यस्तो लाग्छ, हरेक घटनाका पछि रोन्नीको बलवान देखाउने चक्कर मात्र छ । उनी एक्लैले सयभन्दा बढी तालिमप्राप्त लडाकूलाई सिध्याउँछन्। दर्जनौँ गुन्डाले एकोहोरो गोली चलाउँदासमेत रोन्नीलाई लाग्दै-लाग्दैन । फिल्म हेर्दा यस्तो दृश्य पचाउने क्षमता हुनैपर्छ।

तर, घना जंगलमा खिचिएका फाइटका दृश्य आफैँमा भव्य लाग्छन्। टाइगरको एक्सनले हलिउड फिल्म र्‍याम्बोका सिल्भस्टर स्टालोनको याद दिलाउँछ। नकारात्मक पात्रहरू र तिनको समीकरणले फिल्मलाई कसिलो बनाउन मद्दत गरेको छ। सदाझैँ यसपटक पनि टाइगर एक्सन दृश्यमा अब्बल छन् भने अभिनयमा कामचलाउ मात्र। बलिउडमा यो स्तरको एक्सन असाध्यै कम देख्न पाइन्छ। मायालु चरित्रमा दीशा पटानीको उपस्थिति मायालु नै लाग्छ । तर, उनले काम देखाउने गतिलो अवसर पाएकी छैनन् । बरू, फिल्ममा सबैभन्दा सम्झने चरित्रचाहिँ रणदीप हुड्डाको हो। हुलिया र असली व्यक्तित्वबीचको अन्तर र अभिनेताका रूपमा उनले देखाएको सन्तुलन साँच्चै उच्चकोटिको छ। यो भूमिकाले रणदीपका प्रशंसकको दायरा अझ फराकिलो बनाउँछ । सन्काहा ड्रगडिलर प्रतीक बब्बर डरलाग्दा छन् । उनको चरित्र निर्माण र प्रस्तुतिले मन जित्छ । मनोज वाजपेयीको अभिनय त सधैँ सानदार भइहाल्छ । भलै, यस्तो नकारात्मक चरित्र उनका लागि नयाँ होइन । अतिफ अस्लमले गाएको 'ओ साथी...' फिल्मको सबैभन्दा सुमधुर गीत हो। ज्याकलिन फर्नान्डेजको आइटम डान्सले कथाको वेगमा भाँजो हाल्छ। निर्देशक अहमद खानका अघिल्ला दुई फिल्म *फूल एन्ड फाइनल* र *लकीर*भन्दा *बागी* २ उन्नत स्तरको छ। तर, यसपटक पनि न सुवासिलो कथा भर्न सकेका छन्, न त यस फिल्मले अभिनेताका रूपमा टाइगरको साख बढाउँछ। भन्नु नपर्ला, टाइगरको एक्सनबाहेक *बागी* २ हेर्नुपर्ने अर्को खास कारण छैन । ♦

'घरघरमा उद्यमी जन्माउँछौं'

रोहित तिवारी, ३२, ले इलेक्ट्रोनिक्स इन्जिनियरिङ पढे । काम गरिरहेका छन्, फुड कल्चर बदल्ने । यी तन्नेरीको कुनै रेस्टुरां छैन । तर, स्वादिला परिकार तपाईंको टेबुलमा सर्भ गर्छन् । तिवारीको फुडम्यारियो नामक स्टार्टअप कम्पनीले घरेलु भान्सामा पाकेका खानेकुरा बजारसम्म पुऱ्याइदिन्छ । उनको यही सिर्जनशील सोच पुरस्कृत पनि भयो । संयुक्त राष्ट्रसंघीय विकास नियोगले थाइल्यान्डमा आयोजना गरेको युथ को-ल्याबमा एसिया प्यासिफिक क्षेत्रका एक हजारभन्दा बढी प्रतिस्पर्धीलाई उछिन्दै तिवारी 'टपटेन' सूचीमा परे । सात महिनाअघि मात्रै खुलेको कम्पनीका संस्थापक तिवारीसँग यसै सन्दर्भमा गरिएको कुराकानी :

घरको भान्सामा पाकेका खानेकुरा बजारमा पुऱ्याउने यो आइडिया कसरी उब्जियो ?

मलाई उद्यमशीलताबारे सिकाउने एक जना गुरु हुनुहुन्छ । उहाँले 'लौ न यो रेस्टुराँमा खानपिन गर्ने शैली बदल्न केही गरौँ' भन्नुभयो । अनि, सोच्दासोच्दै अचानक मेरो दिमागमा यस्तो विचार आयो ।

यसको खास विशेषता के हो ?

हरेक घरमा ३०/४० वर्षदेखि विभिन्न परिकार बनाउने अनुभवी व्यक्ति हुनुहुन्छ । सौखिन पनि उत्तिकै हुनुहुन्छ । उहाँहरूको अनुभव र सीप त्यत्तिकै खेर गइरहेको छ । त्यसलाई उपयोग गरेर आम्दानी गर्नु नै यसको खास विशेषता हो ।

फुडमान्डुकै परिमार्जित रूप हो यो ?

फुडमान्डुभन्दा धेरै फरक छ । फुडमान्डुले रेस्टुराँको खानेकुरा पुऱ्याउँछ । खाना पुऱ्याएको पैसा लिन्छ । हामी घरको खाना, खाजा पुऱ्याउँछौं । पैसा लिँदैनौं ।

घरघरमा छरिएकालाई कसरी बजारसँग जोड्नुहुन्छ ?

खासमा यो घरमा बसेर परिकार पकाउन सिपालुहरूको व्यवसाय हो । हामी उहाँहरूका लागि प्लेटफर्म मात्रै हो । हाम्रो वेबसाइटमा लगइन गरेपछि आफूले बनाउने परिकार मूल्यसहित राख्न सक्नुहुन्छ । त्यो हेरेर ग्राहकले अर्डर गर्छन् । अनि, हामी डेलिभरी गर्छौं ।

यस्ता खानेकुरा स्वस्थ हुन्छन् भन्ने आधार के छ ?

सेफका रूपमा लगइन गरेपछि हामी उहाँहरूको भान्सा निरीक्षणमा जान्छौं । सामान्यतः घरमा पञ्जा र टोपी लगाएर खाना पकाइँदैन । हामी उहाँहरूलाई यी कुरा अनिवार्य गर्छौं । यस्तो परीक्षण १०/१५ दिनको फरकमा गरिरहन्छौं । रेस्टुराँको भन्दा घरको भान्सा सफा हुन्छ ।

पैसा कमाउनुबाहेक यसको फरक उद्देश्य के हो ?

सीप भएका सबैले बराबर अवसर पाइरहेका हुँदैनन् । तर, हामीले समान अवसर दिन्छौं । हामी घरघरमा उद्यमी जन्माउन चाहन्छौं ।

अहिले कति घरेलु सेफ छन् र तिनीहरूले कस्ता खानेकुरा तयार गर्छन् ?

१५ जनाले १ सय ५० परिकार तयार गर्छन् । घरमा जे पाक्छ, त्यही नै हाम्रो मेनु हो । दालभात, मःम, चाउमिनदेखि योमरी, फापर, कोदोको रोटीजस्ता हम्मेसी नपाउने स्वादका खानासमेत छन् । अचेल रेस्टुराँमा शुद्ध शाकाहारी खानेकुरा पाउन मुस्किल छ । तर, हामीकहाँ पूरा घर शाकाहारी भएका सेफसमेत छन् ।

बढीजसो कस्तो स्वाद मन पराउँदा रहेछन् ?

दाल, भात र तरकारी नै हो । हलुवा धेरैको रोजाइमा पर्ने गरेको छ ।

अहिलेसम्मको सरप्राइज अनुभव केही छ ?

हामीसँग यस्ता सेफ पनि छन्, जसले एक सातामै १ लाख ६ हजार रुपियाँका खानेकुरा बेचे । यसले हामीलाई आश्चर्य र हौसला दुवै दिलायो । उनी नीता राई हुन् । उनले दाल, भातदेखि मःम, चाउमिन, फ्रेन्च फ्राइ जम्मै पकाउँछन् ।

सबै गृहिणी मात्रै हुन् सेफहरू ?

होइन । हामीसँग भर्खर पढ्दै गरेका विद्यार्थीसमेत छन् । एक जना त यति सौखिन सेफ पनि छन्, उनी खाना नबनाई बस्नै सक्दिनन् ।

नेपालीको खानपिन शैलीमा केही परिवर्तन आएको हो ?

मौलिक परिकार खोज्नेहरू बढेका छन् । फापर, कोदोको रोटी चाख्ने र त्यसैलाई निरन्तरता दिनेहरू पनि छन् । विविध जातिका आफ्नै संस्कार अनुसारका परिकार बनाउने हो भने धेरै चल्छजस्तो लाग्छ ।

॥ मनबहादुर बस्नेत

॥ रामबहादुर रावल

पाँच खलपात्र

शाही शासनकालमा न्युज रूममै जर्नेलहरू आएर बस्थे । पत्रकारिता जीवनमा त्यो सबैभन्दा अप्रिय क्षण थियो । तर, गणतन्त्रमा पनि केही यस्ता पात्र उपल्लो तहमा पुगे, जसलाई झेल्नुपर्दाका अनुभव तीता तर रोमाञ्चक छन् ।

सुवास निरौला : नेपाल पर्यटन बोर्डका धेरै जना निर्देशकमध्ये एक थिए, सुवास निरौला । तर, उनी आफैंलाई प्रमुख कार्यकारी ठान्थे । टेकबहादुर डांगीदेखि प्रचण्डमान श्रेष्ठ प्रमुख हुँदा निरौलाकै हालीमुहाली चल्थ्यो । नचल्दा नेतृत्वलाई असफल बनाउने खेल खेल्थे । नेतृत्व खाली हुँदा उनी नपाएको पगरी आफैं बोकेर 'मै हुं कार्यकारी' भन्दै डाडुपन्यू कब्जा गर्थे । बोर्डका सदस्यलाई समेत उनी हातैमा नचाउँथे । मन्त्री, सचिवदेखि सबै खालको शक्ति सन्तुलनमा राख्ने कला उनमा थियो । बोर्डको स्रोत-साधन निजीसरह प्रयोग गर्थे । त्यो हर्कतमा असहमति राख्ने कर्मचारी खेदिन्थे । महेन्द्र पुलिस क्लबसामु रहेको बोर्ड कार्यालयमा उनले गुरिल्ला (बाउन्सर) राखेर कब्जा जमाएका थिए । उनको अनुमतिबिना कोही भित्र पस्न सक्दैनथ्यो । तर, त्यो बाहुबली शासनको रिपोर्टिङका लागि भित्रको अवस्था अवलोकन गर्नैपर्थ्यो । एक दिन जसोतसो बहाना बनाएर गुरिल्लाका तह-तहका घेरा तोडेर भित्र छिरियो । त्यतिखेर भारतीय फिल्ममा देखिने भूमिगत गिरोहको नियन्त्रणमा पुगेजस्तो महसुस भइरहेको थियो । उनका अनियमितताको रिपोर्टिङ त्यसअघि नै गरिसकिएको थियो । हामी उनको कार्यकक्षमा पुग्नेबित्तिकै असामान्य व्यवहार देखाए । सुरुमा आक्रोश पोखे, क्रमशः फकाउन थाले र अन्तिममा आफू राष्ट्रवादी भएकाले दुःख पाएको गुनासो पनि पोखे । हामीलाई भने उनले गुरिल्ला शैलीमा कब्जा गरेको बोर्डको रिपोर्टिङ गर्नु थियो । सहकर्मी रवि मानन्धरले क्यामेराको फ्ल्यास मिलाएजस्तो गरेर गुरिल्लाहरूको तस्बिर लिए । बोर्डबाट निस्केपछि ठूलै जोखिमबाट उम्किएजस्तो भयो ।

लोकमानसिंह कार्की : सूर्यनाथ उपाध्याय र त्यसपछिका प्रमुख आयुक्त हुँदासम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोग हामी पत्रकारको पहुँचमा थियो । पदाधिकारी र कर्मचारीसँग कुराकानी गर्थ्यौं । भ्रष्टाचार मुद्दाका विषयवस्तु र प्रक्रियाको जानकारी लिन्थ्यौं । विशेष अदालतमा जाँदाजाँदै हामी अभियोग-पत्र पढ्न पाउँथ्यौं । जब लोकमानसिंह कार्की आए, ती सबै कुरामा बारबन्देज गरियो । अख्तियारमा गेटैदेखि कसलाई भेट्ने, किन भेट्ने भन्नेदेखि नांगेझार पारेर खानतलासी गर्न थालियो । अभियोग-पत्र हेर्न र कर्मचारीलाई भेट्न मुस्किल भयो । अख्तियार आयुक्तहरूले समेत फोन उठाउन छाडे, लोकमानले थाहा पाउँछन् भनेर । त्यो रातो घरभित्र हुने जायज-नाजायज क्रियाकलाप हल्लाका रूपमा बाहिर आउँथे । तर, तिनको सत्यता जाँच गर्न सजिलो थिएन । खोजी गर्दै जाँदा जब राष्ट्रिय अनुसन्धान विभागका प्रमुखले गुप्तचरी संयन्त्र प्रयोग गरी १ सय ९५ जना प्रमुख नेता र उच्च प्रशासकको सम्पत्ति, कारोबार र सम्बन्धहरूको प्रतिवेदन नै तयार गरेको पत्ता लाग्यो । त्यो कतिसम्म गोप्य थियो भने प्रतिवेदन तयार गर्दा बाहिरै भूमिगत कार्यालयमा लोकमान र गुप्तचर प्रमुख दिलीपराज रेग्मीका विश्वासपात्र खटिएका थिए । रेग्मीले १० असोज ०७३ मा कार्कीलाई प्रतिवेदन बुझाए । राज्यका दुई उच्च ओहोदावालले 'हातोहात' गरेको कारोबारको प्रमाण पाउन ६ महिना लाग्यो । लोकमानले हाम्रा लागि ढोका बन्द गरे पनि सूचना भने जस्केलाबाट लिएरै छाडियो ।

चूडामणि शर्मा : चूडामणि शर्मा जहाँ गए, त्यहीं विवादित थिए । तालुकवाला मन्त्री र सचिव भने जो आए पनि प्रिय । जहिल्यै 'मालदार' निकायका हाकिम । आन्तरिक राजस्व विभागको महानिर्देशक छँदा कर फर्स्योट आयोगका नाममा नियतवश कर नतिर्ने व्यवसायीलाई फाइदा पुर्‍याउन पद र शक्तिको दुरूपयोग गरेको हिसाब महालेखा परीक्षकको गत वर्षको प्रतिवेदनले औंल्यायो । त्यसको भित्री कथा खोज्ने क्रममा अन्य स्रोतबाट धेरै जानकारी प्राप्त गरे पनि शर्माबाटै 'भेरिफाइ' गर्नुपर्थ्यो । सुरुमा भेट्नै आनाकानी गर्ने उनी बल्लतल्ल ८ वैशाख ०७४ बिहान भेट्न तयार भए, जुन दिन मेरो स्टोरीको 'डेडलाइन' थियो । कुर्ने धेरै समय थिएन तर नभेटी पनि भएन । अनि, मैले उनकै कार्यकक्षलाई अड्डा बनाएँ । आरामदायी सोफामा ल्यापटप फिजेर स्टोरी तयार गरियो । बिहान साढे ९ बजे भेट्ने समय दिएका शर्मा ढल्किँदै ३ बजेतिर आइपुगे । उनले मेरो तीनपुस्ते नै सोधे । पढाइ-लेखाइ, घर-परिवारको अवस्था, सुख-दुःखका कुरा गरे । मैले सोधेका अधिकांश प्रश्नमा भने 'बाबु ! विषय एकदम कठिन छ, पछि लेख्दा हुन्छ नि' भन्दै पन्छिए । स्टोरी तयार भइसकेको थियो, उनको प्रतिक्रिया रेकर्ड गरें । बिहानै बोलाएर ढिला आउने र आएपछि पनि अरू नै विषयमा अलमल्याउन खोजे पनि उनको रणनीति सफल भएन ।

गोपाल पराजुली : गोपाल पराजुलीले न्यायाधीश र प्रधानन्यायाधीश बन्न, कार्यकाल लम्ब्याउन अचाक्ली गरे । न्यायाधीश हुँदा उनले गरेका र प्रधानन्यायाधीश भइसकेपछि उनी अनुकूलका इजलासका आदेश/फैसलाले पनि उनको चरित्र उदांगो भइसकेको छ । सुरुमा उनले कानुन व्यवसायीको ठूलै जमाततलाई वरिष्ठ अधिवक्ताको उपाधि बाँडेर झ्याली पिटाए । सञ्चारकर्मीसँग पनि व्यक्तिगत सम्बन्ध राख्न चाहे । उनका आफन्त, सहयोगी कर्मचारीहरू 'कति खेदेको, सहयोग गर्नुपर्‍यो, मिलेर काम गर्नुपर्‍यो' भन्थे । तर, सर्वोच्च अदालतको ढोकामा भने पत्रकारलाई तगारो थियो । अरू नाममा अदालत पस्न सजिलो तर पत्रकार भनेपछि कडाइ । जो-कोही जान पाउने खुला इजलासमा पत्रकारलाई नियन्त्रण गरियो । उही लोकमान शैली अदालतमा पनि देखियो । यस्तै अँध्यारो कालखण्ड विगतमा **दामोदरप्रसाद शर्मा** प्रधानन्यायाधीश हुँदा बेहोरिएको थियो । ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

NIC ASIA
एन आई सी एशिया बैंक लि.

"सर्वाधिक उच्च ब्याज,
सुन्दै गज्जब लाग्ने
सुविधाहरुको साथ"

मनिषा कोइराला

का.नि.द.नं. १०४/०५६/५७ म.के.ह.नि.का.द.नं. २/०५७/५८

साथीको साथ पाए पछि अब हुन्छ फाइदै फाइदाको बहार

प्रिमियम समुन्नति बचत खाता

- देशभरिका कुनै पनि बैंकको कुनै पनि ATM बाट जति पटक पनि नि:शुल्क रकम निकाल्न सकिने
- NTC वा Ncell को रु. १०० बराबरको रिचार्ज कार्ड / Top Up सुविधा
- मासिक ब्याज भुक्तानी
- Home Banking सुविधा
- रु. ५ लाखमा नबढ्ने गरि खातामा रहेको मासिक औसत मौज्दातको ५ गुणासम्मको दुर्घटना बीमा
- न्यूनतम मौज्दात रु. १,००० मात्र
- नि:शुल्क Debit/Credit Card, Internet/Mobile Banking, ABBS सेवा र Demat खाता
- नि:शुल्क Good for Payment चेक तथा Balance Certificate
- बार्षिक लकर शुल्कमा ५०% छुट (उपलब्धताको आधारमा)
- रिटेल लोनको प्रशासकिय शुल्कमा बिशेष छुट
- विदेशी मुद्रा कारोबारमा विशेष सहुलियत
- Dollar Card जारी गर्दा विशेष छुट

८%
वार्षिक ब्याजदर

सिमित अवधिको लागि मात्र

*शर्तहरु लागू हुनेछन् ।

विस्तृत जानकारीका लागि "SAVE" टाईप गरी ३४००८ मा SMS वा नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस्।

www.nicasiabank.com
Toll Free No: 1660-01-77771

बैंक पनि, साथी पनि